# यौन शोषणका लागि महिला तथा बालिका ओसारपसार तथा बेचबिखन

# अपराध सम्बन्धी अनुसन्धान दिग्दर्शन


कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)

रातोपुल, काठमाडौं, फोन नं. ४७१७६७

## सम्पादन मण्डल

श्री युवराज संग्रौला, संयोजक, सेलर्ड
श्री किशोर शिलवाल, निर्देशक, सेलर्ड
श्री चुडाबहादुर श्रेष्ठ, बरिष्ठ प्रहरी उपरीक्षक, नेपाल प्रहरी
श्री दूर्गा सिंह, प्रहरी निरीक्षक, महिला सेल, नेपाल प्रहरी
श्री गीता पाठक संग्रौला, अधिवक्ता
श्री राममणी गौतम, अधिवक्ता
श्री रचना श्रेष्ठ, अधिवक्ता
श्री निशा फैंजु

## विशेष सहयोग

श्री प्रकाश के.सी., अधिवक्ता
श्री अञ्जन कुमार दाहाल, अधिवक्ता
श्री रुद्र खरेल, उप-प्राध्यापक, त्रि.वि.वि.
श्री लक्ष्मण खड्का
श्री रामहरी सापकोटा

## लेखा तथा व्यवस्थापन

श्री राजनकुमार के.सी.
श्री जयविक्रम विष्ट

## ग्राफिक्स डिजाइन तथा लेआउट

श्री महेश्वर फुयाल
श्री भीमप्रसाद चिमरिया
**के.टी.एम. सोलुसन**
गौशाला, काठमाडौं


| | | |
|---|---|---|
| **प्रकाशन** | : | **सेलर्ड** |
| **प्रतिलिपी अधिकार ©** | : | **कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)** |
| **आर्थिक सहयोग** | : | **युनिसेफ नेपाल** |
| **प्रकाशन साल** | : | २०५९ |
| **प्रकाशन प्रति** | : | १००० |

# अनन्तराम भट्टराई

**प्रहरी अतिरिक्त महानिरीक्षक**

कार्यालय : ४१५६०२
निवास : ४७३५९०
फ्याक्स : ४१५५९४

**प्रहरी प्रधान कार्यालय**
नक्साल, काठमाडौं


## मन्तव्य

महिला तथा बालबालिका बेचबिखन तथा यौन शोषण जस्तो गम्भीर सामाजिक अपराधको रोकथाम, अनुसन्धान तथा नियन्त्रण गर्ने कार्यलाई अझ प्रभावकारी बनाउनेतर्फ सोच राखी कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) ले अपराध अनुसन्धान अभियोजन तथा न्यायिक कारबाही सम्बन्धी दिग्दर्शन प्रकाशनले यस समस्याको निराकरण पक्षमा प्रहरी तथा सम्बद्ध सबै निकायलाई सबल बनाउने तथा व्यावसायिक सहयोग पुऱ्याउने छ भन्नेमा म आशावादी छु । यस दिग्दर्शन निर्माण कार्यमा सहयोग पुऱ्याउने छ भन्नेमा म आशावादी छु । यस दिग्दर्शन निर्माण कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूमा तथा संस्थाहरूमा हार्दिकता प्रकट गर्दै यसको लक्षित उद्देश्यहरू प्राप्ति होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**अनन्तराम भट्टराई**
**प्रहरी अतिरीक्त महानिरीक्षक**

# प्रकाशकीय

सदियौंदेखि चल्दै आएको सामाजिक मान्यता, गरीबी तथा मानवीय नैतिकतामा आएको गिरावटका कारण हाम्रो समाजमा महिला तथा बालिकाहरू बेचबिखन / ओसारपसारको कार्य दिनानुदिन बढ्दै गई एउटा गम्भीर सामाजिक अपराध र जटिल सामाजिक समस्याको रूपमा रहिआएको छ । विभिन्न अनुसन्धान र तथ्यांकहरूबाट प्राप्त जानकारी अनुसार नेपालबाट भारतमा मात्र दुई लाख महिला तथा बालिकाहरूको वेश्यावृत्तिमा संलग्न गराउनका लागि लगिएको अनुमान गरिएको छ भने वार्षिक रूपमा ५ देखि ७ हजार महिला तथा बालिकाहरूलाई यौन शोषणका लागि लगिने गरिएको अनुमान गरिएको छ ।

उपर्युक्त पृष्ठभूमिलाई मध्यनजर राखी कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) ले विगत ५ वर्षदेखि महिला तथा बालिकाहरू बेचबिखन / ओसारपसार विरूद्धमा प्रभावित समुदायसम्म पुगी वास्तविक कारणहरू पत्ता लगाई रोकथामका लागि विभिन्न कार्यक्रमहरू समेत संचालन गर्दै आएको छ । यसै सन्दर्भमा गरिएको "फौजदारी न्याय प्रणालीमा महिलाहरूको पहुँच" विषयक एक सर्वेक्षण प्रतिवेदनबाट महिलाहरू पीडित भएका जिउ मास्नेबेच्ने, बलात्कार जस्ता अपराधहरूको अनुसन्धान, अभियोजन र सुनुवाइको क्रममा एउटा पीडित महिला बारम्बार पीडित हुन परेको तथ्यहरू फेला परेका छन् ।

प्रजातान्त्रिक मूल्य र मान्यतामा आधारित कानूनको शासनलाई अपनाएको राज्यले अन्तर्राष्ट्रिय समुदायमा व्यक्त गरेका प्रतिबद्धताहरूलाई पूर्वाग्रह नराखी हाम्रो आफ्नो न्याय प्रणालीमा प्रयोग गर्दै फौजदारी न्याय प्रणालीलाई समय सापेक्ष र दिगो जनविश्वासमा आधारित बनाउनु आजको आवश्यकता हो ।

यसै कुरालाई दृष्टिगत गरी सेलर्डले महिला तथा बालिकाहरूको बेचबिखन / ओसारपसारसँग सम्बन्धित अपराधको अनुसन्धान, अभियोजन तथा सुनुवाइको सिलसिलामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरूलाई फौजदारी न्याय प्रणालीभित्र यथेष्ट अभ्यास गर्दै यो गम्भीर सामाजिक अपराधलाई नियन्त्रण गर्न यो दिग्दर्शन प्रकाशन गरिएको हो ।

मूलतः यो दिग्दर्शन प्रकाशन गर्नुका उद्देश्यहरू निम्न रहेका छन् :-

(१) नेपालभित्र र बाहिर हुने गरेका यौन शोषणका लागि हुने चेलीबेटी बेचबिखनका घटनाहरू क्रमशः घटाउँदै लैजाने ।

(२) सरकारी वकिल र न्यायाधीशको कार्यविधिको स्वच्छता बारे राम्रो समझदारी विकसित गर्ने र बेचबिखनबाट पीडित व्यक्तिहरूलाई निष्पक्ष कारवाहीको सुनिश्चित गर्ने ।

(३) महिला बेचबिखन अपराधको तहकिकात तथा पीडितको प्रतिरक्षा गर्ने कार्यका सम्बन्धमा सरकारी वकिललाई संवेदनशील बनाउने ।

(४) बेचबिखन अपराधमा आउने जटिल समस्या प्रति सरकारी वकिल र न्यायाधीशका साथै पीडितका कानून व्यवसायीलाई सक्षम तथा सवल बनाउने ।

(५) नीति निर्माणकर्ता, प्रहरी, सरकारी वकिल, वकिल र न्यायाधीशहरूलाई चेलीबेटी बेचबिखन अपराधका साथै सम्बन्धित कानूनहरूमा संवेदनशिल बनाउने साथै विभिन्न कार्यरत संस्थाहरूको

संयुक्त प्रयासको प्रक्रियालाई अभिवृद्धि गर्ने ।

(६) बेचबिखनका मुद्दाहरूको अनुसन्धान सम्बन्धी वर्तमान अवस्थालाई अझ प्रभावकारी बनाउने साथै सो मुद्दाहरूको प्रभावकारी तवरबाट अभियोजन कार्य गर्नमा मद्दत पुऱ्याउने ।

(७) बेचबिखनका पीडितहरूले स्वच्छ र प्रभावकारी न्याय अदालतबाट प्राप्त गर्न सहायता गर्ने ।

यो दिग्दर्शन फौजदारी न्याय प्रणालीसँग आबद्ध सबै निकायहरूका प्रतिनिधिहरू एकै ठाउँमा बसी व्यापक सम्वाद र छलफलपछि तयार भएको हो । यो दिग्दर्शनमा मूलतः फौजदारी न्याय प्रणालीभित्र जिउ मास्नेबेच्ने अपराधको कार्यविधिगत पक्षहरूलाई समेटिएको छ । यस दिग्दर्शनमा नेपाल अधिराज्यको संविधान, २०४७, अन्य राष्ट्रिय कानूनहरू र राज्य प्रतिबद्ध भएको अन्तर्राष्ट्रिय कानूनहरूका न्यूनतम मापदण्डहरूलाई समेत समेट्ने प्रयास गरिएको छ । यसको अलावा सम्मानित सर्वोच्च अदालतले गरेको व्याख्या एवम् यस्ता कार्यविधि पालन गर्दा सम्बन्धित अधिकारीले पालन गर्नुपर्ने राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मापदण्डहरू समेत यस दिग्दर्शनमा समावेश गर्ने प्रयास गरिएको छ ।

यस बेचबिखन अपराधको अभियोजन तथा न्यायिक कारवाही सम्बन्धी दिग्दर्शन तयार गर्न सहयोग गर्ने श्री रामकृष्ण तिमिल्सिना (सह रजिष्ट्रार - सर्वोच्च अदालत) श्री चेतनाथ घिमिरे (सह–न्यायाधिवक्ता - महान्यायाधिवक्ताको कार्यालय), श्री द्रोणराज रेग्मी (सह–न्यायाधिवक्ता - महान्यायाधिवक्ताको कार्यालय), श्री प्रकाश ढुंगाना (जिल्ला न्यायाधिवक्ता - जिल्ला सरकारी वकिलको कार्यालय, ललितपुर), श्री दुर्गा सिंह (प्रहरी निरीक्षक - नेपाल प्रहरी महिला सेल, ललितपुर) लाई उहाँहरूको अमूल्य योगदानको लागि हार्दिक धन्यवाद दिन चाहान्छु । साथै सेलर्डकी श्री गीता पाठक संग्रौला, श्री राममणि गौतम, श्री रचना श्रेष्ठ र श्री निशा फैजुले लेखन कार्यमा सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद दिन चाहन्छु । साथै श्री किशोर सिलवाल (निर्देशक, सेलर्ड), श्री प्रकाश के.सी., श्री अञ्जन कुमार दाहाल, श्री चूडाबहादुर श्रेष्ठ (बरिष्ठ प्रहरी उपरीक्षक) ज्यूले यस दिग्दर्शनको सम्पादन गर्नुका साथै काठमाडौं स्कूल अफ ल एवं नेपाल ल क्याम्पसका उप-प्राध्यापक श्री रूद्र खरेलज्यूले भाषा शुद्धाशुद्धि हेरिदिनुभएकोमा हार्दिक आभार व्यक्त गर्दछु । दिग्दर्शनलाई अन्तिम रूप दिन कम्प्युटर टाइप र सेटिङ समेत गरी महत्त्वपूर्ण योगदान गर्ने श्री महेश्वर फुयाल र श्री भिम प्रसाद चिमरिया प्रति पनि आभार व्यक्त गर्दछु । आर्थिक व्यवस्थापन कार्यलाई कुशलतापूर्वक निर्वाह गर्ने सेलर्डका लेखा तथा प्रशासन अधिकृत श्री राजन कुमार के.सी., श्री जयविक्रम विष्ट प्रति निजहरूको जिम्मेवारीपूर्ण तथा व्यावहारिक कार्यशैलीको लागि धन्यवाद व्यक्त गर्दछु । साथै, सम्पूर्ण सेलर्ड परिवार र काठमाडौं स्कूल अफ ल परिवारले यस दिग्दर्शन निर्माण कार्यमा सहयोग पुऱ्याउनुभएकोले धन्यवाद दिन चाहन्छु ।

अन्तमा, यो निर्देशिकाको निर्माण, अनुशिक्षण आदि सम्पूर्ण कार्यक्रमलाई आर्थिक सहयोग उपलब्ध गराउने युनिसेफ नेपालप्रति हार्दिक आभार व्यक्त गर्दछु । युनिसेफ नेपालका Ms Noriko Ezumi (Project Officer -Child Protection and Education Section), श्री दत्तात्रेय रायज्यू लगायत युनिसेफका अन्य कर्मचारीहरू प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्तमा, दिग्दर्शन अपेक्षित उद्देश्यहरू पूरा गर्न सफल हुन्छ हुँदैन ? यस भित्र रहेका कमी कमजोरीहरू हटाई यसलाई अझै उपयोग र समय सापेक्ष बनाउन के गर्नु पर्दछ ? प्रबुद्ध पाठकहरूबाट सुझावको अपेक्षा राखेका छौं । धन्यवाद ।

**यूवराज संग्रौला**
संयोजक
सेलर्ड

# विषय सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
| --- | --- | --- |
| **१.** | **महिला तथा बालिकाहरूको बेचबिखन** | **१** |
| | ओसारपसार तथा बेचबिखनको समस्या | १ |
| | अपराधको परिभाषा | २ |
| | ओसारपसार बेचबिखन कसरी हुन्छ | ६ |
| | यौन शोषणका लागि हुने बेचबिखन पश्चात् महिलाहरूमाथि पर्ने असर | ७ |
| | बेचबिखनको स्थिति | ७ |
| | महिला तथा बालिकाको ओसारपसार एवं बेचबिखनको समस्या ..... | ८ |
| **२.** | **नेपालमा महिलाउपर हुने शोषणका विरूद्धमा लागू हुने कानूनी ...** | **१३** |
| | क) राष्ट्रिय कानून | १३ |
| | संविधान | १३ |
| | मुलुकी ऐन जीउ मास्ने बेच्नेको महल | १३ |
| | जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण ऐन) | १४ |
| | जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण गर्न बनेको प्रस्तावित विधेयक) | १५ |
| | बालबालिका सम्बन्धी ऐन | १७ |
| | केही सार्वजनिक (अपराध र सजायँ ऐन) | १८ |
| | ख) महिला तथा बालिकाको बेचबिखन तथा अन्य शोषणका विरूद्धमा .... | १९ |
| | जीउ मास्ने बेच्ने तथा वेश्यावृत्तिको शोषण दमनका लागि .... | १९ |
| | मानव अधिकारको विश्वव्यापी घोषणापत्र | २० |
| | महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी | २१ |
| | यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार तथा दण्ड .... | २२ |
| | बाल अधिकार सम्बन्धी महासन्धी | २३ |
| | ग) अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धता | २३ |
| | बेइजिङ प्रतिवद्धता | २४ |
| | घरेलु हिंसा उन्मुलन सम्बन्धी घोषणापत्र | २४ |
| | सार्क | २५ |
| | घ) राष्ट्रिय नीति | २८ |
| | महिला तथा बालिकाहरूको बेचबिखन सम्बन्धी फौजदारी कार्यविधि | २९ |
| **३)** | **प्रहरी संगठन** | **२९** |
| | उजुरी सम्बन्धी व्यवस्था | ३१ |
| | (क) महिला तथा बालबालिकाहरूको बेचबिखन सम्बन्धी अपराधको बारेको .... | ३१ |
| | (ख) पीडितले अदालतसमक्ष गरिने वयान र यसको प्रमाणीकरण | ३८ |

(ग) पीडितको वयानमा संरक्षकको रोहवर सम्बन्धी कानुनी कार्यविधि ३९
(घ) पीडितको वयानको प्रामाणीक महत्व सम्बन्धी कानुनी व्यवस्था र यसको ... ४०

**अनुसन्धानसम्बन्धी व्यवस्था** ४२
(क) उजुरीउपर अनुसन्धान तहकिकातसम्बन्धी जिम्मेवारी र यसमा प्रहरी एवं ... ४२
(ख) सवुद प्रमाण संकलन सम्बन्धी कानुनी कार्यविधि ४५
(ग) अभियुक्त तथा संकित व्यक्तिको खोजी एवं पक्राउसम्बन्धी कार्यविधि ४६
(घ) अभियुक्तसँग वयान लिंदा अपनाउनुपर्ने कार्यविधि ४८
(ङ) खानतलासी सम्बन्धी कार्यविधि ५२
(च) सनाखतसम्बन्धी व्यवस्थाहरू ५४
(छ) अभियुक्तलाई हिरासतमा लिने र म्याद थप सम्बन्धमा अपनाउनुपर्ने कार्यविधि ५६
(ज) अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न पाइने अवधि सम्बन्धी ... ५६
(झ) अनुसन्धान तहकिकातका सम्बन्धमा प्रतिरक्षी कानून व्यवसायीले ध्यान ... ५७
(ञ) अनुसन्धान अधिकृतले पेश गर्नुपर्ने राय सम्बन्धी कानूनी व्यवस्था ५८
(ट) सरकारी वकिलको सवुद प्रमाण थप संकलन गर्न निर्देशन दिन सक्ने ६०
५) साक्षी परीक्षणमा प्रहरीको भूमिका ६१

**परिशिष्टहरू :**
१) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ ६७
२) मुलुकी ऐनको जीउ मास्ने बेच्नेको महल ७०
३) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) गर्न बनेको विधेयक ७१
४) नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू ७८
५) प्रहरीको आचरण ७९
६) Code of Conduct for Law Enforcement Officials ८२
७) अनुगमन अधिकृतको काम, कर्तव्य तथा जिम्मेवारी ८६
८) सुपरीवेक्षण अधिकृतको काम, कर्तव्य तथा जिम्मेवारी ८७

**अनुसूचीहरू**
१) जाहेरी दरखास्तको ढाँचा ८८
२) दरखास्त वा सूचनाको भरपाई ८९
३) अपराध दर्ता कितावको ढाँचा ९०
४) घटना विवरण कागजको ढाँचा ९१
५) वरामदी/खानतलासी मुचुल्काको ढाँचा ९२
६) पक्राउ पूर्जीको ढाँचा ९३
७) थुनुवा पूर्जीको ढाँचा ९४

# यौन शोषणका लागि महिला तथा बालिका ओसारपसार तथा बेचबिखन

# अपराध सम्बन्धी अनुसन्धान दिग्दर्शन

# महिला तथा बालिकाहरूको
# बेचबिखन

## ओसार पसार एवम् बेचबिखनको समस्या

नेपालमा महिला तथा बालिकाहरूको बेचबिखन एक गम्भीर समस्याको रूपमा बढ्दै गएको छ। वर्षेनी हजारौं महिला तथा बालिकाहरूका यौनशोषणका निम्ति भारत तथा अन्य मुलुकहरूमा बेचबिखन भइरहेको तथ्य सबैका जानकारीमा छ। विगतमा नुवाकोट, सिन्धुपाल्चोक, मकवानपुर आदि जिल्लाहरूमा मात्र सीमित रहेको यो समस्या हाल नेपालका २६ जिल्लाहरू प्रभावकारी रहेको कुरा श्री ५ को सरकारले समेत पहिचान गरी सकेको छ।

भारतमा मात्र करीब २ लाख नेपाली महिलाहरूलाई यौन बजारमा संलग्न गराइएका छन् भन्ने अनुमान गरिएको छ। भारतको मुम्बई, दिल्ली, पुना, कोलकाता तथा अन्य शहरहरू यौन बजारका लागि प्रख्यात छन्। भारतका विभिन्न शहरहरूमा यौनबजार व्यापक रूपमा बढेको छ। भारतीय यौन बजारमा नेपाली महिलाहरूको मागमा बृद्धि भएको हुँदा पनि नेपालबाट बढी महिलाहरू यौनशोषणका लागि बेचबिखनका शिकार भइरहेका छन्। विगत केही वर्षको प्रवृत्तिलाई हेर्ने हो भने कम उमेरका बालिकाहरूको ओसारपसार तथा बेचबिखन व्यापक रूपमा बढेको देखिन्छ।

***चेलीबेटी बेचबिखन विरुद्ध चेतना अभिवृद्धि तथा कानुनी उपचार जानकारी पुस्तिका, सेलर्ड***

सन् १९८९ मा Indian Health Organization मा डा. गिलिडाले भारतबाट प्रकाशित Times of India मा भारतीय यौनव्यापार गृहहरूमा १,००,००० नेपाली महिला तथा बालिकाहरू कार्यरत रहेको जानकारी दिएका थिए। यस प्रतिवेदनले नेपाली समाजका हरेक पक्षलाई झक झकाएको थियो।

*Indian Health Organization as quoted in Times of India Jan. 2, 1989, New Delhi, India)*

नेपाल सरकारले यस सम्बन्धमा तत्काल प्रतिक्रिया जनाउँदै त्यस्ता महिला तथा बालिकाहरूको संख्या २,००,००० सम्म हुन सक्ने जनाएको थियो। यस सम्बन्धमा कार्यरत केही नेपाली तथा भारतीय गैरसरकारी संस्थाहरूको भेलामा यो संख्या १,५३,००० रहेको बताइएको थियो।

*Gauri Pradhan, 'Road to Bombay, Invoice of Child Worker, Issue Dec. 1992, Ktm.*

नेपाली महिला एवम् बालिकाहरू भारतको विभिन्न शहरहरूमा मात्र नभई हाल खाडी राष्ट्रहरूमा समेत बेचबिखन भई यौनशोषणबाट पीडित भएका छन् भन्ने प्रशस्त समाचारहरू सुन्न पाइन्छ। वेश्यालयमा विभिन्न व्यक्तिहरूसँग यौन सम्पर्क गर्नु पर्ने बाध्यता साथै स्वास्थ्यप्रतिको अज्ञानताले गर्दा यस्ता धेरै महिला एवम् बालिकाहरू एड्स जस्तो प्राणघातक रोगका शिकार हुनपुग्छन्। एड्स जस्तो रोग लागेपश्चात् उनीहरूलाई वेश्यालयबाट निकालिन्छ र उनीहरू नेपाल फर्किन्छन्।

***कविता निरौला, प्रहरी दिवस, २०५६, पेज नं. ३४***

यो एक प्राणघातक सरुवा रोग हो जसको औषधि अहिलेसम्म पत्ता लागेको छैन । नेपालले HIV/AIDS जस्तो प्राणघातक रोगको महामारीले एउटा अर्को समस्याको सामना गर्नु परेको छ । विभिन्न पत्रपत्रिकाको माध्यमबाट सार्क राष्ट्रहरूमा HIV/AIDS बाट प्रभावित राष्ट्रहरूमध्ये नेपालले दोस्रो स्थान ओगटेको प्रचार प्रसारमा आइरहेको छ । राष्ट्रिय यौन नियन्त्रण केन्द्रका अनुसार नेपालमा सन् १९८८ मा ४ जना व्यक्तिलाई HIV/AIDS भएको पत्ता लागेको थियो भने १९९९ मे ३१ सम्म १२८७ जनालाई यो रोग लागेको थाहा भएको छ । तथापि विभिन्न गैरसरकारी संस्थाहरूको आंकडाअनुसार नेपालमा HIV/AIDS बाट पीडित रोगीहरूको संख्या ३०,००० भएको अनुमान गरिएको छ ।

## अपराधको परिभाषा (Definition of Crime)

वर्तमान सन्दर्भमा भन्ने हो भने सामान्यतः समाजमा बहुमतले नरुचाउने र निन्दित कार्य वा जुन कार्य गरी अरुलाई दुःख कष्ट पुग्न जान्छ त्यो नै अपराध भनी मानिन्छ । केही समाजशास्त्रीहरूले अपराध शब्दलाई "औचित्य तथा न्यायको नियमबाट विपरीत कार्य नै अपराध हो" तथा "अपराध एक अनैतिक तथा समाज विरोधी कार्य हो" भनेर पनि परिभाषित गरेको पाइन्छ । तर व्यावहारिक दृष्टिकोणबाट हेर्दा त्यो कार्य नै अपराध मानिन्छ जुन कार्य गर्नु त्यस समाज वा राष्ट्रको कानुनले वर्जित गरेको छ र त्यस्तो कार्य वापत सजाय हुने व्यवस्था गरेको छ ।

जबसम्म कुनै कार्यलाई सम्बन्धित देश वा समाजको कानुनले नै अपराध हो भनी स्पष्ट रूपमा किटान गर्दैन तबसम्म त्यस्तो कार्यलाई अपराध भन्न सकिन्न । अतः कानुनी परिभाषा अनुसार "कुनै त्यस्तो कार्य वा अवज्ञा जसले दण्ड सम्बन्धी कानुनी व्यवस्थालाई तोडेको हुन्छ त्यसलाई नै अपराध भनिन्छ । विभिन्न अपराधशास्त्रीहरूले हत्या, जबर्जस्ती करणी, राजकाज अपराध, खुनडाँका, महिला तथा बालबालिकाको बेचबिखन आदिलाई गम्भीर र जघन्य प्रकृतिका अपराध मानेका छन् ।

***यौनशोषणका लागि हुने ओसारपसार एवम् बेचबिखनमा त्यस्ता अपराधमा संलग्न आपराधिक कार्य गर्ने व्यक्तिको "मानसिक तत्परता" सबैभन्दा महत्वपूर्ण तत्वको रूपमा रहन्छ । अतः निजले कुनै महिला वा बालिकाको ओसारपसार गर्दा यौनशोषणका लागि बेचबिखन गर्न लागेको हो वा होइन भन्ने कुराको वस्तुगत निर्क्यौलमा नै न्यायको आधार विद्यमान रहन जान्छ ।***

### ओसारपसार एवम् बेचबिखनको परिभाषा

यौनशोषणका लागि महिलाको ओसार पसार भन्नाले, यौन बजारमा यौन व्यापार गर्ने गराउने प्रयोजनका लागि उनीहरूलाई आफ्नो बसोबास भएको स्थानबाट अर्को स्थानमा सार्नु हो । ओसारपसार विभिन्न प्रयोजनका लागि हुन सक्दछ । तर नेपालमा यौनशोषणका लागि हुने ओसारपसार मूल समस्याको रूपमा रहेको छ । नेपालमा कानुनले यसलाई अपराधको रूपमा परिभाषित गरेको छ । यस्तो अपराधमा आपराधिक कार्य गर्ने व्यक्तिको "मानसिक तत्वको" मूल भूमिका रहन्छ ।

जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ यस्तो कार्यलाई अपराधको रूपमा परिभाषित गर्ने मुख्य कानुन हो । यस ऐनले कुनै पनि उद्देश्यले मानिसको बेचबिखन गर्ने, बेचबिखन गर्न विदेश लैजाने र जुनसुकै किसिमले महिलाको इच्छा विरूद्ध वेश्यावृत्तिमा लगाउने कार्यलाई जीउ मास्नेबेच्ने कार्य भनी परिभाषित गरेको छ । अर्थात् प्रचलित नेपाली कानुनमा यौनशोषणमा संलग्न गराउने उद्देश्यले कसैलाई देह व्यापारमा संलग्न गराउने कार्य जिउ मास्नेबेच्ने कार्य हो भन्दै अपराधको रूपमा स्वीकार गरेको छ । साथै, यौनशोषणका उद्देश्यले बेचबिखन गर्नु र बेचबिखन गर्न विदेश लैजानुलाई समेत जिउ मास्नेबेच्ने

अपराधको परिभाषाभित्र राखेको छ। तर कसैलाई विदेशमा अन्य उद्देश्यले लगी बेचबिखन गरेको छ र उसको श्रम शोषण, स्वतन्त्रताको अपहरण वा मानव अधिकारको हनन भएको छ भने पनि त्यस्तो कार्यलाई जिउ मास्नेबेच्ने कार्य भनिन्छ र यो जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन अन्तर्गत नै पर्ने गर्दछ।

ऐनले विदेश लैजानुलाई बेचबिखनका लागि ओसारपसार गरेको कसुरको मूल तत्त्व मानेको छ। अदालतले समेत यसै तत्त्वलाई मुख्य तत्त्वको रूपमा हेरेको छ। निम्न दुई वटा नजिरले उक्त कुरालाई स्पष्ट पारेको छ।

बिक्री गर्ने नियतले विदेश लगेको भन्ने छ तर बिक्री गरेको भन्ने देखिंदैन। बिक्री गर्न नपाउँदै अभियुक्तहरू पक्राउ परेको पनि नदेखिएको धनमाल लिई होटलमा छोडी गएको भन्ने मात्र मिसिलबाट देखिंदा प्रतिवादीहरूले जिउ मास्नेबेच्नेको १ नं. को कसुर गरेको भन्ने नसकिने।

*श्री ५ को सरकार विरुद्ध कौसिला विश्वकर्मा, ने.का.प. २०४५, नि.नं. ३६०४, पृ. १०१५*

जिउ मास्नेबेच्ने महलको १ नं. मा कसैले कुनै मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई फकाई नेपाल सरहद बाहिर लैजान वा लगी बिक्री गर्न प्रतिबन्ध लगाएको केटीलाई बेच्न लगेको र बेच्न नपाउँदै पक्राउ गरेको भन्ने देखिन नआएको हुँदा प्रतिवादीहरूले आरोपित कसुर गरेको नठहर्ने।

*श्री ५ को सरकार विरुद्ध छक बहादुर तामाङ, ने.का.प. २०४५, नि.नं. ३६७०, पृ. १२६३*

सामान्य अर्थमा कुनै पनि मानिसलाई झुक्याई, ललाई फकाई वा धाकधम्की र बल प्रयोग गरी एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्ने कार्यलाई 'ओसारपसार' (Trafficking) भन्ने गरिन्छ र त्यही प्रक्रियामा गरिएका सौदाबाजीलाई बेचबिखन भन्ने गरिन्छ। कुनै पनि मानिसलाई गैरकानुनी ढंगबाट एक ठाउँबाट अर्को ठाउँमा लाने र तिनलाई देहव्यापार लगायत कुनै पनि कार्यको निम्ति बेचबिखन गर्ने कार्य केवल कानुनद्वारा निषेधित कार्य वा अपराध मात्र होइन, त्यस्तो कार्यले त्यस्तो कार्यबाट प्रभावित वा पीडित भएका महिला तथा बालिकाको मानव अधिकार समेत गम्भीर रूपमा उल्लंघन गर्दछ। अत: यस्तो कार्यलाई राज्यको कानुन विपरीत अपराधको रूपमा परिभाषित गर्नुका अतिरिक्त मानव अधिकारको प्रत्याभूत गर्ने अन्तर्राष्ट्रिय कानुन विरूद्धको समेत अपराध मानिन्छ।

*गौरी प्रधान, बाल सरोकार, असोज २०५८*

Global Alliance Agaist Trafficking in Women (GAATW) ले दिएको परिभाषा अनुसार - मानिसको ओसारपसार (Trafficking) को परिभाषाका सम्बन्धमा कुनै पनि व्यक्तिलाई ललाई फकाई, डराई धम्काई बल प्रयोग गरी बधुवा बनाई वा आफ्नै हैकममा प्रयोग गरी यौनशोषण वा अन्य जुनसुकै प्रयोजनको निम्ति भए तापनि एक ठाउँबाट अर्को ठाउँमा लग्नु बेचबिखन हो।

"All acts and attempted acts involved in the recruitment, transportation within or across the borders, purchase, sale, transfer, receipt or harboring of a person involving the use of deception, coercion (including the use or threat of force or the abuse of authority) or debt

**महिला बेचबिखन विरुद्ध भूमण्डलीय मैत्री संस्था GAATW को स्थापना अक्टोबर १९९४ मा भएको हो। यस संस्थाले आफूलाई महिला विरुद्ध हुने गतिविधिहरूलाई संयोजन गर्ने ध्येय राख्ने एउटा नारीवादी मैत्री संस्थाको रूपमा परिचित गराएको छ।**

bondage for the purpose of placing or holding such person, whether pay or not, in involuntary servitude (domestic, sexual or reproductive) in forced or bonded labour, or in slavery- like conditions in a community other than the one in which such person lived at the time of the original deception, coercion or debt bondage."

*महिला बेचबिखन विरूद्ध संयुक्त संस्था CATW एउटा विश्वव्यापी नारीवादी संगठन हो, जसले व्यावसायिक यौनशोषण र महिलाप्रति हुने दुर्व्यवहारलाई चुनौति दिइरहेको छ। वेश्यावृत्ति, पोर्नोग्राफी, यौन पर्यटन लगायत सबै प्रकारका महिला बेचबिखनमा अन्तर्राष्ट्रिय जगत्को ध्यान आकर्षित गर्न CATW को गठन भएको हो। सन् १९८८ देखि यस संस्थाले स्थानीय र क्षेत्रीय संस्थाहरूसँग मिलेर चेलीबेटी बेचबिखन सम्बन्धी अनेक क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना गरिसकेको छ।*

Coalition against Trafficking in Women (CATW) नामको संस्थाले दिएको परिभाषा अनुसार - "Trafficking is the recruitment and/or the transportation of persons by others using violence or the threat of violence, abuse of authority or dominant position, deception or other forms of coercion, for the purpose of exploiting them sexually or economically for the profit or advantage of others, such as recruiters, procurers, traffickers, intermediaries, brothel owners and other employers, customers, or crime syndicates."

*Integration of the Human Rights of Women and the gender perspective- Violence aginst women, Report of the special rapporteur Ms. Radhika Coomaraswamy*

संयुक्त राष्ट्रसंघद्वारा ओसारपसार एवम् बेचबिखनको बारेमा अध्ययन गरी प्रतिवेदन तयार पार्न नियुक्त विशेष प्रतिवेदक (Special Rapporteur) राधिका कुरामारास्वामीले निम्न परिभाषा ग्रहण गर्नुभएको छ - Trafficking in persons means the recruitment, transportation, purchase, and sale. Transfer, harboring, or receipt of persons: By threat or use of violence, abduction, force, fraud, deception or coercion (including the abuse of authority), or debt bondage, for the purpose of: placing or holding such person, whether for pay or not, in forced labor or slavery- like practices, in a community other than the one in which such person lived at the time of the original act described.

*European Convention को धारा २*

यूरोपियन मानव अधिकार महासन्धि (European Convention on Human Rights) ले ओपारपसार तथा बेचबिखनलाई निम्न अनुसार परिभाषित गरेको छ - “Trafficking in human beings means subjection of a person to the real and illegal way of other person by using violence or menaces or by abuse of authority or intrigue, especially with a view to the exploitation of prostitution, homes of sexual exploitation and assault or minors or trade in abandoned children. These forms of exploitation also include the production, sale or distribution of child-pornography material”.

*Indian Penal Code, Section 366*

भारतीय दण्ड संहिता अनुसार - Trafficking is kidnapping or abduction of a women with intent to marry her by force or to force her into illicit intercourse or to compel her directly or indirectly to go from a place for this purpose where the girl happens to be a minor even including her by any means to go from any place.

*Human Rights Standards for the Treatment of Trafficked Persons*

कुनै कार्यका लागि भर्ती गर्दा, सीमाभित्र र बाहिर ओसारपसार गर्दा, खरीद बिक्री, स्थानान्तरण गर्दा, धोका दिएर कुनै व्यक्तिलाई ग्रहण गर्दा, शक्ति वा अख्तियारको दुरूपयोग वा धम्कीको प्रयोग लगायतका जबर्जस्ती गरिने कार्यहरू वा कसैलाई ऋण बन्धनमा पारेर समातेर राख्ने, बिना तलब वा तलब सहित अनिच्छापूर्वक दासी बनाएर राख्ने (घरेलु, यौनदासी वा प्रजननको प्रयोजनका लागि) कार्यहरू तथा आफू शुरुको अवस्थामा रहेको समुदायभन्दा फरक समुदायमा कसैलाई जबर्जस्ती श्रम लुटेर, बँधुवा मजदुरको रूपमा वा दासतामूलक परिस्थितिमा राख्न बाध्य गराउने कार्यकलापहरू बेचबिखनको दायराभित्र पर्दछन्।

**Trafficking :** All acts and attempted acts involved in the recruitment, trasnportation within or across borders, purchase, sale, transfer, receipt or harbouring of a person involving the use of deception, coercion (including the use or threat of force or the abuse of authority) or debt bondage for the purpose of placing or holding such person, whether for pay or not, in involuntary servitude (domestic, sexual or reproductive), in forced or bonded labour, or in slavery - like conditions, in a community other than the one in which such person lived at the time of the original deception, coercion or debt bondage.

उल्लिखित सबै परिभाषाहरूको अध्ययन गर्दा मानव ओसारपसार तथा बेचबिखनको अपराधका निम्न विशेषताहरू देखिन्छन्।

(१) मानव ओसारपसार एवम् बेचबिखनको अपराधमा त्यस्ता अपराधबाट पीडित व्यक्तिको सहमतिको अभाव रहन्छ। अतः यस सम्बन्धी कुनै अपराधको निक्र्यौल गर्दा पीडित पक्षको सहमति वा मन्जुरी भएको नभएको भन्ने कुरा महत्वपूर्ण रहन्छ। अपराधको अनुसन्धान, अभियोजन वा न्यायिक निर्णय गर्न सम्भव हुँदैन।

(२) यौनशोषणका लागि गरिने ओसारपसार तथा बेचबिखनमा पनि अन्य किसिमका ओसारपसार तथा बेचबिखन जस्तै, हिंसा, डरत्रास, छलकपट, धम्की, प्रलोभन, झुक्यान, शक्तिको प्रयोग, अख्तियारको दुरूपयोग, धोका जस्ता तत्वहरू समावेश रहेका हुन्छन्।

(३) यौनजन्य कार्यमा संलग्नता, सो प्रयोजनका लागि एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण एवम् किनबेच पनि यौनशोषणका लागि गरिने ओसारपसार एवम् किनबेच सम्बन्धी अपराधका तत्त्वहरू हुन्।

(४) जबर्जस्तीपूर्वक वा धम्की, डरत्रास, शक्तिको प्रयोग, छलकपट आदिद्वारा यौन व्यापारको कार्यमा संलग्न गराउनु पनि अर्को महत्वपूर्ण तत्त्व हो ।

***बिना सहमति वा मन्जुरी व्यापारिक उद्देश्यले कसैलाई यौनजन्य कार्यमा संलग्न गराउनु तथा सो प्रयोजनका लागि कुनै एक स्थानबाट अर्को स्थानमा लैजानु वा किनबेच गर्नु मानव ओसारपसार तथा किनबेच सम्बन्धी अपराधको मूलभूत तत्व हो ।***

माथि छलफल गरिएका विभिन्न परिभाषाबाट अनुसन्धानकर्ता, अभियोजनकर्ता तथा न्यायिक निर्णयकर्ताले आफ्ना कार्य सम्पादन गर्दा मूलतः निम्न कुराहरू स्थापित गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

(क) कसैलाई निजको सहमति वा पूर्ण जानकारीका साथ कुनै एक स्थानबाट अर्को स्थानमा लगिएको हो वा होइन ?

(ख) यदि निजको सहमति, मन्जुरी वा जानकारी बिना स्थानान्तरण गरिएको हो भने कस्तो उपायको अवलम्वन गरिएको छ, जस्तै, छलकपट, धम्की, प्रलोभन डरत्रास, इत्यादि ।

(ग) यदि डरत्रास इत्यादि प्रयोग गरी स्थानान्तरण गरिसकिएको छ भने किनबेचको अवस्था स्थापित हुन बाँकी छ वा छैन ?

(घ) किनबेचको अवस्था स्थापित भइसकेको छ भने त्यस्तो किनबेच यौनशोषण वा अन्य कुन प्रयोजनको लागि भएको हो ?

(ङ) यदि यौनशोषणका लागि भएको हो भने यौनव्यापारमा संलग्नता गराउनका अतिरिक्त निजलाई कस्तो खालका व्यवहारहरू गरिएका छन् ? जस्तै, यातना दिने, खाना नदिने, थुनामा राख्ने, बलात्कार गर्ने इत्यादि ।

## ओसारपसार बेचबिखन कसरी हुन्छ ?

ग्रामीण क्षेत्रमा बसोबास गर्ने अशिक्षित र अनभिज्ञ महिला तथा बालिकाहरूलाई विभिन्न व्यक्तिहरूले विभिन्न प्रलोभनहरू देखाई फुक्याएर भारत लगायत अन्य राष्ट्रहरूमा पुऱ्याई यौन बजारमा लाग्न बाध्य गरिरहेका छन् । तर हाल आएर ग्रामीण क्षेत्रबाट मात्र बेचबिखनका लागि लैजाने नभई विभिन्न कामको सिलसिलामा गाउँबाट शहर आइपुगेका महिलाहरू तथा बालबालिकाहरू बेचबिखनका शिकार भएका तथ्यहरू व्यापक रूपमा देखापरेका छन् । विभिन्न महिला तथा बालिकाहरू गाउँबाट शहरमा कामको लागि आउने क्रममा व्यापकता आएको छ । शहरिया जीवनको आकर्षणले पनि वर्षेनी हजारौंका संख्यामा महिला तथा बालिकाहरू शहर आउने गर्दछन् । कामको सिलसिलामा गलैंचा कारखाना, रेष्टुरेन्ट र घरेलु कामदारको रूपमा कार्य गर्ने महिला तथा बालिकाहरूको बेचबिखन हुने गरेको तथ्य विभिन्न पत्रिकाहरू र गैरसरकारी संस्थाले पुष्टि गरेका छन् । यस्तो बेचबिखन विभिन्न किसिमबाट हुन्छ । राम्रो काममा लगाइदिने लोभ देखाएर जाली विवाह गरेर, नातेदारलाई भेट्न लैजाने बहाना बनाएर वा बढी रकमको लालच दिई फुक्याएर विदेश लाने गरेका घटनाहरू व्यापक रूपमा पाइएका छन् । धेरैजसो महिला तथा बालबालिका आफू बेचिँदै छौं भन्ने किञ्चित थाहा नै नपाई बेचिएका हुन्छन् । उनीहरू सजिलै दलालको फन्दामा पर्दछन् र बेचबिखनको शिकार हुन पुग्दछन् ।

***यूवराज संग्रौला,***
*Condemned to Exploitation "Trafficking of Girls and Women in Nepal", 2001*

यौनकोठीमा पुगिसकेपछि उनीहरूमाथि व्यापक यातना हुन्छ । ठाउँ नयाँ हुन्छ र भाषा पनि बेग्लै हुन्छ । अनजान शहरमा उनीहरूको सहायताको लागि कोही पनि हुँदैन । बारम्बारको बलात्कार र यातना पश्चात् उनीहरू जबर्जस्ती यौनव्यापार गर्नको लागि तयार हुनुपर्ने बाध्यता भारतका विभिन्न शहरहरूबाट फर्किएका महिलाहरूको भनाइबाट पुष्टि हुन्छ ।

## यौनशोषणका लागि हुने बेचबिखन पश्चात् महिलाहरू माथि पर्ने असर

### (१) वैयक्तिक स्वतन्त्रताको समाप्ति

संविधानको धारा १२(१) मा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भन्ने कुराको प्रत्याभूति गरिएको छ। तर यौनकोठीमा बेचिएकी महिलाले कुनै पनि किसिमले स्वतन्त्रताको उपभोग गर्न पाउँदिन। उनीहरूको विचार र अभिव्यक्तिमा स्वतन्त्रताको कुनै अस्तित्व रहँदैन। पीडित महिलाहरूका सम्पूर्ण इच्छा आकांक्षाहरूलाई पूर्ण रूपमा दवाइएको हुन्छ।

### (२) दासत्वपूर्ण जीवन

संविधानको धारा २० को उपधारा १ मा मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरूद्ध काम गराउन निषेध गरिएको छ। यस धाराले शोषण विरूद्धको हकको प्रत्याभूति गरेको छ। यौनशोषणका लागि बेचबिखन गरिएका महिला तथा बालिकाहरू यस व्यवस्थाका बाबजुद दासत्वपूर्ण जीवन निर्वाह गर्न बाध्य बनाइन्छन्। उनीहरूका धेरै किसिमका आधारभूत अधिकारहरू हनन् हुन जान्छन्। स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने हक लगायत आफ्नो विकास गर्न पाउने हक समेत कुण्ठित हुन जान्छ।

### (३) यातना

यौनकोठीमा महिला तथा बालिकालाई विभिन्न किसिमका यातनाहरूको शिकार बनाइन्छ। कुटपिट गर्नु, चुरोटले पोल्नु, लागू पदार्थ सेवन गराएर अनेकौं व्यक्तिसँग यौन सम्बन्ध गराउनु, अँध्यारो कोठामा बन्द गरिदिनु, सामूहिक बलात्कार गर्नु, भोकभोकै राख्नु जस्ता विभिन्न किसिमबाट यातना दिइन्छ। यौन व्यवसायमा संलग्न गराइएका महिला तथा बालिकालाई अमानवीय, क्रुर तथा तुच्छ व्यवहार गरिन्छ। उनीहरूको शरीर र जीवनलाई पूर्ण रूपमा बजारी वस्तुको रूपमा किनबेच गरिन्छ। यस्तो अवस्था स्वयम्ले उनीहरूको मानव अधिकार समाप्त पार्दछ।

चेलीबेटीहरूको देहव्यापारको समस्या नारीहरूको मात्रै समस्याको रूपमा हेर्नु साह्रै गलत कुरा हो। चेलीबेटी बेचबिखन सामाजिक जटिलता, हाम्रो सिंगो राष्ट्र र समाजसँग गाँसिएको समस्या हो।

## बेचबिखनको स्थिति

बेचबिखनको उद्देश्यले भइरहेको महिला तथा बालिकाको ओसारपसार जघन्य अपराध हुँदा हुँदै पनि यो निरन्तर बढ्दो अवस्थामा छ। यो समस्या पहिले केही सीमित जिल्लामा र केही समुदायमा मात्र सीमित थियो भने हाल यो समस्या नेपाल अधिराज्यभरि रहेको छ। भरपर्दो तथ्यांक प्राप्त गर्न गाह्रो भएतापनि कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) ले गरेको १४ जिल्लाको अध्ययनबाट नुवाकोटका १६ गाविस सिन्धुपाल्चोकका २४ गाविसबाट मात्र २,११६ बालिका तथा महिलाहरू हराइरहेको तथ्यांक देखापरेको छ। ती महिलाहरू अहिलेसम्म बेचबिखनको शिकार भइसकेको भन्ने अनुमान नातेदार र छरछिमेकीको रहेको छ। अन्य १२ जिल्लाको १८० गाविसमा १४८२ जना महिला तथा बालिकाहरू हराएको तथ्य पनि सर्वेक्षणले देखाएको छ। यो संख्या अत्यन्त सानो छ किनभने गाउँबाट लामो समयदेखि बेपत्ता भएका भनी पहिचान भएका महिला तथा बालिकाको संख्या मात्र ती गाविसहरूबाट समावेश गरिएको छ। यसरी हेर्दा गाविसहरूबाट अनुपातमा १६ जना महिला तथा बालिका बेपत्ता भएको स्थिति देखिन्छ। यसै अनुपातलाई आधार लिएर अनुमान गर्ने हो भने पनि अहिलेसम्म ६०,००० भन्दा बढी महिला तथा बालिकाहरू बेपत्ता पारिएका छन्। तर विगतका केही वर्षमा खासगरी काठमाडौं, पोखरा, विरगञ्ज, विराटनगर जस्ता शहरहरू ओसारपसार र बेचबिखनका केन्द्र बनेका छन् र हजारौं बालिकाहरू बेचबिखन भएका छन्, जसको न त कतै उजुरी हुन्छ न त खोजिनीति नै। अतः नेपालबाट बेचबिखन भएका महिला तथा बालिकाको संख्या लाख भन्दा धेरै माथि रहेको छ भनी सहज अनुमान गर्न सकिन्छ।

संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक (Special Rapportuer) राधिका कुमारास्वामीले सन् २००० मा तयार पारेको प्रतिवेदनमा नेपालबाट १ देखि २ लाख महिलाहरू भारतका विभिन्न स्थानमा वेश्यावृत्ति कार्यमा संलग्न रहेको र हाल अरब राष्ट्रमा पनि बढिरहेको अनुमान गरिएको छ ।

*माइती नेपाल २०५८ चेलीबेटी बेचबिखन विरुद्ध साझा राजनीतिक प्रतिबद्धता*

नेपाली महिला तथा बालबालिकाको बेचबिखनलाई एउटा सामाजिक समस्याको रूपमा हेर्ने विभिन्न अध्ययनहरू भएका छन् । चेलीबेटी बेचबिखनको व्यापकताले नेपालमा सरकारी र गैरसरकारी संस्था, सञ्चार माध्यम र दातृसंस्थाहरूको ध्यान आकृष्ट गरेको छ । यसरी बेचिनेमध्ये २०% भन्दा बढी चेलीहरू १६ वर्ष भन्दा मुनिका छन् र भारतीय यौन बजारमा कलिला उमेरका किशोरीहरूको माग बढिरहेकोले भविष्यमा यो प्रतिशत अझ बढ्ने अनुमान गरिएको छ । ८ वर्षदेखि १२ वर्षसम्मका बालिकाहरूलाई समेत बेचबिखनको उद्देश्यले भारत लैजाने गरेको देखिन्छ ।

*गौरी प्रधान, बाल सरोकार, २०५८ असोज*

बालबालिका र महिलाहरूको बेचबिखनको सवाल एक अन्तर्राष्ट्रिय समस्या पनि हो । यो एउटा देशभित्र मात्र सीमित छैन वा सीमाना जोडिएका दुई मुलुकहरूमा मात्र केन्द्रित छैन । यो समस्या सारा संसारभरि नै कुनै न कुनै रूपमा व्याप्त रहेको छ । तसर्थ बालबालिका र महिलाहरूको ओसारपसार र बेचबिखन कार्य महिला तथा बालिकाहरू विरुद्धको सामाजिक अपराध हुनाको साथै मानव अधिकारसँग गाँसिएका गम्भीर चुनौती पनि हो ।

## महिला तथा बालिकाको ओसारपसार एवम् बेचबिखनको समस्याका पछाडि रहेका कारणहरू

धेरै समय पहिलादेखि नेपाली समाजको आर्थिक विपन्नता समस्याको मूल कारण हो भन्ने परम्परागत र आधारहीन मान्यताले नेपालका नीति निर्माता, अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्यायिक निर्णयकर्ता, कार्यकर्ता र संस्थाहरूलाई समेत गम्भीर रूपमा प्रभावित पारेको छ । यस मान्यताको सजिलो र स्वाभाविक निष्कर्ष हुन्छ । गरिबीको कारणले बाबुआमाले नै छोरीहरूको बेचबिखन गर्दछन् । वास्तवमा यो अत्यन्त भ्रामक, असत्य र झुठो मान्यता मात्रै होइन गम्भीर रूपमा आपत्तिजनक मान्यता पनि हो । यस मान्यताले निम्न थप निष्कर्षहरू पेश गर्दछ ।

(१) गाउँघरमा गरिबीको व्यापकताले गर्दा आफ्नो आर्थिक अभावको पूर्ति गर्न बाबुआमाले छोरीहरूलाई स्वेच्छाले दलाल वा कोठीमा सुम्पिन्छन् ।

(२) गरीबीकै कारणले गर्दा पहाडको कठिन जीवनबाट मुक्ति पाउन बालिकाहरू महिलाहरू यौन व्यवसाय गर्न सहमत हुन्छन् ।

(३) ओसारपसार तथा बेचबिखन त्यस अर्थमा नेपालबाटै शुरु भएको नेपालीहरूले नै बढाएको समस्या हो ।

(४) यस समस्यामा यौनबजारका माफिया तथा अपराधी गिरोहको होइन, बाबुआमाको मुख्य हात छ ।

यौनशोषणका लागि ओसारपसार एवम् बेचबिखनको अपराधलाई गरीबीको उपज मान्ने कारणले नै यस समस्यालाई गम्भीर रूपमा विचार गर्न र सोही अनुरूप समाधान गर्नेतर्फ नीति निर्माण गर्न र कार्य गर्न अवरोध सृजना गरेको छ । अतः यस अपराधको बारेमा विचार गर्दा निम्न कारणहरू तर्फ विशेष ध्यान दिनु आवश्यक छ ।

(१) त्रुटिपूर्ण सामाजिक मान्यता : युगौंदेखि महिला एवम् छोरीहरूप्रति लिङ्गको आधारमा विभेद गर्ने परम्परा नेपालमा रहेको छ । यसले गर्दा छोरीहरूको शिक्षा, विकास र मानसिक परिवर्तनमा राष्ट्र, समुदाय र परिवारले किन लगानी गर्दैन । परिणामस्वरूप उनीहरू अज्ञान र अशिक्षित रहन्छन् । यस अज्ञानता र अशिक्षाले उनीहरूमा दलाल, छदम मित्र, पति, साथी आदिबाट सहजै प्रभावित हुन सक्ने जोखिम रहन्छ । यो नै बढ्दो समस्याको कारण हो । यस कारणतर्फ सामाजिक संस्था, इन्साफकर्ताले गम्भीर ध्यान दिनु पर्छ ।

(२) त्रुटिपूर्ण मान्यताकै कारणले स्कूल जाने उमेरका हजारौं बालिका घरेलु कामदार बन्दछन्, वा शहरमा घरेलु कामदार, कार्पेट बुन्ने कामदार, सडक कामदार आदिका रूपमा शहर आउँछन् । शहरमा सरकारले उनीहरूको सुरक्षाको प्रबन्ध गर्न नसक्दा जोखिम ग्रस्त अवस्थामा पुग्दछन् र यौन व्यापारीहरूको सम्पर्कमा आई उनीहरूको लोभलालच र प्रलोभनमा परी परिवारले थाहा नै नपाई विदेशिन्छन् ।

**शहरी क्षेत्र र ग्रामिण क्षेत्रमा बालबालिकाको कार्यबोझ (घण्टा/प्रतिदिन)**

| | ग्रामीण क्षेत्र | | शहरी क्षेत्र | |
|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला |
| **पहाडी क्षेत्र** | | | | |
| ६-९ वर्ष | २.९ | ४.५ | – | – |
| १०-१४ वर्ष | ४.४ | ७.७ | – | – |
| १५ वर्षभन्दा माथि | ८.७ | ११.२ | – | – |
| **हिमाली क्षेत्र** | | | | |
| ६-९ वर्ष | १.९ | ३.४ | ०.८ | १.४ |
| १०-१४ वर्ष | ४.१ | ७.० | १.६ | ४.० |
| १५ वर्षभन्दा माथि | ७.९१ | ०.६ | ७.१ | ८.८ |
| **तराई क्षेत्र** | | | | |
| ६-९ वर्ष | १.७ | २.६ | १.० | २.२ |
| १०-१४ वर्ष | ३.३ | ५.९ | २.४ | ४.३ |
| १५ वर्षभन्दा माथि | ७.८ | ९.४ | ७.८ | ८.९ |

***यूवराज संग्रौला,*** *Condemned to Exploitation "Trafficking of Girls and Women in Nepal", 2001*

(३) नेपाल र भारतको सीमाना खुल्ला छ र पूर्ण रूपमा अनियन्त्रित छ । यौनव्यापारीहरू यस्ता सीमानाहरूबाट निर्बाध आवतजावत गर्दछन् । अतः अज्ञान र अशिक्षित बालिकाहरूलाई सहजै सीमाना पार गरी भारततर्फ लैजाने गर्दछन् ।

(४) नेपाली समाजका हरेक पक्षले यस समस्यालाई अझसम्म पनि गम्भीर रूपमा महसुस गर्न सकेको छैन । त्यसैकारण छिमेकीले यो समस्या आफ्नो ठान्दैन, उसले प्रशासनलाई जानकारी गराउँदैन । परिवारले घटनालाई सामाजिक प्रतिष्ठा विरूद्ध ठान्दछ र ढाकछोप गर्दछ । स्थानीय प्रहरीले सुराकी पाउँदैन, पाए पनि महिलाप्रतिको पितृसत्तात्मक सोचले गर्दा महिलाकै कमजोरी देख्दछ । त्यस्तै अवस्था अभियोजन र न्यायिक निर्णयको तहमा पनि देखिन्छन् । यी सबै कारणले आपराधिक घटनाको छानबिन हुन सक्दैन । कानुनको प्रभावकारी कार्यान्वयन नहुनु पनि यस अर्थमा समस्याको एउटा जटिल कारण हो । तलको तथ्यांकले स्थितिलाई स्पष्ट पार्दछ । तलको तथ्यांकले पनि कानुनको कमजोर कार्यान्वयनको अवस्था दर्शाउँछ ।

| विवरण | जबर्जस्ती करणी | ज.क. को उद्योग | जि.मा.बे. | गर्भपतन | बहुविवाह र बालविवाह |
|---|---|---|---|---|---|
| जाहेरी | १४१ | १८ | ११० | ८१ | ९७ |
| कारवाही गरिएका<br>प्रतिशत (%) | १४१<br>(१००%) | १४<br>(७७.७७%) | १०२<br>(९२.७२%) | ७६<br>(९३.८३%) | ८८<br>(९०.७२%) |
| अनुसन्धान पुरा गरी जि.स.व.का. मा पठाएका मुद्दा संख्या | १४८ | २३ | ११८ | २८ | ९८ |
| मुद्दा दायर गरेको<br>प्रतिशत (%) | १४८<br>(१००%) | २३<br>(१००%) | ११८<br>(१००%) | २८<br>(१००%) | ९८<br>(१००%) |
| जम्मा मुद्दा संख्या | ३११ | ६८ | २९१ | ६६ | २२८ |
| सफल<br>प्रतिशत (%) | ४४<br>(३६.१९%) | १२<br>(३५.२९%) | ३८<br>(३८.३८%) | ९<br>(२८.१३%) | ५८<br>(५९.१८%) |
| केही सफल<br>प्रतिशत (%) | २४<br>(२०.१७%) | ४<br>(११.७६%) | ३०<br>(३०.३०%) | ६<br>(१८.७५%) | २५<br>(२५.५१%) |
| असफल<br>प्रतिशत (%) | ५०<br>(४२.०२%) | १८<br>(५२.९४%) | ३१<br>(३१.३१%) | १७<br>(५३.१३%) | १५<br>(१५.३१%) |
| बाँकी<br>प्रतिशत (%) | १९२<br>(६१.७४%) | ३४<br>(५०%) | १९२<br>(६५.९८%) | ३४<br>(५१.५२%) | १३०<br>(५७.०२%) |

(आर्थिक वर्ष २०५५/५६)

| आर्थिक वर्ष | जिउ मास्नेबेच्ने अपराधको मुद्दा दर्ता |
|---|---|
| ०५१/५२ | १५० |
| ०५२/५३ | १३३ |
| ०५३/५४ | ११७ |
| ०५४/५५ | १३० |
| ०५५/५६ | ११० |
| ०५६/५७ | १२० |
| ०५७/५८ | ९२ |

*Source: CeLRRd, Research Report of Trial Court System of Nepal*

(५) भारतका विभिन्न शहरमा अघोषित "रेड लाइट" स्थानहरू छन् । त्यहाँ यौनव्यापार निरन्तर बढिरहेको छ । तर त्यहाँका यौनकोठीहरूमा नेपाली महिलाहरूलाई प्राथमिकता दिइन्छ, कारण

(क) पहाडका सोझा, अज्ञान बालिका तथा महिलाहरू हिन्दी भाषा बुझ्दैनन्, त्यसैले यौनकोठीका विरूद्ध प्रहरी प्रशासनलाई उजुर गर्ने खतरा कम रहन्छ ।

(ख) नेपाली बालिका तथा महिला आज्ञाकारी हुन्छन्, विद्रोह गर्दैनन् उनीहरू सहजै आफूमाथि भएको कुरालाई अभाग्य ठानी व्यवसायमा लाग्दछन् ।

(ग) उमेर ढल्किएपछि सजिलै विदा हुन्छन्, इत्यादि ।

भारतीय बजारमा जति यौन आवश्यकता वृद्धि हुन्छ त्यति नै नेपालबाट आपूर्ति बढ्छ । यसर्थ बेचबिखनको अपराध बजारका विशेषताहरूबाट प्रभावित रहेको हुन्छ । बजारका विशेषताहरू आपराधिक गिरोहले नियन्त्रणमा राखेको हुन्छ । अतः उसले कहिले मागलाई घटाउँदछ र मूल्य पनि घटाउँदछ ।

कहिले अभावको सृजना गर्दछ र मूल्यलाई बढाउँदछ । अतः भारतको अघोषित बढ्दो यौनबजार नेपाली महिला तथा बालिकाको ओसारपसार र बेचबिखनको एउटा महत्त्वपूर्ण कारण हो ।

| सि.नं. | पीडितको नाम | जिल्ला | बेचबिखनको दोषी | पीडित र दोषीबीचको नाता | तरीका | बेचबिखनमा आमा बुबाको सहभागिता |
|---|---|---|---|---|---|---|
| १ | निशा, सुजु, स्टेली र प्रिति राई | झापा | झुटो परिचय | चिनजान | जागिरको लोभ | छैन |
| २ | कल्पना लामा | मकवानपुर | चमेली लामा | सौतेनी दिदी | धोका | छैन |
| ३ | चमेली लामा | मकवानपुर | सिता लामा | साथी | धोका | छैन |
| ४ | कला परियार | रुपन्देही | कुमार साङदाङ र साइली दमिनी | चिनजान | जागिरको लोभ | छैन |
| ५ | मुना भुजेल | झापा | राजकुमार, देवी चौधरी र श्याम कार्की | चिनजान | जागिरको लोभ | छैन |
| ६ | दुई केटीहरु | नुवाकोट | बलराम परियार | | ,, | छैन |
| ७ | शान्ति खड्का, सृजना पाखिन र मनमाया गुरुङ | सुनसरी | चक्र बुढाथोकी, भिम घिमिरे, सिताराम घिमिरे, रत्न गुरुङ र पदम तामाङ | चिनजान | ,, | छैन |
| ८ | काली तामाङ, सुनमाया, माइली मेजेम्दु | नुवाकोट | राजु लामा र राजेन्द्र लामा | ,, | ,, | छैन |
| ९ | प्रमिला झा | सर्लाही | भिखारी पासवान र उसको श्रीमति | चिनजान | धोका | छैन |
| १० | तीर्थ कुमार तामाङ | नुवाकोट | भोज बहादुर थापा | चिनजान | माया जाल | छैन |
| ११ | एउटी तामाङ र अर्की क्षेत्री र राई केटी | सिन्धुपाल्चोक, भक्तपुर र कास्की | राजकुमार चौधरी, देवी चौधरी, साया पौडेल | | धोका | छैन |
| १२ | दिलकुमारी राई, देवी राई, माया राई, कृष्णा राई, सबिता राई | खोटाङ | बइता राई | चिनजान | जागिरको लोभ | छैन |
| १३ | कमला सार्की | | श्रीमान लामा | | धोका | छैन |
| १४ | पाँचजना केटीहरु | सिन्धुपाल्चोक | सूर्यबहादुर तामाङ, दमाई सिंह लामा | चिनजान | जागिरको लोभ | छैन |
| १५ | एउटी केटी | कपिलवस्तु | मिलन अहिर | छिमेकी | ,, | छैन |
| १६ | मिया तामाङ | काभ्रे | प्रेम गुरुङ | साथी | जाली विवाह | छैन |
| १७ | चन्द्रकला खरेल | झापा | कमला श्रेष्ठ, रत्न तामाङ, धनबहादुर मगर | साथी | धोका | छैन |
| १८ | फुमादेवी चौहान | इलाम | दुर्गा थापा | काका | धोका | छैन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | डल्ली वि.क. | सुनसरी | गंगा थापा, विष्णुमाया तामाङ, दिपक तामाङ, सर्मिला तामाङ, बिनु तामाङ | चिनजान | जागिरको लोभ | छैन |
| २० | रेखा | पर्सा | सगिरा खातुङ | छिमेकी | धोका | छैन |
| २१ | पुर्णिमा थिङ, अलिसा लामा, समिना लामा, मिलन राना, मिना राना, बिना लामा | मकवानपुर | सर्कस कम्पनी | | सर्कसमा जागिर | छ/सर्कसमा पठाएको |
| २२ | लक्ष्मी श्रेष्ठ | तनहुँ | कुमार के.सी., बुद्धिमाया के.सी., माया गुरुङ, तारा वि.क. | चिनजान | जागिरको लोभ | छैन |
| २३ | वविता गुरुङ र अन्य ४ जना | | समसुद्दिन मुसलमान (भारत), बाबुराम गुरुङ, विष्णु सहानी | चिनजान | औषधी उपचारको लागि सहयोग (धोका) | छैन |
| २४ | दिवीमाया, रेनुका मोक्तान | मकवानपुर | जया मोक्तान, सुनमाया मोक्तान | नातेदार | धोका | छैन |
| २५ | वविता प्रजा | मकवानपुर | सिता विश्वकर्मा | चिनजान | जाली विवाह | छैन |

***यूवराज संग्रौला,*** *Condemned to Exploitation "Trafficking of Girls and Women in Nepal", 2001*

## नेपालमा महिला उपर हुने शोषणका विरूद्धमा लागू हुने

# कानूनी प्रावधानहरू

### राष्ट्रिय कानुन

#### (क) महिला उपर हुने सबै प्रकारको शोषण अन्त गर्ने सम्बन्धमा वर्तमान संविधान (२०४७) को अवधारणा

(१) **शोषण विरूद्धको हक** – मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरूद्ध काम गराउन निषेध गरिएको छ। त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ। त्यस्तै नाबालकलाई कुनै कलकारखाना खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाइने छैन भनी शोषण विरूद्धको हक प्रदान गरेको छ।

**संविधानको धारा २० को उपधारा २**

(२) **लोक कल्याणकारी राज्यको व्यवस्था** – जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवम् राजनैतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुल्ला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिबृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ।

***संविधानको धारा २५ को उपधारा १***

(३) **महिलाको हक हित सम्बन्धी विशेष व्यवस्था** – महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ।

**संविधानको धारा २६ को उपधारा ७**

(४) **महिला सशक्तीकरणको व्यवस्था** – राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ र नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमश: गर्दै जानेछ।

***संविधानको धारा २६ को उपधारा ८***

महिला तथा बालिकाहरूको संरक्षणका संवैधानिक प्रतिबद्धतामा कुनै कमी रहेको छैन। प्रथमत: शोषणलाई दण्डनीय बनाइएको छ। शोषणभित्र यौनशोषण पनि स्वभावत: पर्दछ र महिलाहरूको बेचबिखन दण्डनीय बनाइएको छ। यसको अतिरिक्त संविधानले राज्यलाई महिला तथा बालिकाको सुरक्षा, स्वास्थ्य, शिक्षा तथा विकासका लागि विशेष निर्देशन पनि जारी गरेको छ। उनीहरूको सामाजिक सुरक्षाको सम्बन्धमा विशेष नीति अवलम्बन गर्न तोकेको छ।

#### (ख) मुलुकी ऐन, जीउ मास्नेबेच्नेको महल – २०२०

२०२० सालमा जारी भएको मुलुकी ऐनमा महिला उपर हुने यौन अपराधलाई नियन्त्रण गर्ने उद्देश्यले जीउ मास्नेबेच्नेको महलको व्यवस्था गरिएको छ।

संविधानको धारा २५ को उपधारा १

कसैले कुनै मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई फकाई नेपाल सरहद बाहिर लैजान वा लगी बिक्री गर्न नहुने र विदेशमा बेच्न लगेकोमा बेच्न नपाउँदै पक्राउ भए बेच्न लैजानेलाई १० वर्ष र बेचिसकेको भए २० वर्ष कैद हुन्छ। किन्ने मानिस नेपाल सरहद भित्र फेला परे निजलाई समेत बेच्नेलाई हुने सरहको सजाय हुन्छ। तर मुलुकी ऐनका व्यवस्थाहरू जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ ले नसमेट्ने कसुरमा मात्र लागू हुन्छ।

### (ग) जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३

यो ऐन जिउ मास्नेबेच्ने सम्बन्धी अपराधको नियन्त्रण र सजाय सम्बन्धी विशेष कानुन हो।

निम्न कार्यहरूलाई कानुनमा जीउ मास्नेबेच्ने अपराधको रूपमा परिभाषित गरिएको छ र त्यस्ता कार्य गर्ने व्यक्तिलाई दण्डको भागी पनि बनाइएको छ।

(क) जुनसुकै उद्देश्यले मानिस किनबेच गर्ने कार्य,

(ख) जुनसुकै उद्देश्यले बेचबिखन गर्न मानिसलाई विदेश लैजाने,

(ग) कुनै स्वास्नी मानिसलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउन,

(घ) माथिका खण्डहरूमा लेखिएका कुनै कार्य गर्नको लागि परिपञ्च मिलाउने त्यस्तो कार्य गर्नलाई सहयोग पुऱ्याउने वा त्यस्तो कार्यमा लाग्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने।

दफा ३

(१) जिउ मास्नेबेच्ने कार्य गर्न नहुने : कसैले जिउ मास्नेबेच्ने कार्य गर्न हुँदैन।

दफा ४

(२) जिउ मास्नेबेच्ने मानिने कार्यहरू : कसैले देहायका कुनै कार्य गरेमा निजले जिउ मास्नेबेच्ने कार्य गरेको मानिनेछ।

(क) कुनै पनि उद्देश्यले मानिस बेचबिखन गर्न,

(ख) बेचबिखन गर्ने उद्देश्यले कुनै मानिसलाई विदेशमा लैजान,

(ग) कुनै स्वास्नी मानिसलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउन,

(घ) माथिका खण्डहरूमा लेखिएका कुनै कार्य गर्नको लागि परिपञ्च मिलाउने, त्यस्तो कार्य गर्नलाई सहयोग पुऱ्याउने वा त्यस्तो कार्यमा लाग्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने।

दफा ८

#### दण्ड सजाय

१. मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुनेछ।

२. मानिसलाई बेचबिखन गर्ने उद्देश्यले विदेश लैजाने व्यक्तिलाई ५ वर्षदेखि १० वर्षसम्म कैद हुनेछ।

३. स्वास्नी मानिसलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउने व्यक्तिलाई १० वर्षदेखि १५ वर्षसम्म कैद हुनेछ ।
४. जिउ मास्नेबेच्ने कार्य गर्नको लागि परिपञ्च मिलाउने वा त्यस्तो कार्य गर्नमा सहयोग पुऱ्याउने वा त्यस्तो कार्यमा लाग्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई ५ वर्षसम्म कैद हुनेछ ।
५. मानिस बेचबिखन गरेकोमा किन्नेको थैली भुस हुनेछ र बेच्ने व्यक्तिलाई उपदफा १ मा लेखिएको सजायमा थप सो थैलीको बिगो बमोजिम जरिवाना समेत हुनेछ ।

### (घ) जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) गर्न बनेको प्रस्तावित विधेयक

हाल लागू रहेको ऐनलाई संशोधन गर्ने अभिप्रायले संशोधित विधेयक हाल प्रतिनिधि सभाबाट पारित भई राष्ट्रिय सभामा रहेको छ । उक्त संशोधन विधेयकमा निम्न कुराहरू रहेका छन् :

१. **ऐनको बर्हिक्षेत्रीय प्रयोग**

कसैले यो ऐन बमोजिम सजाय हुने कार्य नेपाल अधिराज्य बाहिर बसी गरेको भए तापनि सो कार्यबाट पीडित नेपाली नागरिक रहेछ भने निजले त्यस्तो कार्य नेपाल अधिराज्यभित्र गरे सरह मानी निज उपर यस ऐन बमोजिम कारवाही र सजाय हुनेछ ।

**जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) गर्न बनेको विधेयक दफा २**

२. **परिभाषा**

(ग) "वेश्यावृत्ति" भन्नाले कुनै प्रतिफल लिई वा नलिई यौनशोषण गर्ने वा गराउने उद्देश्यले कसैको शरीरलाई खरीद गर्ने, बिक्री गर्ने, भाडामा लगाउने वा प्रयोग गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "यौनजन्य कार्य" भन्नाले अनुचित यौन सम्पर्क गर्ने वा यौन उत्तेजना फैलाउने, यौन दुर्व्यवहार गर्ने वा यौनशोषण गर्ने कार्य सम्झनु पर्छ ।

**जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) गर्न बनेको विधेयक दफा ३**

३. **जिउ मास्नेबेच्ने कार्य गर्न नहुने**

(१) कसैले पनि कसैको जिउ मास्नेबेच्ने कार्य गर्न वा गराउन हुँदैन ।

(२) कसैले देहायको कुनै कार्य गरे वा गराएमा जिउ मास्नेबेच्ने कार्य गरेको मानिनेछ ।

(क) कुनै पनि उद्देश्यले मानिसको खरीद बिक्री गरेमा,
(ख) वेश्यावृत्ति गरेमा वा गर्न लगाएमा,
(ग) कुनै पनि तरिकाले बालक उपर यौनजन्य कार्य गरेमा वा गर्न लगाएमा,
(घ) वेश्यावृत्ति गर्न लगाउने उद्देश्यले बालक वा होस् ठेगानामा नभएको व्यक्तिलाई लगेमा,
(ङ) वेश्यागमन गरेमा,
(च) माथि खण्डहरूमा उल्लिखित कार्यहरू गर्न उद्योग गरेमा त्यस्ता कार्य गर्न लगाउन सहयोग गरेमा ।

**जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) गर्न बनेको प्रस्तावित विधेयक दफा ४**

जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) गर्न बनेको प्रस्तावित विधेयक दफा ५

**४. वेश्यालय संचालन गर्न नहुने**

(१) कसैले कुनै पनि रूपमा नेपाल अधिराज्यभित्र वेश्यालय संचालन गर्न वा गराउनु हुँदैन ।

(२) कसैले वेश्यालय संचालन गरेको वा गर्न लागेको कुरा थाहा पाउँदा पाउँदै कुनै प्रतिफल लिई वा नलिई आफ्नो घर, जग्गा, स्थान वा सवारी साधनभित्र त्यस्तो कार्य गर्ने वा गराउने व्यक्तिलाई प्रयोग गर्न दिनु हुँदैन ।

(३) कसैले उपदफा २ मा उल्लेखित भए विपरीत कार्य गरे वा गराएमा यस ऐन बमोजिम कसुर गरेको मानिने छ । सो कार्य गर्न वा गराउनको लागि प्रतिफल लिइसकेको प्रमाणित भएमा उक्त रकम दफा २२ बमोजिम स्थापित र पुनर्स्थापना कोषमा जम्मा गर्नुपर्नेछ ।

जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) गर्न बनेको प्रस्तावित विधेयक दफा ११

## दण्ड सजाय

देहायको कसुर गर्ने व्यक्तिलाई पीडित व्यक्तिको शारीरिक वा मानसिक अवस्था र कसुर गर्दाको परिस्थिति हेरी देहाय बमोजिम सजाय हुनेछ :

(क) दफा ४ को उपदफा २ को खण्ड (क) बमोजिमको कसुर गर्नेलाई नेपाल सरहदभित्र भए १० देखि १५ वर्षसम्म कैद र ५० हजार देखि १ लाख रूपैयाँसम्म जरिवाना र नेपाल सरहद बाहिर भए १५ वर्षदेखि २० वर्षसम्म कैद र १ लाखदेखि २ लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

(ख) दफा ४ को उपदफा २ को खण्ड (ख) बमोजिमको कसुर स्वेच्छाले गरेको भए १ महिनादेखि ३ महिनासम्म कैद र अरुलाई कसुर गर्न लगाउने व्यक्तिलाई ५ वर्षदेखि १० वर्षसम्म कैद र १ लाख देखि २ लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

(ग) दफा ४ को उपदफा २ को खण्ड (ग) बमोजिमको कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र १ लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

(घ) दफा ४ को उपदफा २ को खण्ड (घ) बमोजिमको कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ५० हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(ङ) दफा ४ को उपदफा २ को खण्ड (ङ) बमोजिमको कसुर गर्ने व्यक्तिलाई १ महिनादेखि ३ महिनासम्म कैद र ५० हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(च) दफा ४ को उपदफा २ को खण्ड (च) बमोजिमको कसुर गर्ने व्यक्तिलाई सोही कसुर गरेबापत हुने सजायको आधा सजाय हुनेछ ।

(छ) दफा ५ बमोजिमको कसुर गर्ने व्यक्तिलाई ३ वर्षदेखि ५ वर्षसम्म कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

५. **थप सजाय**

(१) कसैले आफ्नो संरक्षणमा रहेका महिला, बालक वा मुलुकी ऐन हाडनाता करणीको महल बमोजिम सजाय हुने नाताकी महिलालाई यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई यस ऐनमा लेखिएको सजायमा १० प्रतिशत थप सजाय हुनेछ ।

(२) यस ऐन अन्तर्गतको कसुरमा एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा निजलाई प्रत्येक पटक ५० प्रतिशतका दरले थप सजाय हुनेछ ।

(३) कुनै सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य गरेमा यस ऐन बमोजिम हुने सजायमा १० प्रतिशत थप सजाय हुनेछ ।

**जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) गर्न बनेको प्रस्तावित विधेयक दफा १२**

## ऐन संशोधन गर्नुपर्ने कारण

(१) **परिभाषा व्यापक नहुनु** – विद्यमान ऐनले बेचबिखनको परिभाषालाई साँघुरो घेराभित्र मात्र सीमित गरेको छ । नाबालक वा होस ठेगानामा नभएको मानिसलाई अभिभावकको स्वीकृति नलिई लैजाने जस्ता कार्यहरू अपराधको परिभाषामा पर्न सकेका छैनन् । अर्कोतर्फ ऐनको उद्देश्यमा नै समाजमा सदाचार कायम गर्नेतर्फ केन्द्रित छ ।

(२) **सप्रमाण उजुरीको व्यवस्था** – ऐनले उजुरी दिंदा भएसम्मका प्रमाण राखी उजुर गर्नुपर्ने व्यवस्थाले गर्दा उजुरी कम गर्ने भइरहेको छ किनकि बेचबिखनको प्रमाण दिन सहज छैन ।

(३) **अनुसन्धानपूर्व नै अदालतको स्वीकृति** – यस ऐनको अर्को कमजोर पक्ष प्रहरीमा जाहेरीपछि अनुसन्धान गर्नुपूर्व अदालतको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ ।

(४) **सीमित प्रमाणको भार प्रतिवादीमा सारिएको** – पीडित अदालतमा उपस्थित भई लिखित रूपमा बयान दिई प्रमाणित नभएसम्म सो प्रमाणको भार पीडितको नजिकको नातेदार वा अभिभावकको सन्दर्भमा लागू हुँदैन, केवल तेस्रो पक्षको सन्दर्भमा मात्रै लागू हुन्छ ।

(५) **दण्ड सजायमा स्वविवेकीय मात्रा बढी** – एउटै अपराधमा १० वर्षदेखि २० वर्षसम्म कैद गर्न सकिने भनिएको छ, तर कस्ता अवस्थामा दश वर्ष र के कस्तामा बीस वर्ष हुने हो, स्पष्ट छैन ।

(६) **क्षतिपूर्तिको व्यवस्था नहुनु** – बेचबिखनबाट पीडितहरूले सर्वत्र पीडा, अवहेलना र तिरस्कारवापत क्षतिपूर्तिको व्यवस्था छैन ।

(७) **पीडित र साक्षीको सुरक्षा नभएको** – महिला बेचबिखन एउटा संगठित अपराध हुँदाहुँदै पनि अपराधी व्यक्तिहरूबाट पीडित र साक्षीको सुरक्षा गर्ने सन्दर्भमा केही व्यवस्था गरिएको छैन । यसै व्यवस्थाको अभावमा उजुरी कम पर्ने र पीडित तथा साक्षीले अदालतमा कुरा फेर्ने हुँदा मुद्दामा अपराधीले सफाई पाएका छन् ।

### (ङ) बालबालिका सम्बन्धी ऐन, २०४८

बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले यो बालबालिका सम्बन्धी ऐन, २०४८ मा बनाएको हो ।

### बालकलाई अनैतिक पेशामा संलग्न गराउन नहुने

बालिबालिकालाई यौनशोषण, वेश्यावृत्ति तथा अन्य प्रकारको शोषण हुनबाट रोक लगाउनको निम्ति बालबालिका सम्बन्धी ऐन, २०४८ ले बालकलाई क्रूर वा यातनापूर्ण व्यवहार गर्न, बालकलाई देवी देवताको नाममा चढाउन, अनैतिक पेशामा संलग्न गराउन, कलिलो उमेरको बालकलाई काममा लगाउन स्पष्ट रूपमा प्रतिबन्ध लगाएको छ ।

*बालबालिका सम्बन्धी ऐन दफा १६*

(१) कसैले पनि बालकलाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न हुँदैन ।

(२) बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्न वा प्रदर्शन गर्न हुँदैन ।

(३) कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना, विवरण वा फोटोका प्रकाशन, मुद्रण प्रदर्शन वा वितरण गर्न हुँदैन ।

*बालबालिका सम्बन्धी ऐनको दफा ५३ को उपदफा ४*

**दण्ड सजाय**

दफा १६ को उपदफा १, २, ३ को बर्खिलाप कुनै काम गरेमा वा सो काम गर्न दुरुत्साहन दिएमा वा सो काम गर्ने उद्योग गरेमा निजलाई १० हजार रूपैयाँसम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । साथै खिचेको फोटो अदालतको आदेशबाट जफत हुन सक्नेछ ।

### (च) केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

समाजमा सदाचार र नैतिकता कायम राख्नको लागि केही अपराधलाई सार्वजनिक अपराधको रूपमा वर्गीकरण गरी महिलाहरू प्रति हुने अपमानपूर्ण कार्यलाई नियन्त्रण गर्ने उद्देश्यले समेत केही सार्वजनिक ( अपराध र सजाय) ऐन, २०२७ जारी भएको छ ।

यस ऐनअनुसार सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने र कसैलाई डर, त्रास वा दुःख दिने, अपमान वा बेइज्जत गर्ने वा हैरानी गर्ने हेतुले टेलिफोन, चिठी वा अन्य कुनै साधन वा माध्यमद्वारा धम्की वा गाली दिने वा जिस्काउने वा अन्य कुनै अनुचित काम कुरा गर्ने कार्यलाई सार्वजनिक अपराधको रूपमा परिभाषा गरी त्यस्ता कार्य दण्डनीय बनाइएको छ ।

*केही सार्वजनिक (अपराध र सजाय) ऐन दफा २*

**केही सार्वजनिक अपराध गर्न नहुने**

कुनै व्यक्तिले देहायको कुनै काम गर्न हुँदैन -

(छ) सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने,

(ग) सार्वजनिक स्थानमा अश्लील बोली, वचन, इशारा, प्रयोग गरी शान्ति भंग गर्ने वा अश्लील प्रदर्शन गर्ने ।

**दण्ड सजाय**

यस ऐन बमोजिम कारवाही भएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले कसुरको मात्रा अनुसार १० हजार रूपैयाँसम्म जरिवाना गर्न र पीडित पक्षलाई कसुरदारबाट बिगो बमोजिम क्षतिपूर्ति भराई दिन सक्नेछ। यस्ता मुद्दा ३ महिनाभित्र फैसला गरिसक्नु पर्नेछ। तर जरिवानाको सजायले मात्र पर्याप्त नभई कैदको सजाय समेत गर्नुपर्ने देखिएमा बढीमा २ वर्षसम्म कैद गर्नको लागि पुनरावेदन सुन्ने अदालतमा साधक जाहेर गर्नु पर्नेछ। त्यस्तो मुद्दामा पुनरावेदन सुन्ने अदालतबाट तोकेबमोजिम हुनेछ।

*केही सार्वजनिक (अपराध र सजाय) ऐन दफा ६*

माथिका सबै कानुनी प्रावधानहरू हेर्दा, यौनशोषणका लागि ओसारपसार तथा बेचबिखनको अपराध स्थापित हुन लाने लैजाने कार्यको सम्बन्ध "सीमाना" सँग गाँसिएको छ। विदेश लैजाने कार्यलाई निषेध गरिएको भए तापनि यौनशोषणका लागि नेपालभित्रै ओसारपसार गर्ने कार्यलाई आंशिक रूपमा अपराधको परिभाषाभित्र पारिएको भए पनि पूर्ण रूपमा स्वीकार गर्न सकिरहेको छैन।

## महिला तथा बालबालिकाको बेचबिखन तथा अन्य शोषणका विरूद्धमा नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता

नेपालले केही अन्तर्राष्ट्रिय महासन्धिहरूमा पक्ष भै महिलाउपर हुने शोषणउपर आवश्यक नियन्त्रण गर्ने दायित्व लिएको छ।

संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हुनेछ।

*नेपाल सन्धि ऐन, २०४७, दफा ९ को उपदफा १*

### (क) जीउ मास्नेबेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि सन् १९४४ मा व्यवस्था भएको महासन्धि र सो को सन् १९५० को अन्तिम प्रोटोकल (UN Convention for the suppression of the traffic in person and of the exploitation of the prostitution of other, 1944 and final protocol.)

महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने तथा वेश्यावृत्तिको शोषणको दमन गर्ने उद्देश्यले बनेको जीउ मास्नेबेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमन सम्बन्धी महासन्धि र सो को सन् १९५० को अन्तिम प्रोटोकलमा नेपालले २७ डिसेम्बर १९९५ मा पक्ष बनेको छ।

अर्को व्यक्तिको यौनाकांक्षा पूर्ति गर्ने कुनै पनि व्यक्तिलाई यस महासन्धिका पक्षहरू सजाय गर्न मन्जुर गर्छन् जसले :

(१) वेश्यावृत्तिको उद्देश्यका लागि अर्को व्यक्तिलाई सोही व्यक्तिको पनि सम्मति समेतले कुटुनीको कार्य गर्छ, फकाउँछ वा लैजान्छ,

(२) सोही व्यक्तिको पनि सम्मतिबाट अर्को व्यक्तिको वेश्यावृत्तिबाट फाइदा लिन्छ।

The parties to the present Convention agree to punish any person who, to gratify the passions of another:

*धारा १*

1. Procures, entices or leads away, for purposes of prostitution, another person, even with the consent of that person;
2. Exploits the prostitution of another person, even with the consent of that person.

धारा १

यस महासन्धिका पक्षहरू कुनै व्यक्तिलाई सजाय गर्न अगाडि मन्जुर हुन्छन् जो
(१) वेश्यालय राख्छ, संचालन गर्छ वा जानीजानी लगानी गर्छ, वा लगानीमा सहभागी हुन्छ,
(२) अरुको वेश्यावृत्तिको उद्देश्यको लागि वा अन्य स्थान वा सो को कुनै भाग भाडामा दिन्छ वा लिन्छ,

The parties to the present Convention further agree to punish any person who:
1. Keeps or manages, or knowingly finances or takes part in the fiananing of a brothel;
2. Knowingly lets or rents a building or other place or any part thereof for the purpose of the prostitution of others.

### (ख) मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration on Human Rights), 1948

मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई मानव अधिकारको अन्तर्राष्ट्रिय आलेख (International Bill of Human Rights) पनि भन्ने गरिन्छ । डिसेम्बर १०, १९४८ का दिन संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित यस घोषणापत्र मानव अधिकारको संरक्षणमा संयुक्त राष्ट्र संघको एक महत्वपूर्ण उपलब्धिको रूपमा रहेको छ ।

धारा ३

प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता एवम् व्यक्तिगत सुरक्षाका अधिकार हुनेछन् ।
Everyone has right to life, liberty and security of person

धारा ४

बाँदा वा दास बनाई कसैलाई राखिने छैन, सबै प्रकारको दासत्व र दासव्यापार निषेध गरिनेछ ।
No one shall be held in slavery or servitude; slavery and the slave trade shall be prohibited in all their forms.

### (ग) नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights), 1966

धारा ७

कसैलाई पनि यातना अथवा क्रूर, अमानवीय अथवा निर्दयी वा अपमानजनक व्यवहार अथवा सजाय भोग्न लगाइने छैन ।
No one shall be subjected to torture to cruel. Inhuman or degrading treatment or punishment. In particular, no one shall be subjected without his free consent to medical or scientific experimentation.

(१) कसैलाई पनि दासत्वमा राखिने छैन, दासत्व तथा सम्पूर्ण प्रकारका दासव्यापारलाई निषेध गरिनेछ ।
(२) कुनै व्यक्तिलाई पनि चाकरीमा राखिने छैन ।
(३) कसैलाई पनि बलपूर्वक अथवा अनिवार्य श्रम गर्न लगाइने छैन ।

1. No one shall be held in slavery; slavery and the slave-trade in all their forms shall be prohibited.
2. No one shall be held in servitude.
3. No one shall be required to perform forced or compulsory labour.

धारा ८

### (घ) महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (Convention on the Elimination of all forms of Descrimination Against Women), 1979

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ को संयुक्त राष्ट्र संघीय महासन्धिमा नेपालले २२ अप्रिल, १९९१ मा अनुमोदन गरेको छ ।

राज्यपक्षहरूले महिलाको सबै प्रकारको बेचबिखन र महिलालाई वेश्यावृत्तिमा लगाई गरिने शोषण अन्त्य गर्न कानुनी समेतका सबै उचित उपायहरू अवलम्बन गर्नेछन् ।

States Parties shall take all appropriate measures, including legislation, to surpress all forms of traffic in women and exploitation of prostitution of women.

धारा ६

पुरुषसँगको समानताको आधारमा मानव अधिकार र आधारभूत स्वतन्त्रताको अभ्यास र उपभोग गर्न तिनलाई ग्यारेण्टी दिने उद्देश्यका लागि महिलाहरूको पूर्ण विकास र सम्वृद्धिलाई सुनिश्चित गर्न राज्यपक्षले सबै क्षेत्रमा खासगरी राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा कानुनी समेतका सबै उचित उपायहरू अवलम्बन गर्नेछन् ।

### (ङ) दासत्व महासन्धि (Slavery Convention), 1956

Slavery Convention 1926 & amended by the protocol 1953, supplementary convention on the abolition of slavery, the slave trade & institutional and practices similar to slavery 1956

दासत्वलाई समाजबाट पूर्ण रूपमा निर्मूल पार्ने अभिप्रायले बनेको Slavery Convention 1926 and amended by the protocol 1953, supplementary लाई अनुमोदन गर्ने प्रत्येक सदस्य राष्ट्रले मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरूद्ध काम गराउन निषेध गरी त्यस्तो कार्यलाई कानुनद्वारा दण्डनीय घोषित गर्न आवश्यक व्यवस्था गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको छ । नेपाल यस महासन्धिमा ७ जनवरी १९६३ मा सम्मिलन भएको छ ।

यस महासन्धिको उद्देश्यका लागि निम्नानुसारका परिभाषाहरू स्वीकार गरिएका छन् :
(१) उसमाथि स्वामित्वको अधिकारसँग गाँसिएका कुनै अथवा सम्पूर्ण शक्ति प्रयोग गरिएका व्यक्तिको अधिस्थान अथवा अवस्था दासत्व हो ।

धारा १

(२) दासत्वको अवस्थामा पुऱ्याउने इच्छाले कुनै व्यक्तिको कब्जा, प्राप्ति अथवा बिक्रीसँग सम्बन्धित सम्पूर्ण कार्यहरू दासत्व व्यापारमा समावेश हुन्छन्, उनलाई बिक्री गर्ने अथवा साट्ने उद्देश्यले कुनै दासको प्राप्ति सम्बन्धी सम्पूर्ण कार्यहरू, दासहरूको व्यापार अथवा ओसार पसारको सामान्यत: प्रत्येक कार्य तथा बिक्री गरिने अथवा साटिने उद्देश्यले प्राप्त गरिएको कुनै दासको बिक्री अथवा आदान प्रदानद्वारा गरिने सम्पूर्ण बिक्री कार्य ।

(1) Slavry is the status or condition of a person over whom any or all of the powers attaching to the right of ownership are exercised.

(2) The slave trade includes all acts involved in the capture, acquisition or disposal of a person with intent to reduce him to slavery; all acts involved in the acquisition of a slave with a view to selling or exchanging him; all acts of disposal by sale or exchange of a slave acquired with a view to being sold or exchanged, and, in general, every act of trade or transport in slaves.

## (च) यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि (Convention Against Torture and Other Cruel Inhuman or Degrading Treatment or Punishment), 1984

**धारा १**

यस महासन्धिका उद्देश्यहरूका लागि "यातना" भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा आधिकारिक क्षमतामा कार्य गर्ने कुनै व्यक्तिको उक्साहट वा सहमतिमा उसबाट वा तेस्रो व्यक्तिबाट सूचना वा अपराध स्वीकार गरेको कुरा प्राप्त गर्ने ऊ वा तेस्रो व्यक्तिले गरेको वा गरेको शंका गरेको कार्यका लागि दण्ड दिने वा ऊ वा तेस्रो व्यक्तिलाई तर्साउने वा दबाव दिने वा कुनै प्रकारको भेदमा आधारित कारणबाट भए जस्ता उद्देश्यका लागि कुनै पनि व्यक्तिमाथि जानी नजानीकन शारीरिक वा मानसिक चोटलाई बुझाउँदछ । कानुनी बन्देजहरूबाट उत्पन्न हुने, तिनमा अन्तर्निहित वा प्रासंगिक चोट वा पीडालाई मात्र यसमा समावेश गरिँदैन ।

For the purpose of this convention, torture means any act by which severe pain or suffering, whether physical or mental, is intentionally inflicted on a person for such purposes as obtaining from him or a third person information or a confession, punishing him for an act he or a third person has committed or is suspected of having committed, or intimidating or coercing him or a third person, or for any reason based on discrimination of any kind, when such pain or suffering is inflicted by or at the instigation of or with the consent or acquiescene of a public official or other person acting in an official capacity. It does not include pain or suffering areising only from, inherent in or incidental to lawful sanctions.

### (छ) बाल अधिकार सम्बन्धी महासन्धि (Convention on the Rights of the Child), 1989

२० नोभेम्बर, १९८९ मा पारित भई २ सेप्टेम्बर १९९० देखि सदस्य राष्ट्रहरूको हस्ताक्षरको लागि खुल्ला गरिएको ३ भाग ५४ वटा धारा रहेका बाल अधिकार सम्बन्धी महासन्धिलाई नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको छ ।

राज्य पक्षहरूले बालबालिकाहरूलाई सबै खालको यौनशोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्न प्रतिज्ञा गर्दछ । यस्ता उद्देश्यका निम्ति राज्यपक्षहरूले निम्न कुराहरूलाई पूर्वरोक लगाउन उचित सबै राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय न्यायहरू गर्नेछन् ।

States parties undertake to protect the child from all forms of sexual expliotation and sexual abuse. For these purposes, States Parties shall in particular take all appropriate national, bilateral and multilateral measures to prevent:

(क) कुनै प्रकारको गैरकानुनी यौनकार्यहरूमा बालबालिकाहरूलाई संलग्न गराउनका लागि तिनलाई प्रलोभन वा दवाव दिने,

(ख) वेश्यावृत्ति र अन्य गैरकानुनी यौनकार्यहरूमा बालबालिकालाई शोषणयुक्त प्रयोग गर्ने,

(ग) अश्लील चित्रणको कार्यमा वा पत्रपत्रिकाहरूमा बालबालिकाहरूलाई शोषणयुक्त प्रयोग गर्ने ।

a. The inducement or coercion of a child to engage in any unlawful sexual activity;

b. The exploitative use of children in prostitution or other unlawful sexual practices;

c. The exploitative use of children in pronographic performances and material.

*धारा ३४*

राज्य पक्षहरूले कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचबिखन वा बिक्रीमा पूर्व रोक लगाउन उचित सबै राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउने छन् ।

States parties shall take all appropriate national, bilateral and multilateral measures to prevent the abduction of, the sale of or traffic in children for any purpose or in any form.

*धारा ३४*

## अन्य अन्तर्राष्ट्रिय प्रतिबद्धता

### चौथो विश्व महिला सम्मेलन

चीनको राजधानी बेइजिङ्गमा भएका महिला सम्मेलन अघि भएको सबै महिला सम्मेलनभन्दा बृहत् र महत्वपूर्ण साबित भएको छ । यस सम्मेलनले महिला सम्बन्धी विषय अन्तर्राष्ट्रिय एवम् विश्वव्यापी रहेको

कुरा पनि दर्शाएको छ। बेइजिङ्ग कार्ययोजनाले विभिन्न १२ वटा क्षेत्रहरू निर्धारण गरी व्यावहारिक रूपमा कार्यान्वयन गर्न सबै राष्ट्रहरूलाई दायित्व सुम्पेको छ। सो जिम्मेवारी सबै राष्ट्रहरूलाई सुम्पिएको नभई स्वयम् संयुक्त राष्ट्र संघलाई समेत महत्वपूर्ण उत्तरदायित्व दिएको छ।

### (ज) बेइजिङ प्रतिबद्धता

महिला विरूद्धको हिंसालाई समानता, विकास र शान्ति प्राप्त गर्ने दिशाको एक बाधकको रूपमा महसुस गर्दै बेइजिङ्ग घोषणाले महिला विरूद्ध हुने हिंसालाई रोक्न र अन्त्य गर्न एकीकृत उपायहरू अवलम्बन गर्ने प्रयास गरेको छ। महिलाको बेचबिखनलाई अन्त्य गर्ने प्रयास गरेको छ। महिलाको बेचबिखनलाई अन्त्य गर्ने र वेश्यावृत्ति एवम् बेचबिखनको कारण हिंसाका शिकार भएका महिलाहरूलाई सहायता गर्ने प्रयास गरेको छ।

मानव अधिकार सबै मानवहरूको जन्मसिद्ध मौलिक अधिकार हो, जसको प्रत्याभूति प्रदान गर्नु प्रत्येक सरकारको पहिलो दायित्व हो र लिङ्गको आधारमा हुने भेदभाव विरूद्धको समानताको अधिकार मानव अधिकारको अटुट र अक्षुँण अंग भएको उद्घोष गर्दै बेइजिङ्ग घोषणापत्रले महिलाको मानव अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्न सबै मानव अधिकार सम्बन्धी सन्धिहरू अझ महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (महिला सम्बन्धी महासन्धि) को पूर्ण पालना गर्नुपर्ने र कानुनको भेदभाव रहित प्रयोग र समानताको सुनिश्चितता गर्नुपर्ने भन्ने रणनीतिहरू निर्धारण गरेको थियो। बेइजिङ्ग घोषणापत्रलाई श्री ५ को सरकारले अनुमोदन गरेकाले उक्त रणनीतिहरू कार्यान्वयन गर्ने प्रतिबद्धता सरकारले व्यक्त गरिसकेको छ।

महिलाहरूका समस्यालाई पृथक् रूपमा छलफल गर्न मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजमा मान्यता दिइएका अधिकारहरू महिलाले पनि समान रूपमा उपभोग गर्न तथा महिला समानता, विकास र शान्तिको लागि विभिन्न कार्ययोजना समेतको तर्जुमा गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघको तत्वाधानमा विश्व महिला सम्मेलन सम्पन्न भएको छ।

### (झ) घरेलु हिंसा उन्मूलन सम्बन्धी घोषणा पत्र (Declaration on Elimination of Violence against Women), 1993

**धारा १**

लैंगिक आधारमा महिलाहरूमाथि गरिने बलात्कार र मनोमानी रूपमा उनीहरूलाई स्वतन्त्रताबाट वञ्चित गर्ने परिस्थिति लगायत त्यस्ता सबै कार्यहरू जसको कारण महिलाहरूलाई शारीरिक तथा यौनगत र मनोवैज्ञानिक रूपमा हानि पुऱ्याउँछ वा पुऱ्याउन सक्दछ चाहे ती व्यक्तिगत जीवनमा गरियून वा सार्वजनिक जीवनमा।

For the purposes of this Declaration, the term" violence against women" means any act of gender-based violence that results in, or is likely to result in, physical, sexual or psychological harm or suffering to women, including threats of such acts, coercion or arbitary deprivation of liberty, whether occuring in public or in private life.

**धारा २**

सोही घोषणापत्रको दफा २ अनुसार महिलामाथिको हिंसा सम्बन्धी विषयलाई निम्न कुरामा मात्र सीमित नरही व्यापक रूपमा बुझिनु पर्दछ।

Violence against women shall be understood to encompassing, but not be limited to, the following:

१. शारीरिक, यौनगत र मनोवैज्ञानिक रूपमा परिवारभित्र गरिने पटकपटकका हिंसाहरू, परिवारभित्र बालिकामाथिको यौनजन्य दुर्व्यवहार, दाइजोसँग सम्बन्धित दुर्व्यवहार, विवाहपछिको बलात्कार, महिला जननेन्द्रियछेदन लगायतका अन्य महिलाको लागि हानिकारक चलनहरू, पतिपत्नीको सम्बन्ध भन्दा बाहिरबाट हुने दुर्व्यवहार, शोषणसँग सम्बन्धित हिंसाहरू,

२. शैक्षिक संस्थाहरू, सार्वजनिक संस्थाहरू लगायतका सामुदायिक स्थानहरूमा भइरहेको बलात्कार, यौनजन्य दुर्व्यवहार र परेशानी, काममा बधुवा बनाउनु, महिलाको जीउ मास्नेबेच्ने र वेश्यावृत्तिको लागि बाध्य पारिनु,

३. यदाकदा देखिनसक्ने राज्यले चिरस्थायी बनाएका अथवा ध्यान नदिएका शारीरिक, यौनजन्य र मनोवैज्ञानिक दुर्व्यवहारहरू ।

a. Physical, sexual and psychological violence occuring in the family, including battering, sexual abuse of female children in the household, dowry related violence, marital rape, female genital mutilation and other traditional practices harmful to women, non-spousal violence and violence related to expolitation;

b. Physical, sexual and phscological violence occuring within the general community, including rape, sexual abuse, sexual harrasment and intimidation at work, in educational institutions and elsewhere, trafficking in women and forced prostitution;

c. Physical, sexual and psycological violence perpetrated or condoned by the state, wherever it occurs.

### (ञ) सार्क (SAARC)

यौनशोषणको प्रयोजनको लागि बालबालिकाको खरीदबिक्रीको समस्या संसारभर व्यापक रूपमा फैलिएको परिप्रेक्ष्यमा त्यस्तो क्रियाकलापमा नियन्त्रण गर्न तथा त्यस्तो समस्या समाधान गर्न विश्वस्तरमा, अन्तर्राष्ट्रिय स्तरमा, क्षेत्रीय तथा उपक्षेत्रीय स्तरमा विभिन्न प्रकारका प्रस्तावहरू पारित भएका छन् । यसै परिप्रेक्ष्यमा सार्कले सन् १९९० को दशकलाई जोखिम परिस्थितिमा परेका बालिकाहरूको सार्क बालिका दशकको रूपमा मनाउने निर्णय गरेको थियो ।

#### सार्क बालिका दशक १९९०

यस घोषणापत्रका अनुसार यौनशोषणको प्रयोजनका निम्ति बालबालिकाको खरीद बिक्रीको समस्यालाई नियन्त्रण गर्न विभिन्न प्रकारका प्रस्तावहरू पारित गरिएका छन् ।

#### रावलपिण्डी घोषणापत्र १९९६

August 20-22, 1997 मा पाकिस्तानको रावलपिण्डीमा भएको तेस्रो सार्क मन्त्री स्तरीय सम्मेलनले अश्लील तथा यौनजन्य कार्यको लागि बालबालिकाको खरीदबिक्री लगायतका सबै प्रकारका दुरूपयोग र शोषणहरूको दमन गर्न र हिंसा तथा यौनशोषणको शिकारबाट पीडित भएका बालबालिकाहरूको पुनर्स्थापना तथा उद्धारका लागि सदस्य राष्ट्रहरूले आफ्नो मुलुकभित्र र सार्क मुलुकभित्र प्रशासकीय तथा कानुनी उपायहरू अवलम्बन गर्न आवश्यक कदम उठाउने प्रस्ताव पारित गरेको छ । सन् २००० सम्म नाबालकलाई बँधुवा तथा जोखिमपूर्ण काममा लगाउने कार्यमा पूर्ण रूपमा प्रतिबन्ध लगाउने, सन् २०१० सम्म सार्क राष्ट्रले बालश्रम पूर्णरूपमा प्रतिबन्ध लगाउने र महिला तथा बालबालिकाको विकासको लागि समुदायमा आधारित सामाजिक सहयोगको अवधारणाको शुरुवात विकास तथा सुदृढीकरणको लागि आवश्यक आर्थिक सहयोग गर्ने प्रस्ताव पारित भएका छन् ।

### सार्क माले शिखर सम्मेलन १९९७

सार्क माले शिखर सम्मेलनले सार्क राष्ट्रमा देखापरेको अश्लील तथा यौनजन्य कार्यका लागि बालबालिकाको खरीदबिक्री, बालबालिका उपर हुने यौनशोषण तथा वेश्यावृत्तिमा बालबालिकाको संख्या बढ्दै गएको विषयमा चिन्ता व्यक्त गर्दै यस्तो समस्या विरूद्ध लड्न सार्क राष्ट्रले सामूहिक प्रयास जारी राख्ने र त्यसका लागि क्षेत्रीय स्तरको महासन्धि बनाउनेतर्फ सम्भाव्यता अध्ययन गर्ने कार्य प्राविधिक समितिले गर्ने निर्णय गरेको छ ।

### दशौं कोलोम्बो सार्क शिखर सम्मेलन र वेश्यावृत्ति नियन्त्रण सम्बन्धी प्रस्ताव १९९८

पहिलोपल्ट सन् १९९७ मालेमा सार्क राष्ट्रको मानव अधिकारवादी महिला कार्यकर्ताहरूले चेलीबेटीको खरीद बिक्रीलाई सार्कको मुख्य एजेण्डाको रूपमा समावेश गरिनु पर्ने आवाज उठाएपछि नवौं सार्क सम्मेलनमा यस सम्बन्धमा क्षेत्रीय महासन्धि निर्माणका निम्ति सम्भाव्यता अध्ययन गर्ने सहमति भयो । यसै सहमति अनुरूप १० औं कोलोम्बो सम्मेलनमा महिला तथा बालबालिकाको वेश्यावृत्तिको लागि हुने ओसार पसारको रोकथाम र समाधानमा सार्क महासन्धिको खेस्रा तयार गरियो ।

### ११ औं काठमाडौं सार्क शिखर सम्मेलन २००१

*ओसारपसार, पुष २०५७, एटविनको अर्धवार्षिक प्रकाशन*

सार्क राष्ट्रमा देखापरेको अश्लील तथा यौनजन्य कार्यका लागि बालबालिकाको खरीदबिक्री, बालबालिका उपर हुने यौनशोषण तथा वेश्यावृत्तिमा बालबालिकाको संख्या बढ्दै गएको विषयमा महिला तथा बालबालिकाको वेश्यावृत्तिको लागि हुने ओसार पसारको रोकथाम र समाधानमा सार्क महासन्धिको खेस्रा तयार गरी काठमाडौंमा आयोजना गरेको ११ औं सार्क सम्मेलनले पारित गऱ्यो ।

## महिला तथा बालबालिकाको बेचबिखन सम्बन्धी सार्क महासन्धिका प्रावधानहरू

१. महासन्धिको धारा १ मा महिला तथा बालबालिकालाई "छलछाम, त्रास, जोरजुलुम, अपहरण, बिक्री, जालसाजी, कपटपूर्ण विवाह, बालविवाह अथवा अन्य कुनै पनि प्रकारका गैरकानुनी उपायबाट पीडित वा वेश्यावृत्तिका लागि बाध्य" पारिने कुरालाई बेचिबिखनको रूपमा परिभाषित गरिएको छ ।

२. यस महासन्धिको कार्यक्षेत्रको रूपमा सो क्षेत्रका उद्गमकर्ता देश, पारागमनको देश र अन्तिम लक्ष्यविन्दुको रूपमा रहेको देशहरू बीच "समस्याको रोकथामका विभिन्न पक्षहरूलाई प्रभावकारी रूपमा सामना गर्न र महिला तथा बालबालिकाको ओसारपसारलाई निर्मूलन गर्न, पीडितहरूको पुनर्स्थापना र फिर्ता तथा महिला तथा बालबालिकाको अन्तर्राष्ट्रिय वेश्यावृत्ति सम्पर्क सूत्रहरूमा प्रयोगलाई रोकथाम गर्न" का लागि सहयोग अभिवृद्धि गर्ने रहेको छ ।

३. महासन्धिको धारा ३ मा राज्य पक्षहरूले "कुनै पनि स्वरूपको ओसारपसारलाई आफ्नो देशका फौजदारी कानुन अन्तर्गतको अपराध हो भन्ने कुरा सुनिश्चित गर्न प्रभावकारी उपायको अवलम्बन गर्ने र यस्ता अपराधलाई यसको चरम रूपलाई हेरी दण्ड सजाय गर्ने" कुरा उल्लेख गरिएको छ । यसैगरी राज्यपक्षहरू आ-आफ्ना भू-भागमा जो ओसारपसारको प्रयोजनको लागि प्रयुक्त ठाउँहरूमा लगानी गर्दछ वा लगानीमा हिस्सा लिन्छ र जानीबुझिकन यस प्रयोजनको लागि कुनै भवन वा ठाउँ वा त्यसको कुनै भाग भाडामा लिन्छ वा दिन्छ, त्यस्ता कुनै पनि व्यक्तिलाई सजाय दिने" कुरा उल्लेख गरिएको छ ।

४. महासन्धिको धारा ५ मा "महासन्धि अन्तर्गतका अपराधको छानबीनमा "पीडित बालबालिका तथा महिलाको गोपनीयता कायम गरिने र उनीहरूलाई उपयुक्त परामर्श सेविका र कानुनी सहायता

उपलब्ध गराइने कुरालाई राज्यपक्षहरूले सुनिश्चित गरिनुपर्ने" कुरा उल्लेख गरिएको छ ।

५. महासन्धिको धारा ६ मा राज्य पक्षहरूले "अपराधको अनुसन्धान, सोधपुछ, पुर्पक्ष वा यस महासन्धि अन्तर्गतका अपराधका बारेमा अनुरोध गरेकामा सो राष्ट्रमा भएका अन्य कार्यविधिका सम्बन्धमा आपसी कानुनी सहायताका बृहत्तर उपायहरू प्रदान गरिनु पर्ने" कुरा उल्लेख गरिएको छ जसअन्तर्गत प्रमाण लिने र व्यक्तिको बयान लिने, सूचनाको प्रावधान, लिखतहरू तथा अपराधिक र न्यायिक रेकर्डहरू, परिचय सहित व्यक्तिहरू र वस्तुहरूको अवस्थिति, खोजी तथा कब्जा, पेशी प्रमाण दिने लगायत सम्पत्तिको भुक्तानी, थुनामा रहेका व्यक्ति र अन्य उपलब्ध व्यक्तिहरूलाई प्रमाण दिने बनाउनु वा अनुसन्धानमा सहयोग पुऱ्याउने कुराहरू पर्दछन् ।

६. धारा ७ मा "यस महासन्धि अन्तर्गत पर्न आउने अपराधहरूलाई कुनै पनि राज्य पक्षका बीच पहिले नै सम्पन्न भएका वा यस महासन्धि आइसकेपछि सम्पन्न हुने कुनै पनि सुपुर्दगी गरिन योग्य अपराधको रूपमा लिइने" कुरा उल्लेख गरिएको छ ।

७. महासन्धिको धारा ८ मा महिला तथा बालबालिकाको ओसारपसार रोकथामका लागि निम्न उपायहरूको उल्लेख गरिएको छ -

- ❑ राज्यपक्षहरूले आफ्ना सम्बन्धित अधिकारीहरूलाई महासन्धि अन्तर्गतका अपराधको सम्बन्धमा प्रभावकारी रूपमा सोधपुछ, तहकिकात र मुद्दा चलाउन सक्षम बनाउन पर्याप्त मात्रामा उपायहरू, तालिम तथा सहयोग प्रदान गर्ने ।
- ❑ राज्य पक्षहरूले उनीहरूको कानुन कार्यान्वयन गर्ने अधिकारीहरू तथा न्यायालयलाई यस महासन्धि अन्तर्गतका अपराधका सम्बन्धमा तथा महिला तथा बालबालिकाको ओसारपसारको प्रभाव पार्ने सान्दर्भिक अन्य तथ्यहरूका बारेमा संवेदनशील बनाउने ।
- ❑ महासन्धिका प्रावधानहरूको कार्यान्वयन सहज बनाउन तथा आवधिक अनुगमन गर्न सदस्य राष्ट्रहरूका अधिकारीहरू संलग्न भएको एक क्षेत्रीय कार्य समूहको गठन गरिने ।
- ❑ राज्य पक्षहरूले आपसी सहमतिमा महासन्धिका प्रावधानहरूको कार्यान्वयनको लागि द्विपक्षीय संयन्त्रहरू पनि निर्माण गर्न सक्ने ।
- ❑ राज्यपक्षहरूले नियमित रूपमा ओसारपसारमा संलग्न निकाय, संस्था, व्यक्ति तथा उनीहरूको पद्धतिहरू र उनीहरूले प्रयोग गर्ने जल, स्थल वा हवाइमार्गहरूका सम्बन्धमा सूचनाहरू आदान-प्रदान गर्ने । यस्ता सूचनाहरूमा अपराधी बारेका सूचनाहरू, उनीहरूका औंठाको छाप, फोटो, उनीहरूले कार्य संचालन गर्ने तौरतरिकाहरू, पुलिस रेकर्ड तथा आपराधिक रेकर्डहरू समावेश गरिने ।
- ❑ राज्यपक्षहरूले रोजगारदाता निकायहरूको नियुक्तिहरूमा महिला तथा बालबालिकाको ओसारपसारलाई रोक्ने कुराको अनुगमन गर्न आवश्यक उपायहरू अवलम्बन गर्ने ।
- ❑ राज्यपक्षहरूले ओसारपसारको स्रोतको रूपमा चिनिएका क्षेत्रहरूमा सो को रोकथामका उपायहरू तथा विकास प्रयासहरू गर्ने आदि ।

८. महासन्धिको धारा ९ मा "ओसारपसारबाट पीडित भएका व्यक्तिहरूको पुनर्स्थापना उद्गमकर्ता देशको उत्तरदायित्व हुनेछ" भनी उल्लेख गरेको छ । यसै गरी पीडितहरूको पुनर्स्थापनाको लागि "संरक्षित गृह" को स्थापना गर्ने, पीडितहरूलाई कानुनी सल्लाह, परामर्श सेवा, कार्यमूलक तालीम तथा स्वास्थ्य स्याहार सुविधाहरू सुनिश्चित गर्ने र यस्ता कामका लागि राज्य पक्षहरूले प्रतिष्ठित गैरसरकारी संस्थाहरूलाई अधिकार प्रदान गर्ने कुरा समेत उल्लेख गरिएको छ ।

नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता हेर्ने हो भने महिला तथा बालिकाको यौनशोषणका लागि बेचबिखन एवम् ओसारपसारका विरूद्ध पूर्णतः सजगता रहेको छ। तर व्यवहारमा यो प्रतिबद्धता कमजोर रहेका छन्।

## राष्ट्रिय नीति

चेलीबेटी बेचबिखन तथा व्यापारिक यौनशोषणलाई नियन्त्रण गर्नका लागि श्री ५ को सरकारले राष्ट्रिय स्तरबाट नै विभिन्न नीतिहरूको निर्माण गरेको छ। र, उक्त नीतिहरूलाई कार्यान्वयन गर्नका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई जिम्मेवारी तोकिएको छ। बुँदागत रूपमा उक्त नीतिहरू निम्न अनुसार रहेका छन्।

१ चेलीबेटी बेचबिखन तथा देहव्यापार विरूद्ध जनचेतना जगाउन वृहत् कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरिने।

२. महिलाहरूमाथिको भेदभाव अन्त्य गर्न कानुनको निर्माण गरिने।

३. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण सम्बन्धी कार्यक्रम श्री ५ को सरकार तथा गैर सरकारी संघ, संस्था, अन्तर्राष्ट्रिय संघ संस्था तथा निजी क्षेत्र समेतलाई संलग्न गराई सञ्चालन गरिने।

४. चेलीबेटी बेचबिखन विरूद्ध चलाउने कार्यक्रमको सम्पर्क विन्दु (Focal Point) को कार्य महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले गर्ने।

५. अन्तर्राष्ट्रिय क्षेत्रमा द्विपक्षीय तथा बहुपक्षीय समन्वय राखी चेलीबेटी बेचबिखन नियन्त्रण गर्नेतर्फ श्री ५ को सरकारबाट प्रयास गरिने।

६. यौनशोषणबाट पीडित भएका महिला तथा बालबालिकाहरूलाई शोषण गर्ने पक्षबाट हर्जाना दिलाउनेतर्फ आवश्यक व्यवस्था गरिने।

७. चेलीबेटी बेचबिखन तथा एड्स र अन्य यौनजन्य रोगको एक आपसमा सम्बन्ध हुने हुँदा यो समस्या समाधान गर्नेतर्फ आवश्यक कदम चालिने।

८. श्री ५ को सरकारबाट महिलाहरूको निम्ति गरिबी निवारण र रोजगार प्रवर्द्धनका लागि उपयुक्त कदम चालिने।

९. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण गर्न श्री ५ को सरकारबाट राष्ट्रिय समन्वय समिति गठन गरिने। साथै आवश्यकता अनुसार जिल्ला तथा गाउँ तहमा समन्वय समितिहरूको गठन गरिने।

१०. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण सम्बन्धी विषयमा सूचना संकलन, समन्वय र सञ्चालन गर्नको निमित्त जिल्लास्तरमा गठित समन्वय समितिले सम्पर्क केन्द्रको काम गर्ने।

११. औपचारिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट रोजगारीमूलक कार्यक्रम सञ्चालन गरी चेलीबेटी बेचबिखनमा नियन्त्रण गरिने।

१२. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि सञ्चालन गरिने कार्यक्रममा सम्पूर्ण राजनीतिक दलहरूको प्रतिबद्धताका लागि प्रयास गरिने।

१३. चेलीबेटी बेचबिखन तथा देहव्यापारलाई गैरसरकारी संघ-संस्थाहरू समेतको सहयोगमा कडाइका साथ नियन्त्रण गरी पुनर्स्थापन कार्यक्रम सञ्चालन गरिने।

उपर्युक्त राष्ट्रिय नीतिको बुँदा ९ मा चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण गर्न राष्ट्रिय स्तरमा राष्ट्रिय समन्वय समिति गठन गरिने र जिल्ला गाउँस्तरमा समेत आवश्यकताअनुसार समन्वय समितिहरूको गठन गरिने कुरा उल्लेख गरिएको छ।

# महिला तथा बालिकाहरुको बेचबिखन सम्बन्धी


# फौजदारी कार्यविधि

सामान्य व्यवहारअनुसार पीडित व्यक्ति वा उसको नाताका व्यक्तिले वा अपराधका सम्बन्धमा जानकारी राख्ने जो कोहीले पनि अपराधको घटना घटेको कुरा उल्लेख गरेर वा अभियुक्तले गरेको कार्य उल्लेख गरेर अभियोग दर्ता गर्ने गर्दछन् । कानुनअनुसार उक्त जाहेरी अपराधको घटना घटेको वा अपराधको घटना घट्न गइरहेको ठाउँबाट नजिकैको प्रहरी कार्यालयमा दिइन्छ ।

नेपालको फौजदारी न्याय व्यवस्थामा जाहेरी अनिवार्य कानुनी प्रक्रिया मानिन्छ । अनुसन्धान अधिकारीले जाहेरी अनिवार्य नै मान्दछन् र वास्तवमा अपराध अनुसन्धान अगाडि बढाउन यो अत्यावश्यक नै हुन्छ भन्ने मान्यता नेपालमा रहेको छ । अपराध अनुसन्धान, त्यसको संचालन र फैसला लगायत नीतिनिर्माण तथा कार्यान्वयन र सजायको उपयुक्त नीति प्रत्येक देशको फौजदारी न्यायव्यवस्थाको ढाँचा अनुरूप हुन्छ । नेपालका फौजदारी न्यायमा यसको आफ्नै मौलिक संस्थागत ढाँचा छ ।  व्यक्तिको स्वतन्त्रता र सुरक्षा अपराधको निष्पक्ष र स्वतन्त्र अनुसन्धान र नागरिकहरूलाई उपद्रोह, संघर्ष वा प्रकोपहरूबाट संरक्षण गर्नु प्रहरीको सवैभन्दा महत्त्वपूर्ण दायित्व हुन् । प्रहरी कार्यपालिकाको तर्फबाट समाजमा कानुन कार्यान्वयन गर्ने सबैभन्दा विस्तृत र पहिलो निकाय हो ।

### प्रहरी संगठन

नेपालमा सुरक्षाका निकायहरूमा शाही नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको व्यवस्था गरिएको छ । सो मध्ये श्री ५ को सरकार (गृहमन्त्रालय) को नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी, प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०४९ बमोजिम प्रहरी संगठन स्थापित गरिएको छ । प्रहरी संगठन प्रमुख प्रहरी महानिरीक्षकको नियुक्ति श्री ५ को सरकारबाट हुने गर्दछ । प्रहरी महानिरीक्षकको रेखदेख र अगुवाई अन्य अधिकृतहरू मार्फत् प्रहरी परिचालन हुने गर्दछ । प्रहरी शक्तिको संरचनामा पाँच क्षेत्रहरूमा विभाजित भई कार्यरत रहेका छन् । प्रहरी संगठनलाई सेवा विशिष्टकरण अनुरूप जिम्मेवारी सुम्पने व्यवस्थाको लागि विभिन्न विभागहरू, निर्देशनालय, प्रशिक्षण केन्द्र, क्षेत्रीय प्रहरी ईकाई, जिल्ला ईलाका र चौकीहरूको व्यवस्था गरिएको छ । यस मध्ये फौजदारी न्यायसँग प्रत्यक्ष सरोकार राख्ने विभागको रूपमा अपराध अनुसन्धान विभागको स्थापना भएको छ । यसले सार्वजनिक सरोकारको विषयमा ज्यादै महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । यस विभागका प्रमुखमा प्रहरी अतिरिक्त महानिरीक्षक रहने व्यवस्था छ । हालको प्रस्तावित संरचनामा अपराध अनुसन्धान विभागभित्र तीनवटा शाखाहरु रहनेछन् जसमा, अपराध अनुगमन नियन्त्रण शाखा, अपराध अनुसन्धान तथा अन्वेषण शाखा र केन्द्रिय प्रहरी वैज्ञानिक प्रयोगशाला रहेको छ । महिला प्रहरी सेल, सामुदायिक प्रहरी सेल, बालबालिका सम्बन्धी अपराध हेर्ने शाखा, अपराध नियन्त्रण तथा सामुदायिक सुरक्षा महाशाखाका अधिनमा रहनेछन् । हालको प्रस्तावित प्रहरी संगठनको संरचना यसप्रकार रहेको छ :-




**पुनश्च** : माथि उल्लेखित शाखा अन्तर्गत आवश्यकता अनुरूप उपशाखा र विभिन्न Cell हरू गठन गर्न सकिने छ । सो का लागि आवश्यक पर्ने जनशक्तिलाई जगेडा पुलमा राखिनेछ । विभाग, महाशाखा, शाखा र उपशाखाले सम्पादन गर्ने कामका सम्बन्धमा छुट्टै SOP तयार गरी लागु गरिनेछ ।

## (१) उजुरी सम्बन्धी व्यवस्था

### (क) महिला तथा बालबालिकाहरूको बेचबिखन सम्बन्धी अपराध बारेको उजुरी सम्बन्धी कानुनी व्यवस्था

सरकारवादी हुने फौजदारी अपराधको प्रकृतिको आधारमा अनुसन्धान प्रक्रियालाई अघि बढाउन सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को कार्यविधिगत व्यवस्था गरेको छ। जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत सबै अपराधजन्य कार्यहरू सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गत पर्ने अपराध हुन्। यस्ता अपराधमा प्रहरीद्वारा अनुसन्धान हुने गर्दछ र अपराध सम्बन्धी घटनाको सूचना पाउने बित्तिकै प्रहरी अधिकृतले त्यस्तो मुद्दाको जाहेरी वा उजुरी लिई अनुसन्धान कार्य प्रारम्भ गर्नु पर्दछ। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३ ले जाहेरी तथा उजुरीमा निम्न कुराहरू उल्लेख गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ।

(क) जाहेरी वा सूचना मौखिक रूपमा दिएमा, जाहेरी वा सूचना दिने व्यक्तिले दिएको निम्न विवरण खुलाई लिपिबद्ध गर्नुपर्दछ।
- (१) अपराध भएको वा भइरहेको वा हुनसक्ने सम्भावना भएको मिति, समय र ठाउँ।
- (२) अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलिया।
- (३) अपराधसँग सम्बन्धित सबुदप्रमाण।
- (४) अपराधको प्रकृति र अपराधसँग सम्बन्धित अन्य विवरण।

(ख) जाहेरी वा सूचना दिने व्यक्तिले दिएका विवरण लिपिबद्ध गर्ने कार्य समाप्त भएपछि लेखिएको कुरा पढेर जाहेरी वा सूचना दिने व्यक्तिलाई सुनाई निजको सहीछाप गराउनु पर्दछ।

(ग) जाहेरी दरखास्त स.मु.स. नियमावली २०५५ को अनुसूची ३ बमोजिमको अपराध दर्ता किताबमा दर्ता गर्नु पर्दछ।

(घ) दर्ता गरेपछि स.मु.स. नियमावली २०५५ को अनुसूची २ को ढाँचामा भर्पाइ र दर्ता नम्बर जाहेरवालालाई दिनु पर्दछ।

***सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३***

स्वयम् जाहेरवाला वा घटना देख्ने जान्ने व्यक्ति कै मुखबाट जाहेर भएका कुराहरू बढी विश्वसनीय हुन्छन्। अर्को महत्त्वपूर्ण कुरा यस्तो व्यक्ति अभियोजन पक्षको महत्त्वपूर्ण प्रमाण पनि हो। अतः उसका बारेमा विस्तृत जानकारी प्राप्त गर्ने प्रयोजनका लागि पनि जाहेरवालासँग अनुसन्धानकर्ता स्वयम्ले साक्षात्कार हुनु आवश्यक हुन्छ। कुनै पनि अपराधका सम्बन्धमा जाहेरी लिंदा भरसक जाहेरवाला स्वयम्लाई उपस्थित गराई लिने कुरामा अनुसन्धानकर्ता सजग रहनु पर्दछ। जाहेरी वा उजुरी लिंदाका अवस्थामा अनुसन्धानकर्ताको संलग्नता र व्यवहारको अत्यन्त महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। अपराधको सक्षम एवम् प्रभावकारी अनुसन्धान सम्पन्न गर्नका लागि अनुसन्धानकर्ताका निम्न लिखित सीप एवम् व्यावसायिक कुशलताले अत्यन्त ठूलो सहयोग पुऱ्याउँदछ।

(क) यौनशोषणका लागि हुने ओसारपसार एवम् बेचबिखन महिला तथा बालिकाको यौनशोषणसँग सोझै सम्बन्धित रहेको हुन्छ। अतः जाहेरी वा उजुरी दिने व्यक्ति पनि सामान्यतया पीडित महिला वा बालिका नै हुने गर्दछन्। नेपाली समाजका परम्परागत मान्यताभित्र हुर्किएका महिला तथा बालिका सामान्यतया यौनजन्य कुराकानी गर्न लाज मान्दछन्। तर अपराध स्थापित गरी अपराधीलाई सजाय गर्नका लागि वास्तविक तथ्य प्रकट हुनु आवश्यक हुन्छ। अतः सकेसम्म उजुरी लिंदा महिला प्रहरीहरूले पीडितको बेहोरा सुनी खोल्नुपर्ने कुराहरू सहज रूपमा खुलाउनु पर्दछ।

(ख) यौनशोषणका पीडित व्यक्तिहरूप्रतिको सामाजिक दृष्टिकोण अझ पनि सकारात्मक हुन सकिरहेको

छैन । अतः अनुसन्धानकर्ताका व्यवहारहरू पनि पीडितप्रति "बिग्रिएकी महिला" भन्नेखालको हुन सक्दछ । यसतर्फ होसियार रहनु पर्दछ । अतः आफ्नो मान्यताबाट पूर्वाग्रही नबनी पीडितको मानव अधिकारको संरक्षण र उसले भोगेको अपराधको पीडामा न्याय दिलाउने न्यायिक मनबाट प्रभावित हुनुपर्दछ ।

(ग) अनुसन्धानको क्रममा अनुसन्धानकर्ता पीडितले भोगेका पीडाजनक व्यथाबाट भावनात्मक रूपमा प्रभावित हुन सक्ने अवस्था पनि आइपर्न सक्दछन् । यस्ता अवस्थामा गरिएको अनुसन्धानले एकातर्फ अनुसन्धान वस्तुगत प्रमाणमा भन्दा भावनात्मक आख्यानमा आधारित हुने खतरा रहन्छ भने अर्कोतर्फ अभियुक्तका फौजदारी न्याय सम्बन्धी आधारभूत अधिकारहरूको उल्लंघन हुन सक्ने खतरा पनि रहन्छ । दुबै अवस्थामा अनुसन्धानको स्तर कमजोर बन्दछ ।

(घ) अनुसन्धानकर्तामा "सजाय वा दण्ड" को भावना पैदा हुन सक्दछ । यस्तो अवस्थामा पनि पीडितको हकमा वस्तुगत प्रमाणहरू संकलन गर्ने भन्दा अभियुक्तको साबिती बयान गराउने प्रक्रियातर्फ जोड हुन सक्छ । यस्तो अवस्थाले पनि अभियोजनलाई कमजोर पार्दछ ।

उपर्युक्त कुराहरूप्रति सजग रही उजुरी वा जाहेरी लिपिबद्ध गर्ने कार्य गर्न सकियो भने जाहेरी वा उजुरीमा पुष्टि गर्न सकिने वस्तुगत सूचना वा आधारहरू खुल्न सक्दछन् ।

सरकारी मुद्दा सम्बन्धी ऐनले अपराधका बारेमा जानकारी प्राप्त हुने व्यक्तिले निम्न कुरा खुलाई उजुरी वा जाहेरी दिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

***स.मु.स. ऐन, ०४९ को दफा ३(१)***

अनुसूची १ मा लेखिएको कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबूदप्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्नेछ ।

(२) अनुसूची १ बमोजिम लिखित दरखास्त दिने व्यक्तिले दरखास्तमा सकेसम्म देहायका कुराहरू खुलाउनु पर्नेछ :-

(क) अपराध भएको वा भइरहेको वा हुने सम्भावना भएको मिति, समय र ठाउँ ।

(ख) अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलिया ।

(ग) अपराधसँग सम्बन्धित सबूद प्रमाण ।

(घ) अपराधको प्रकृति र अपराधसँग सम्बन्धित अन्य विवरण ।

***स.मु.स. ऐन, ०४९ को दफा ३(२) र (३)***

(३) अपराधको सूचना गर्न आएको व्यक्तिले त्यस्तो सूचना मौखिक रूपमा दिएकोमा सम्बन्धित प्रहरी कर्मचारीले उसले भनेका सबै कुराहरू र उपदफा (२) बमोजिमका कुरा समेत खुलाई लेखी निजलाई पढी बाची सुनाई निजको सहीछाप समेत गराई राख्नु पर्नेछ ।

***स.मु.स. ऐन, ०४९ को दफा ३(४)***

(४) उपदफा (१) बमोजिम वा प्रहरी कर्मचारीले अन्यत्र कतैबाट प्राप्त गरेको अपराधको सूचनालाई तोकिएको ढाँचाको दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

(५) तर हुलाकद्वारा वा व्यक्तिमार्फत पठाएका जाहेरी दरखास्त वा सूचनाको व्यहोरा सम्बन्धित व्यक्तिले स्वीकार गरी सनाखत नगरेसम्म त्यस्तो दरखास्त वा सूचना उपरको कारवाही स्थगित गर्न सकिनेछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ३ (४) को प्रतिबन्धात्मक वाक्यांश*

(६) कुनै दर्खास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयमा आफैं आएर नदिई कुनै व्यक्तिमार्फत पठाएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो दर्खास्त वा सूचना बुझी त्यसको भरपाई अनुसूची २ बमोजिमको ढाँचामा त्यस्तो दर्खास्त वा सूचना लिई आउने व्यक्तिलाई दिनु पर्नेछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ३ (३)*

(७) उपनियम (३) बमोजिम पर्न आएको दर्खास्त अनुसूची १ बमोजिमको ढाँचामा नभए पनि बुझिलिनुपर्छ र त्यस्तो दर्खास्तको सम्बन्धमा अन्य कुनै आवश्यक कुरा खुलाउनु पर्ने देखिएमा सम्बन्धित प्रहरी कार्यालयले दर्खास्त वा सूचना पठाउने व्यक्तिकहाँ कर्मचारी पठाई वा निजलाई कार्यालयमै झिकाई आवश्यक कुराहरू खुलाई लिन सक्नेछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ३ (४)*

जाहेरी वा सूचना दर्ता गर्न प्रहरीले इन्कार गर्नु हुँदैन । इन्कार गरेको अवस्थामा जाहेरवालाले माथिल्लो प्रहरी कार्यालय वा प्रमुख जिल्ला अधिकारी समक्ष जाहेरी वा सूचना दर्ता गराउन सक्दछ ।

अपराधको सूचना दिन पाउने कुरा व्यक्तिको अधिकारको कुरा हो, र त्यो नागरिकको कर्तव्य पनि हो । प्रहरीले नागरिकलाई जाहेरी वा सूचना दर्ता गर्दा कदापि हतोत्साही गर्नु हुँदैन । त्यसो गर्नु कानुनको उल्लंघन मात्रै होइन, प्रहरीको आचरण बर्खिलाप समेत हुनजान्छ । अपराधको व्यवस्थित अनुसन्धानमा जाहेरी वा उजुरीको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ। अनुसन्धान राम्रो हुन सक्दछ भने अर्कोतर्फ निर्दोष व्यक्ति सजायको भागी बन्न सक्दछ । त्यसैकारण जाहेरी वा उजुरी लिन इन्कारी गर्नुहुँदैन । जाहेरी वा उजुरी लिनुको तात्पर्य कसैलाई दोषी हो भनी दण्डित गर्ने कार्य पनि होइन । जाहेरी वा उजुरी लिएपछि अनुसन्धानको शुरुवात हुन्छ ।

उपदफा (४) बमोजिम सम्बन्धित प्रहरी कर्मचारीले अपराधको सूचना दर्ता गर्न इन्कार गरेमा अपराधको सूचना गर्ने व्यक्तिले सो कुरा खुलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा त्यसरी अपराधको सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो प्रहरी कार्यालयमा अपराधको सूचना दिन सक्नेछ । त्यसरी सूचना प्राप्त गर्ने प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयका प्रहरी कर्मचारीले सो कुराको अभिलेख राखी आवश्यक निर्देशन सहित लिखित रूपमा त्यस्तो अपराधको सूचना आवश्यक कारवाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ ।

उपदफा (५) बमोजिम प्राप्त हुन आएको अपराधको सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले उपदफा (४) बमोजिम दर्ता गर्नुपर्नेछ ।

*स.मु.स. ऐन, ०४९ को दफा ३(५) र (६)*

जाहेरी वा सूचना दर्ता गर्दा कुनै शुल्क लिनु हुँदैन ।

जाहेरी दरखास्तको ढाँचा सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को अनुसूची १ ले तोकेको छ । अत: सो ढाँचा बमोजिम विवरण लिपिबद्ध गर्नुपर्दछ ।

तर कसैले ढाँचा नमिलाई जाहेरी दरखास्त दिएमा बुझिलिनु पर्दछ । ढाँचा नमिलाएकै कारणले जाहेरी दरखास्त बुझिलिन अस्वीकार गर्नु हुँदैन ।

अनुसन्धान अधिकृतले अपराधको अनुसन्धान गर्दा कानुनद्वारा व्यवस्थित कार्यविधिको पालना गर्नुपर्दछ । खासगरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, स.मु.स. नियमावली, २०५५, प्रहरी ऐन, २०१२ एवं नियमावली, २०४९ लगायत संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएको code of conduct for law enforcement officials, 1979 र नेपाल राज्य पक्ष भएको अन्तर्राष्ट्रिय अनुबन्धहरूको पालना गर्नुपर्दछ ।

चेलीबेटी बेचबिखन सम्बन्धी अपराध विश्वभर नै फैलिएको छ । यो गम्भीर र जघन्य प्रकृतिको हुनुको साथै अन्तरदेशीय (Transnational) र संगठित (Organized) अपराधको रूपमा देखापरेको छ । महिला तथा बालबालिकाको बेचबिखन तथा यौनशोषण हुने कुरालाई मध्यनजर राखी महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा अन्त्य गर्न विश्व नै एकजुट भएको देखिन्छ । नेपालमा महिलाको बेचबिखन र यौनशोषणको अपराध बढी हुने गरेको र यसलाई नियन्त्रण गर्न जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लागू भएको छ । तर यो कानुन व्यावहारिक रूपमा कार्यान्वयन हुन सकिरहेको पाइँदैन । फलस्वरूप: चेलीबेटी बेचबिखन घटनाको अनुपातमा प्रहरीमा यस सम्बन्धी जाहेरी वा उजुरी अत्यन्त कम आउने गरेको अभिलेखबाट देखिन आउँछ ।

यसै कुरालाई मध्यनजर राखी चेलीबेटी बेचबिखन अपराध नियन्त्रणलाई प्रभावकारी गराउन जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०५८ विधेयकको रूपमा संसदमा प्रस्तुत भई पारित समेत भइसकेको छ । यसमा अघिल्लो ऐन, २०४३ ले समेट्न नसकेका धेरै कुराहरू समावेश गरिएको छ । जिउ मास्नेबेच्ने कार्य नियन्त्रण ऐन श्री ५ को सरकार वादी हुने र अनुसूची १ अन्तर्गत रहेको हुँदा यस सम्बन्धी अपराधको जाहेरी वा उजुरको अवस्था देखिने अनुसन्धानको जिम्मेवारी प्रहरीमा निहित रहेको छ ।

जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ बमोजिम चेलीबेटी बेचबिखन विरूद्धको आपराधिक कार्य र सो को उजुरी दिने प्रक्रिया यसप्रकार रहेको छ ।

ऐनको दफा ४ बमोजिम जिउ मास्नेबेच्ने मानिने कार्यहरू : कसैले देहायका कुनै कार्य गरेमा निजले जिउ मास्नेबेच्ने कार्य गरेको मानिनेछ ।

(क) जुनसुकै उद्देश्यले मानिस किनबेच गर्ने कार्य,

(ख) जुनसुकै उद्देश्यले बेच्न मानिसलाई विदेश लैजाने,

(ग) कुनै स्वास्नी मानिसलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउने कार्य,

(घ) माथिका खण्डहरूमा लेखिएका कुनै कार्य गर्नको लागि परिपञ्च मिलाउने त्यस्तो कार्य गर्नलाई सहयोग पुऱ्याउने वा त्यस्तो कार्यमा लाग्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने आदि कार्यहरूलाई अपराधको रूपमा लिएको छ ।

महिला तथा बालबालिका विरूद्ध हुने त्यस्तो अपराधहरू हुन लागेको, भैरहेको वा भैसकेको जानकारी प्राप्त गर्ने जुनसुकै व्यक्ति, संस्था वा निकायले कुनै पनि प्रहरी कार्यालयमा उजुरी दिने व्यवस्था गरिएको छ । उक्त ऐन, २०४३ को दफा ५ बमोजिम उजुरी दिने प्रक्रिया यसप्रकार रहेको छ :-

(१) जिउ मास्नेबेच्ने कार्य गरेको वा गर्न लागेको थाहा पाउने कुनै व्यक्तिले कुनै पनि प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ र त्यसरी उजुर गर्दा उजुरवालाले प्राप्त भएसम्मको सबुद समेत पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीलाई प्रहरीले नजिकको जिल्ला अदालतमा पेस गरी अदालतबाट तत्सम्बन्धमा कारवाही गर्न मुनासिब माफिकको कारण देखी अदलतबाट आदेश भएमा प्रहरीले त्यस्तो उजुरीको सम्बन्धमा आवश्यक अनुसन्धान र तहकिकात गर्नेछ।

*जिऊ मास्नेबेच्ने कार्य नियन्त्रण ऐन २०४३ को दफा ५ (१) (२)*

जिउ मास्नेबेच्ने अपराधमा भने जाहेरी वा उजुरीको ठूलो महत्व छ। सामान्यतया यस्ता अपराधमा स्वयम् पीडितले भोगेका अनुभवहरू सूचनाको रूपमा अंकित भएका हुन्छन्। अतः यस अपराधको जाहेरी वा उजुरीमा निम्न विषयहरूलाई विशेष ध्यान दिनुपर्दछ।

(१) ओसारपसार गर्दा प्रयोग गरेको बाटो, यातायातको साधन संलग्न भएका व्यक्ति र प्रत्येकले खेलेको भूमिका।

(२) मिति, समय इत्यादि।

(३) ओसारपसारमा प्रयोग गरिएको उपाय जस्तै प्रलोभन।

(४) पुर्‍याइएको सहर र सहरका किनबेचमा संलग्न व्यक्तिहरूको जानकारी, नाम थाहा नभए हुलिया, जात, ढंग, उमेर, बोली इत्यादि।

(५) कोठीमा भएका शोषण र यातनाका घटना।

(६) उम्किएको वा उद्धारको प्रक्रियाको विवरण इत्यादि।

## जिउ मास्नेबेच्ने अपराधको जाहेरी सम्बन्धी विशेष कानुनी व्यवस्था

उक्त ऐनमा व्यवस्था भएबमोजिम महिला तथा बालबालिका बेचबिखन विरूद्धको अपराधको उजुरी सम्बन्धित पीडित व्यक्तिको परिवार वा अन्य सामाजिक संघसंस्थाहरूबाट नियमित रूपले उजुरी पर्न सकिरहेको छैन भने यस विषयमा अनुसन्धान गर्ने जिम्मेवार प्रहरी निकायका कर्मचारीहरू समेत संवेदनशील हुन सकिरहेको पाइँदैन, जसले गर्दा घटित अपराधको अनुपातमा जाहेरी वा उजुरीमा नआई यस अपराधसँग सम्बन्धित शंकित व्यक्ति वा गिरोहलाई कानुनबमोजिम कारवाही हुन सकिरहेको देखिंदैन।

महिला तथा बालबालिका बेचबिखन सम्बन्धी अपराध मानवता विरूद्धको अपराध भएको हुँदा चेलीबेटी बेचबिखन तथा ओसारपसार विरूद्ध अन्तर्राष्ट्रिय दस्तावेजहरू जीउ मास्नेबेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनको लागि सन् १९४९ मा व्यवस्था भएको महासन्धि र सो को सन् १९५० को अन्तिम प्रोटोकल। यस महासन्धि तथा प्रोटोकलमा नेपालले सन् १९९५ डिसेम्बरमा जनाएको प्रतिबद्धता तथा काठमाडौंमा सम्पन्न एघारौं सार्क शिखर सम्मेलनमा "वेश्यावृत्तिको लागि महिला र बालबालिकाको ओसारपसार विरूद्धको सार्क महासन्धि २००१" समेत महत्त्वपूर्ण छन्।

यसै सन्दर्भमा महिला तथा बालबालिका बेचबिखन विरूद्धको अपराध नियन्त्रणमा प्रभावकारिता ल्याउन जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण ऐन, २०५८ को विधेयक संसदद्वारा पारित भैसकेको छ।

उक्त विधेयक २०५८ मा साबिक ऐन, २०४३ मा भएको व्यवस्था भन्दा विविध पक्षमा भिन्नता रहेको छ। विधेयक २०५८ को परिच्छेद २ दफा ४ मा जिउ मास्नेबेच्ने सम्बन्धित निषेध कार्यहरू गर्न नहुने यसप्रकार रहेको छ :-

जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) गर्न बनेको विधेयक दफा ४

**जिउ मास्नेबेच्ने कार्य गर्न नहुने**

(१) कसैले पनि कसैको जिउ मास्नेबेच्ने कार्य गर्न वा गराउन हुँदैन ।

(२) कसैले देहायको कुनै कार्य गरे वा गराएमा जिउ मास्नेबेच्ने कार्य गरेको मानिनेछ ।

(क) कुनै पनि उद्देश्यले मानिसको खरीद बिक्री गरेमा,

(ख) वेश्यावृत्ति गरेमा वा गर्न लगाएमा,

(ग) कुनै पनि तरिकाले बालकउपर यौनजन्य कार्य गरेमा वा गर्न लगाएमा,

(घ) वेश्यावृत्ति गर्न लगाउने उद्देश्यले बालक वा होस् ठेगानामा नभएको व्यक्तिलाई लगेमा,

(ङ) वेश्यागमन गरेमा,

(च) माथि खण्डहरूमा उल्लेखित कार्यहरू गर्न उद्योग गरेमा त्यस्ता कार्य गर्न लगाउन सहयोग गरेमा ।

त्यसै गरी माथि उल्लेखित (अपराध) कार्यहरू भए गरेको सम्बन्धमा उजुरी दिने व्यवस्था विधेयकको परिच्छेद ३ दफा ६ मा भएको छ, जसअनुसार :-

## उजुरी गर्ने

(१) परिच्छेद २ बमोजिम कुनै कार्य गरेको वा गर्न लगाएको थाहा पाउने जुनसुकै व्यक्तिले कुनै पनि प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ र त्यसरी उजुर गर्दा उजुरवालाले प्राप्त भएसम्मको सबुद प्रमाण समेत पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीलाई प्रहरीले नजिकको जिल्ला अदालतमा पेश गरी अदालतबाट भएको आदेश बमोजिम गर्नुपर्नेछ ।

प्रस्तुत विधेयक ऐनको रूपमा छिट्टै लागू हुने अवस्था रहेको छ । यसका साथै फौजदारी न्याय सम्बन्धी महिला अधिकारहरूमा जाहेरी दरखास्त दिने सम्बन्धमा देहायबमोजिमको अधिकार रहेको पाइन्छ ।

(१) आफूले भने बमोजिम दरखास्त दर्ता गर्न पाउने ।

(२) जाहेरी दरखास्त दर्ता गर्दा आफ्नो परिवार वा साथीसँग जान पाउने ।

(३) जाहेरी दरखास्तमा सहीछाप गर्नपूर्व आफूले वा अरु कसैबाट पढ्न सुन्न पाउनु पर्ने ।

(४) सम्बन्धित प्रहरीले जाहेरी दरखास्त दर्ता नगरिदिएमा माथिल्लो प्रहरी अधिकृत समक्ष उजुर गर्न पाउने ।

(५) आफ्नै मातृभाषामा भने बमोजिमको व्यहोरा लेखाई दोभाषे मार्फत् अनुवाद गराई निवेदन दिन पाउने व्यवस्था छ ।

### (अ) उजुरी दिंदा खुलाउनुपर्ने कुराहरू

जिउ मास्नेबेच्ने अपराधको अनुसन्धान प्रक्रिया लामो र जटिल भएको हुँदा पीडित पक्षबाट उजुरी दिंदा स.मु.स. नियमावली, २०५५ को नियम ३ को उपनियम (१) सँग सम्बन्धित ढाँचाको जाहेरी दरखास्तमा उल्लेख भए बमोजिम बेहोरामा दिनु आवश्यक हुन्छ । यस अपराधका पीडित पक्षहरूले उजुरी दिने प्रकृयाको सम्बन्धमा विस्तृत जानकारी पाउने व्यवस्था प्रहरी, कानुन व्यवसायी तत्सम्बन्धी सेवा गर्ने सामाजिक

संघसंस्थाहरूले समेत सहयोग पुऱ्याउनु पर्दछ ।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट जारी गरिएको आपराधिक सूचना दर्ता प्रणाली (Incident Information Report System) मा उल्लेख भए बमोजिमको ढाँचा (Format) को बुँदाहरू समावेश गरिएको खण्डमा अनुसन्धान प्रक्रियालाई अघि बढाउन बढी सहज हुन सक्दछ । चेलीबेटी बेचबिखन विरूद्धको अपराधको उजुरीको प्रक्रियालाई प्रभावकारी बनाउन बेचिन सक्ने सम्भावित उमेरका चेलीबेटीहरू हराएको (Missing) अवस्थादेखि नै के कसरी, कहिले कहाँबाट हराएको हो, हराउनु पर्ने परिस्थिति र कारण, हराएको भएमा कोसँग हराएको शंका लाग्दछ, सो समेत स्पष्ट गरी उजुरी दिनुका साथै सबै पक्ष पीडितका परिवार सामाजिक संघसंस्था, प्रहरी आदिले नियमित खोजतलासको व्यवस्था समेत गर्नु पर्दछ । नेपालमा चेलीबेटी हराएको र सो को विरूद्धमा उजुरी परी अनुसन्धान भएको कारवाहीको अनुपात ज्यादै न्यून रहेको छ ।

उजुरी दिने सन्दर्भमा विशेष गरी देहायका कुराहरू खुलाउनु आवश्यक हुन्छ -

(१) पीडित व्यक्तिको नाम, थर, ठेगाना, उमेर, हुलिया, शैक्षिक यौग्यता, व्यवसाय, बोल्ने भाषा आदि र फोटो सहितको विवरण पेश गर्नुपर्दछ ।

(२) चेलीबेटी बेचबिखनमा प्रयोग भएको सम्भावित बाटो कहाँदेखि कहाँसम्म सवारी साधन, बास बसेको स्थान आदि उल्लेख गर्नुपर्दछ ।

(३) शंकित व्यक्तिले अपराध गर्दा पीडितलाई प्रभाव पार्न अपनाएको कार्यविधि, व्यवहार, खानपिन आदिको बारेमा खुलाउनु पर्दछ ।

(४) अपराधमा संलग्न शंकित व्यक्तिको नाम, थर, ठेगाना, हुलिया, पेशा खुलाउनु पर्दछ ।

(५) शंकित व्यक्तिको सम्भव भएसम्म फोटो, परिचयपत्र (विद्यार्थी, नागरिकता) को नम्बर खुलाउनु पर्दछ ।

(६) शंकित व्यक्तिको उमेर, नाम, उपनाम भए सो खुलाउनु पर्दछ ।

(७) शंकित व्यक्तिले विभिन्न समयमा अपनाएको व्यवसाय र हालको व्यवसाय, पेशा खुलाउनु पर्दछ ।

(८) शंकित व्यक्तिले अपराध गर्दाको बखत प्रयोगमा ल्याएको कपडाको रंग प्रकार खुलाउनु पर्दछ ।

(९) शंकित व्यक्तिले अपराध गर्दा के कस्तो प्रकारको कसरी प्रलोभन देखाई फकाएको थियो सो खुलाउनु पर्दछ ।

(१०) अपराधसँग सम्बन्धित फोटो खिचेको केही चिठ्ठीपत्र कागजहरू छन् भने त्यो खुलाएर राख्नु पर्दछ ।

### (आ) उजुरी लिंदा ध्यान दिनुपर्ने कुराहरू

चेलीबेटी बेचबिखन विरूद्धको उजुरी दिंदा खुलाउनु पर्ने कुराहरूलाई समेत दृष्टिगत गरी उजुरी लिनु पर्दछ । यस्तो अपराधमा पीडित हुने वर्ग अशिक्षित र नेपाली भाषा समेत बुझ्न नसक्ने पनि हुन सक्दछन् । सो समेत विचार गरी आवश्यक परेको खण्डमा दोभाषे समेतको सहयोग लिई उजरी लिनु पर्दछ र यस बखत ध्यान दिइनु पर्ने कुराहरू निम्न हुन सक्दछन् ।

❑ कानुनबमोजिम रितपूर्वकको दरखास्त छ कि छैन ।

❑ जाहेरी दरखास्त कुनै व्यक्ति मार्फत पठाइएको खण्डमा त्यस्ता व्यक्तिलाई भर्पाइ नदिने गरेको पाइएकोले भर्पाइ दिनु पर्दछ ।

❑ जाहेरी दरखास्त सम्बन्धमा थप कुराहरू खुलाउने प्रयास भएको पाइँदैन ।

❑ जाहेरी दिन आउने पीडित पक्षलाई प्रोत्साहित गरिनुको सट्टा दुरुत्साहित, उच्छृंखल भएर प्रश्नहरू सोध्ने वा सिधै आँखा जुधाएर कुरा गर्ने गर्नु हुँदैन ।

❑ पुरुष कर्मचारीहरूले अस्वाभाविक हाउभाउ गर्नुहुँदैन ।

❑ पीडित पक्षलाई विभिन्न समस्याहरू परिरहेको हुन सक्छ जस्तै खाना नखाएर भोकै हुन सक्छ, बस्नको

निमित्त समस्या हुन सक्छ त्यस्तो अवस्थामा सम्बन्धित संघसंस्थामा पठाएर पुनर्स्थापनाको निमित्त सहयोग गर्ने प्रयास गर्नुपर्छ ।

- ❑ उजुरी दिने वातावरण बनाउन मुख्य प्रवेशद्वारदेखि नै कर्मचारीलाई सचेत गराउनु पर्दछ ।
- ❑ कर्मचारीहरूलाई लैङ्गिक (जेण्डर) सचेतना तालिम प्रदान गरिएको हुनुपर्दछ । किनकि पीडित महिला वर्गलाई प्रहरी कार्यालयमा आउँदा अनावश्यक हैरानी दिइने गरेको छ भन्ने गुनासो छ ।
- ❑ उजुरी लिईसकेपछि दर्ता गरेर दर्ता नं. तुरुन्तै दिनु पर्दछ र कहिले, कहाँ कोसँग सम्पर्क राख्न आउने भन्ने कुरा स्पष्ट भनी दिनु पर्दछ ।
- ❑ जाहेरी दरखास्त लेख्न पीडित पक्षलाई समस्या भएकोले वा नजान्ने भएकोले प्रहरीबाट लेखिदिने व्यवस्था मिलाउनु पर्दछ ।
- ❑ प्रहरी कार्यालयबाट एकै खालको ढाँचा (Format) बनाएर जाहेरी दरखास्त सम्बन्धी सूचनाहरू राख्ने व्यवस्था मिलाउन सकिन्छ ।
- ❑ मुद्दा दर्ता प्रहरी आफैंले गर्न सक्दछ ।
- ❑ जीउ मास्नेबेच्ने अपराधमा प्रमाण स्वयम् बेचिने मानिस नै भएकोले सो प्रमाण प्रहरीले अनुसन्धानबाट जुटाउने प्रयास गर्नुपर्नेमा शुरुमा जाहेरी लिंदामा नै प्रमाण छैन, किन मुद्दा दर्ता गर्ने भन्ने प्रश्न गर्नुहुँदैन ।

### (इ) प्रारम्भिक प्रतिवेदन सरकारी वकिललाई पठाउनु पर्ने व्यवस्था

- ❑ सरकारी मुद्दा सम्बन्धी ऐन अनुसार प्रहरी अधिकृतले अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन सरकारी वकिललाई बुझाएपछि अनुसन्धानको प्रक्रिया अगाडि बढ्छ । सामान्यतः जाहेरी दर्ता भएपछि सो प्रतिवेदन पेश गर्ने गरिन्छ ।

### (ई) प्रारम्भिक प्रतिवेदनको आधारमा अनुसन्धान सम्बद्ध अधिकारीलाई निर्देशन दिने ।

- ❑ प्रारम्भिक प्रतिवेदनको आधारमा सो अपराधका सम्बन्धमा कसरी अनुसन्धान गर्नुपर्दछ भन्ने सम्बन्धमा सरकारी वकिलले सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिन सक्दछ । उक्त निर्देशनको पालना गर्नु अनुसन्धान अधिकारीको कानुनी कर्तव्य हुन्छ ।
- ❑ यस मुद्दामा अभियुक्त पक्राउ गर्न विशेष जोड दिनुपर्दछ ।
- ❑ पीडितको राहतको निमित्त व्यवस्था मिलाउने सम्बन्धी ज्ञान सम्बद्ध अधिकारीलाई जानकारी हुनुपर्दछ । सोही अनुसार पीडितको पुनर्स्थापनाको निमित्त आवश्यक व्यवस्था मिलाउन सक्दछ ।

## (ख) पीडितले अदालत समक्ष गरिने बयान र यसको प्रमाणीकरण प्रक्रिया

*जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ६ (१) र (२)*

जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ अनुसार चलेको मुद्दामा पीडित महिलाले जाहेरी दिएकोमा निजको तत्काल बयान लिई त्यस्तो बयान सम्बन्धित जिल्ला अदालतका जिल्ला न्यायाधीश समक्ष पीडितको बयान प्रमाणित गराउनु पर्ने व्यवस्था गरेको छ । यस व्यवस्था अन्तर्गत पीडित पक्षको बयान प्रमाणित गर्दा निम्न कार्यविधि अपनाउनु पर्दछ ।

(१) उजुर गर्ने व्यक्ति बेचबिखन गर्न वा वेश्यावृत्तिमा लगाउन लगिएको वा बेचबिखन गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति भएमा र त्यस्तो व्यक्ति उपस्थित भएमा सरकारी वकिलको रोहबरमा त्यस्ता व्यक्तिको तत्काल बयान गराई सो बयान प्रमाणित गराउनको लागि सो व्यक्तिलाई चौबीस घण्टाभित्र नजिकको जिल्ला अदालतमा लैजानु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरवालाको बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित न्यायाधीशले त्यस्तो बयान पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भएमा सोही बेहोरा र भने बमोजिम नभएमा के कति कुरा फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरी दिनु पर्नेछ ।

**समस्याहरू**

(१) बयान प्रमाणित गराएर मात्र मुद्दा दर्ता हुने व्यवस्थाले गर्दा अभियुक्त तथा शंकित व्यक्तिहरू फरार हुने गरेको ।

(२) पीडित पक्षको बयान सरकारी वकिल समक्ष गराउने र अदालत समक्ष पेश गर्ने, पीडित पक्षलाई अदालतबाट पछि गर्ने परीक्षणमा समेत उपस्थित भई बयान दिनुपर्ने व्यवस्थाले सरसर्ती हेर्दा पीडित पक्ष बढी हतोत्साही हुन सक्ने देखिन्छ ।

(३) यस किसिमको कानुनी व्यवस्था स.मु.स. ऐनको अनुसूची १ भित्र पर्ने अन्य मुद्दाहरूको हकमा लागू हुँदैन ।

(४) सरकारी वकिल समक्ष बयान गराइसकेपछि पुनः अदालत समक्ष उक्त बयानलाई पढी बाँची सुनाउनु पर्ने कानुनी प्रावधान रहेकोले पीडित पक्षलाई आफूले गरेको बयान प्रहरीका समक्ष दिएको उजुरीका विषयमा स्पष्ट रूपमा जानकारी नहुँदा बयान बाझिने र फरक पर्ने समस्या ।

(५) पीडित पक्षको बयान प्रहरी समक्षको उजुरीमा फरक पर्न गएको अवस्थामा अदालतबाट पीडित पक्षले भने बमोजिम नभएको भनी निर्धारण गरिएको अवस्थाहरूलाई प्रहरी कर्मचारीले अनुसन्धान तहकिकातको विषयवस्तु अर्थात् सम्बद्ध तथ्य (Relevant Fact) लाई स्थापित गर्न नसक्नु ।

(६) बयान प्रमाणित गर्दा कतिपय मुद्दाहरूमा न्यायाधीश आफैं संवेदनशील नहुनु, पीडितको कुरा राम्रोसँग नसुन्नु ।

(७) पटकपटक बयान दिनुपर्दा पीडितले पुनः पीडित हुनुपर्ने अवस्था ।

## (ग) पीडितको बयानमा संरक्षकको रोहबर सम्बन्धी कानुनी कार्यविधि

अदालती बन्दोबस्तको २४ नं. अनुसार जुनसुकै कुरामा भए पनि सोह्र वर्ष नपुगेका नाबालकको र उमेर पुगेका भएपनि कुनै किसिमको रोगले होश ठेगानामा नभएका वा बौलाएका मानिस समेतको कागज लिनु वा गराउनु पर्दा उसको संरक्षक वा हकवाला नराखी कुनै कागज लिनु गराउनु हुँदैन, सोह्र वर्ष नपुगेको भए पनि ज्यानमारा, चोरी वा करणी गर्ने गर्न लाउने मानिसको अड्डाबाट कागज गराउनु पर्दा भने संरक्षक वा हकवाला भए निजलाई राखी र नभए उसैको मात्र कागज गराउन पनि हुन्छ । संरक्षक वा हकवाला राखी कागज गराएकोमा यो मेरो यस किसिमको मानिसले मेरो सामुन्नेमा भने बमोजिम लेखी सहिछाप गरेको साँचो हो भनी सो कागजको किनारामा सो संरक्षक वा हकवालाको पनि सहिछाप गराउनु पर्छ । कागज गराउँदा कसैलाई पनि जोरजुलुम करकाप गरी कागज गराउनु हुँदैन । गरे बदर हुन्छ । लेखिए बमोजिम बाहेक आफ्ना खुशीराजीले जानी बुझी सहिछाप हालेपछि सो कागज सदर हुन्छ ।

अन्धा अन्धी र बक्क लाटा लाटीको कागज गराउनु पर्दा उनीहरूको संरक्षक वा हकवाला भए निजलाई र नभए निजै अन्धा अन्धी लाटा लाटीले रोजेका सरजमिनका मानिस राखी अन्धा अन्धीले भने बमोजिम र लाटा लाटीले इसारा गरे बमोजिम राम्रो तवरबाट इसारा बुझी कागज गराई लेखिए बमोजिम कागज भएको हो भन्ने सरजमिन वा संरक्षक वा हकवालाको पनि सोही कागजमा सहिछाप गराई राख्नु पर्छ ।

**समस्याहरू**

(१) पीडितसँग बयान लिंदा उसको संरक्षक वा आफन्तलाई साथमा बस्न नदिनु ।

(२) बन्द इजलासको व्यवस्था नहुनु ।

(३) अभियुक्तहरूले पीडितलाई मुद्दा फिर्ता लिन अथवा आफ्नो विरूद्धमा नबोल्न मजबुर गर्नु ।

(४) सम्बन्धित निकायहरू बीच आपसी समझदारी तथा सहयोगको वातावरण नहुनु ।

(५) अनुसन्धान प्रकृया परम्परागत शैलीको हुनु ।

(६) भ्रष्टाचार तथा राजनैतिक प्रतिबद्धताको कमी हुनु ।

**सुझावहरू**

- Camera Court को व्यवस्था हुनुपर्ने ।
- पीडित सहयोग पद्धतिको विकास गर्नुपर्ने ।
- पीडितसँग बयान लिंदा उसैले रोजेको व्यक्तिसँगै राख्न दिनुपर्ने ।
- अन्तर्राष्ट्रिय कानुनहरूले परिवर्तन तथा परिमार्जनसँग सँगै राष्ट्रिय कानुनहरूमा पनि आवश्यकता अनुसार सुधार तथा परिमार्जन गरिनु पर्ने ।
- जिउ मास्नेबेच्ने मुद्दाका अभियुक्तहरू धरौटी वा तारेखमा छुट्ने प्रक्रिया हटाउनु पर्ने, भाग्न सक्ने सम्भावना बढ्ने हुँदा थुनामै राख्ने ।
- पीडित तथा साक्षीहरूको सुरक्षाको जिम्मा राज्यले लिनुपर्ने ।
- प्रहरीमा दिएको बयानलाई प्रमाणको रूपमा लिनुपर्ने । पीडितलाई बारम्बार बयान दिने प्रक्रिया हटाउनु पर्ने ।
- नियन्त्रण र सन्तुलनको व्यवस्था (Check and Balance System) हुनुपर्ने ।
- सम्बन्धित निकायहरूको व्यवहार राम्रो हुनुपर्ने ।
- जिउ मास्नेबेच्ने मुद्दाको अनुसन्धान तहकिकात महिला प्रहरी अधिकृतबाट नै हुनुपर्ने महिला प्रहरी अधिकृत सम्भव नभएमा महिला प्रहरी कर्मचारीबाट बयान लिने ।
- मुद्दाको किनारा छिटोछरितो हुनुपर्ने ।
- विशेष अदालतको व्यवस्था अधिराज्यका प्रत्येक जिल्लाहरूमा हुनुपर्ने ।
- पीडित र साक्षीले नियमानुसार पाउनु पर्ने दैनिक भ्रमण भत्ता सजिलै उपलब्ध गराउनु पर्ने ।
- राज्यले पुनर्स्थापना गृहको व्यवस्था गर्नुपर्ने ।
- बेचिएर फर्किएका महिलाहरूले क्षतिपूर्ति पाउने व्यवस्था हुनु पर्ने ।

### (घ) पीडितको बयानको प्रामाणिक महत्व सम्बन्धी कानुनी व्यवस्था र यसको कार्यान्वयन

पीडितको बयान जिउ मास्नेबेच्ने मुद्दाको सबैभन्दा ठूलो प्रमाण हो । पीडित आफैं उपस्थित भएर गरेको बयानलाई अदालतले पनि मान्यता दिएको छ । तर कहिले कहीं प्रहरीमा गरेको बयान र पछि अदालतमा गरेको बयान बाझिन जाँदा अप्ठ्यारो स्थिति आइरहने कुरालाई नकार्न सकिंदैन । यस्तो अवस्थामा प्रहरीले तथ्य सत्यलाई पुष्टि गर्ने किसिमले प्रमाणहरू जुटाउनु पर्दछ र पीडितलाई बयान प्रमाणित गर्न लाँदा नै उसले भनेका कुराहरूको बारेमा स्पष्ट जानकारी दिनु पर्दछ र कानुनी प्रावधानहरूको बारेमा पनि जानकारी गराउनु पर्दछ ।

### जाहेरी अदालतमा पुष्टि हुनुपर्ने व्यवस्था

जाहेरी दिने व्यक्ति अभियोजन पक्षको एक भरपर्दो प्रमाणको रूपमा रहन्छ। प्रमाणको संकलन, व्यवस्थापन र मूल्यांकन सम्बन्धी विशेष कानुन प्रमाण ऐन, २०३१ हो। प्रमाण ऐनको दफा १८ ले जाहेरवालाले जाहेरीमा व्यक्त गरेको कुरा अदालतमा आई बकपत्र गर्नुपर्ने व्यवस्था छ।

जिउ मास्ने बच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गत चलेका मुद्दामा जाहेरी शुरुमा नै जिल्ला न्यायाधीशबाट प्रमाणित हुनुपर्ने भएबाट जाहेरवालालाई किन पुनः अदालतमा उपस्थित गर्ने भन्ने प्रश्न बारम्बार उठिरहन्छ।

अदालतमा बकपत्र गर्नु पर्ने कार्यविधि “स्वच्छ एवम् निष्पक्ष न्याय” को अवधारणासँग सम्बन्धित छ। अभियोजन पक्षले पेश गरेका सबै साक्षी प्रमाणको जिरह गर्न पाउने अधिकार “स्वच्छ एवम् निष्पक्ष न्याय” को अवधारणा अन्तर्गत प्रतिवादीलाई प्राप्त कुण्ठित गर्न नमिल्ने अधिकार हो। जिउ मास्नेबेच्ने कार्य ( नियन्त्रण) ऐन अन्तर्गत चलेका मुद्दामा प्रतिवादीले नै निर्दोषिता प्रमाणित गर्नुपर्ने व्यवस्था भएबाट यो अधिकारको झनै सतर्कतापूर्वक संरक्षण गर्नुपर्ने हुन्छ।

सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूमा जाहेरी दरखास्त र अदालतमा गरेको बकपत्र मिल्नु पर्ने तर्फ इंगित गरेको पाइन्छ।

जाहेरवाली माया कुमाल्नी बम्बई गएकी होइन, बेचिएकी होइन भन्ने तर्फ प्रतिवादीहरूले आधार प्रमाण पुऱ्याउन सकिरहेको देखिदैन। प्रतिवादी मध्येका भरत कुमारले तथा गौरी माया परियारले टिकट किनेका तथा वीरगञ्जसम्म गएका भन्ने अदालतकै बयानबाट देखिन्छ। माया तामाङनीले गाडीको टिकट किन्न लगाएको पनि देखिन्छ र जाहेरवालीलाई ललाउने फकाउने काम पनि माया तामाङबाट भएको भन्ने जाहेरीको खण्डन हुन सकेको पाइदैन। प्रतिवादीहरू अदालतमा आई आरोपित प्रतिवादीहरू भारततर्फ साथै गएको भन्ने प्रहरीमा गरेको बयान कागजको खण्डन हुन सकिरहेको छैन। किटानी जाहेरी दरखास्त तथा अदालतमा भएको बयानबाट समेत समर्थित भइरहेको स्थिति मिसिल संलग्न रहेको कागजातबाट देखिन्छ। जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७ अनुरूप आफ्नो निर्दोषिताको प्रमाण प्रतिवादीबाट प्रस्तुत हुन सक्नु पर्ने प्रावधान अनुरूप प्रतिवादी पक्षबाट आफ्नो प्रमाण जुटाई समर्थित गराउन सकेको छैन। सो अनुसार प्रमाण पुऱ्याउन सकेको नदेखिने अवस्थामा शुरु चितवन जिल्ला अदालतबाट प्रतिवादीहरू गौरीमाया परियार, माया तामाङनी र भारत कुमार पालिखेले आरोपित कसुर गरेको ठहराई भएको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०५२/२/१ को फैसला मिलेकै देखिंदा सदर हुने।

*माया परियार वि. श्री ५ को सरकार, स.अ. बुलेटिन, वर्ष ५, अंक ११, पृ. ३४*

### समस्याहरू

(१) पीडितको बयान बाङ्गिन जाँदा अपराधी अथवा अभियुक्तले सफाई पाउने र कम सजाय पाउने अवस्था आउँछ।
(२) न्यायाधीशहरू संवेदनशील र सचेत नहुनाले पीडित पुनः पीडित हुने अवस्था समेत देखिएको छ।
(३) महिला प्रहरीद्वारा अनुसन्धान तहकिकात नगर्नाले पीडितले भनेका र गराएको बयान बाङ्गिन जाने डर हुन्छ।

### (२) अनुसन्धान सम्बन्धी व्यवस्था

#### (क) उजुरी उपर अनुसन्धान तहकिकात सम्बन्धी जिम्मेवारी र यसमा प्रहरी एवम् सरकारी वकिलको भूमिका

सफल अभियोजनको आधार सफल अनुसन्धान हो र सफल अनुसन्धान धेरै हदसम्म अनुसन्धान अधिकृतको संवेदनशीलता र कार्यमा निर्भर गर्दछ। सबै अपराधहरू संवेदनशील हुन्छन्। महिला तथा बाल बालिकाहरूको बेचविखन सम्बन्धी अपराध तुलनात्मक रूपमा अझै संवेदनशील हुन्छ। यस अपराधको अनुसन्धान गर्ने क्रममा लैङ्गिक संवेदनशीलताको कुरालाई समेत ध्यानमा राख्नु पर्ने भएकोले अनुसन्धान तहकिकात सम्बन्धी जिम्मेवारी दिंदा नै यी पक्षहरूलाई मध्यनजर राख्नुपर्ने हुन्छ। यस्ता अपराधको अनुसन्धान अधिकृत तोक्दा महिला सेल स्थापना भएको स्थानमा सोही सेलमा कार्यरत प्रहरी अधिकृतलाई र अन्य स्थानको हकमा संभव भए सम्म तालिम प्राप्त (सम्बन्धित अपराधको बारेमा) महिला प्रहरी अधिकृतलाई अनुसन्धान अधिकृत खटाउने व्यवस्था हुनुपर्छ। महिलालाई अनुसन्धान अधिकृत तोक्न नसकिने अवस्थामा महिला प्रहरी समेत संलग्न हुने गरी सम्बन्धित अपराधको बारेमा तालिम प्राप्त, लैङ्गिक सवालमा संवेदनशील प्रहरी कर्मचारीलाई अनुसन्धान तहकिकात सम्बन्धी जिम्मेवारी दिने व्यवस्था हुनुपर्छ। अनुसन्धानमा महिला सहभागिताले अपराधहरूको बारेमा सूचना प्राप्त गर्ने खानतलासी गर्ने सवालमा सकारात्मक प्रभाव पर्न गई अनुसन्धान पक्ष सबल हुन पुग्दछ।

#### अपराध नियन्त्रणमा प्रहरीको भूमिका (Role of Police in Crime Prevention)

प्रहरी र अपराधको एकअर्कामा ज्यादै निकट सम्बन्ध रहेको छ। प्रत्येक समाजमा अपराध हुन्छ र त्यसको नियन्त्रण वा अनुसन्धान गरी अपराधीलाई कानुनद्वारा तोकिएको सजाय दिलाउनु नै त्यस देशका प्रहरीको प्रमुख दायित्व हुन्छ।

अपराध रोकथाममा प्रहरीको अहम् भूमिका हुन्छ भन्ने कुरामा दुइमत छैन तापनि प्रहरीको आचरण, व्यवहार लगनशीलता,, कार्यशैली, जनसम्पर्क, साधन स्रोत, तालिम, कामप्रतिको समर्पण आदि कुराहरूले यसमा विशेष भूमिका खेल्दछन्।

#### महिला तथा बालबालिकाहरूको बेचबिखन सम्बन्धी अपराधको अनुसन्धान तहकिकात सम्बन्धमा प्रहरीको भूमिका

प्रहरी र अपराधको एकअर्कामा ज्यादै निकट सम्बन्ध रहेको छ। प्रत्येक समाजमा अपराध हुन्छ र त्यसको नियन्त्रण वा अनुसन्धान गरी अपराधीलाई कानुनद्वारा तोकिएको सजाय दिलाउनु नै त्यस देशका प्रहरीको प्रमुख दायित्व हुन्छ। अपराध रोकथाममा प्रहरीको अहम् भूमिका हुन्छ भन्ने कुरामा दुइमत छैन तापनि प्रहरीको आचरण, व्यवहार लगनशीलता,, कार्यशैली, जनसम्पर्क, साधनस्रोत, तालिम, कामप्रतिको समर्पण आदि कुराहरूले यसमा विशेष भूमिका खेल्दछन्। नियन्त्रण सम्बन्धी प्रहरी गतिविधिहरूले पनि अपराध नियन्त्रण गर्ने कार्यमा ठूलो सघाउ पुऱ्याउँदछन्।

महिला तथा बालबालिकाहरूको बेचबिखन सम्बन्धी अपराधको अनुसन्धान सम्बन्धमा प्रहरीको भूमिकालाई विभिन्न दृष्टिकोणबाट हेर्नुपर्ने हुन्छ। प्रारम्भिक प्रतिवेदन सरकारी वकिललाई पठाउने, बयान गराउने, प्रमाण संकलन गर्ने, बयान प्रमाणित गर्ने, खानतलासी गर्ने, सनाखत गराउने, अभियुक्तलाई हिरासतमा लिने, राय सहितको प्रतिवेदन पेश गर्ने जस्ता थुप्रै भूमिकाहरू अनुसन्धान अधिकृतले निर्वाह गर्नुपर्ने हुन्छ।

महिला तथा बालबालिकाहरूको बेचबिखन सम्बन्धी अपराध सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची १ अर्न्तगत पर्ने भएकोले यस अपराधको बारेमा सूचना वा जाहेरी प्राप्त हुने बित्तिकै अनुसन्धान अधिकृत तोक्नु पर्दछ। जुनसुकै अपराधको अभियोजन कार्य अनुसन्धानको क्रममा संकलित प्रमाणमा भर पर्ने भएकोले यस्ता प्रमाणहरूको संकलन र संरक्षण गर्न अनुसन्धानकर्ताले तत्काल कारवाही चाल्नु पर्छ।

निर्दोषिता प्रमाणित गर्नुपर्ने दायित्व ऐनले प्रतिवादीमाथि राखेको छ, यद्यपि यस व्यवस्थाको तात्पर्य प्रतिवादीलाई पक्राउ गरेपछि चुपचाप बसे हुन्छ भन्ने होइन । निर्दोषिता प्रमाणित गर्ने प्रतिवादीको दायित्वले प्रहरीको व्यापक एवम् गहिरो अनुसन्धान गर्नुपर्ने दायित्वलाई कमजोर गर्दैन ।

प्रहरीले अनुसन्धानद्वारा प्रतिवादीको कसुर स्थापित गर्ने वस्तुगत प्रमाणहरूको खोजी गर्नु पर्दछ, पीडितको जाहेरी दरखास्तमा मात्र चित्त बुझाई बस्नु हुँदैन । त्यसो गरिएमा एकातर्फ निर्दोष मानिस पीडित हुन सक्दछ । अर्कोतर्फ वास्तविक कसुरदार पनि कमजोर प्रमाणको फाइदा उठाइ उम्कन सक्दछ । तसर्थ यथेष्ट प्रमाणको खोजी गर्नुपर्ने तर्फ सर्वोच्च अदालतको निम्न फैसलाले पनि निर्देश गरेको छ ।

अभियुक्तहरू उपरको आरोप जाहेरवालाको जाहेरी र बकपत्र बाहेक अन्य संकलित प्रमाणबाट पुष्टि हुन नसकेको फाइदा केवल जाहेरी दरखास्तकै आधारमा जिउ मास्नेबेच्ने जस्तो गम्भीर अपराधमा अभियुक्तलाई दोषी ठहर गर्नु कानुन संगत नहुने ।

*श्री ५ को सरकार विरुद्ध सलिम मिया, ने.का.प. २०४६, नि.नं. ३९५८, पृ. १०१९*

महिला तथा बालबालिकाहरूको बेचविखन सम्बन्धी अपराधको दरखास्त वा सूचना प्राप्त हुनासाथ सम्बन्धीत कार्यालयले अनुसन्धान अधिकृत तोकी सो को जानकारी तालुक कार्यालय र सरकारी वकिल कार्यालयलाई दिनु पर्छ । अपराधको प्रकृति र गम्भीरतालाई दृष्टिगत गरी यस्तो तहकिकात गर्ने प्रहरी कर्मचारीको सहयोगको लागि आवश्यकता अनुसार विशेषज्ञहरूलाई समेत समावेश गरी छुट्टै अनुसन्धान टोली समेत गठन गर्न सकिन्छ । यसरी समूहगत रूपमा अनुसन्धान गर्दा कार्यमा सहजता आउनुको साथै प्रमाणको अधिकारिकतामा समेत वृद्धि हुन्छ ।

महिला तथा बालबालिकाहरूको बेचिबिखन जस्तो संबेदनशील मुद्दाको अनुसन्धान तहकिकात सम्बन्धी विषयमा माथिल्लो प्रहरी कार्यालयको कुनै माथिल्लो दर्जाको प्रहरी अधिकारीले अनुगमन, सुपरिवेक्षण र मिसिल अध्ययन गरी आवश्यक निर्देशन दिनुपर्छ । साथै सम्बन्धित प्रहरी कार्यालयको प्रमुखले पनि अनुसन्धान अधिकृतलाई उसको कार्य अध्ययन गरी आवश्यक निर्देशन दिएमा अनुसन्धान कार्यमा अझ बढी प्रभावकारिता आउँछ । अनुसन्धान अधिकृतले स्वयंले पनि आफ्नो जिम्मेवारी बोध गरी सो जिम्मेवारी प्रभावकारी ढङ्गबाट बहन गर्नको लागि व्यक्तिगत रूप मै भए पनि सम्बन्धित विषयमा ज्ञाता र विशेषज्ञहरूबाट आवश्यक सहयोग प्राप्त गर्न पहल गर्नुपर्छ ।

अनुसूची १ (स.मु.स.ऐनको) मा उल्लेखित अपराधको सम्बन्धमा दरखास्त वा सूचना दर्ता वा प्राप्त हुनासाथ सो अपराधको सम्बन्धमा अनुसन्धान तहकिकातको लागि सम्बन्धित प्रहरी कार्यालयले तहकिकात गर्ने प्रहरी कर्मचारी तोकी सो को जानकारी तालुक कार्यालय र सरकारी वकिल कार्यालयलाई दिनु पर्नेछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ४( १)*

उपनियम १ (स.मु.स. नियमावलीको) बमोजिम तहकिकात गर्ने तोकिएको प्रहरी कर्मचारीलाई मुद्दाको अनुसन्धान तहकिकात सम्बन्धी बिषयमा सम्बन्धित वा तालुक प्रहरी कार्यालयको कुनै माथिल्लो दर्जाको प्रहरी अधिकृतले मिसिल अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने छ । अपराधको प्रकृति र गम्भीरतालाई दृष्टिगत गरी यस्तो तहकिकात गर्ने प्रहरी कर्मचारीको सहयोगको लागि आवश्यकता अनुसार छुट्टै अनुसन्धान टोली समेत गठन गर्न सकिने छ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ४( २)*

- अनुसन्धान अधिकृतले अनुसन्धान गतिविधि सम्बन्धी प्रगति विवरण समय समयमा सरकारी वलिकलाई पठाई निरन्तर रूपमा सहयोग र निर्देशन प्राप्त गरी सोही अनुसार काम अगाडि बढाउने ।
- घटनासँग सम्बन्धित पीडित पक्ष, साक्षी, गवाह तथा कानुन बमोजिम रोहवरमा राख्नु पर्ने व्यक्तिहरूसंग सर्म्पक र समन्वय राख्ने ।
- अनुसन्धान समूह गठन भई यसमा कुनै विशेषज्ञ व्यक्ति संलग्न छ भने उसको राय, सल्लाह र सुझावलाई ध्यानमा राख्ने ।
- अनुसन्धान समूहमा विशेषज्ञ नभए तापनि तहकिकातको क्रममा कुनै विशेषज्ञको राय आवश्यक लिनुपर्ने देखिएमा सो समेत लिने ।
- घटना वा अपराधसँग सम्बन्धित वा प्रकृतिअनुसारको कानुन र तत्सम्बन्धी नजिरहरूको अध्ययन गर्ने ।
- आवश्यकता अनुसार सरकारी वकिलसँग कानुनी परामर्श लिने ।
- महिला तथा बालबालिका बेचविखन सम्बन्धी मुद्दाको सम्बन्धमा अनुसन्धान गर्दा आवश्यक पर्ने सामाग्रीहरूको विषयगत फेहरिस्त तयार गरी साथमा राख्ने ।
- अपराधी वा शंकित व्यक्ति पक्राउ परिनसकेको अवस्थामा सो कार्य गर्नको लागि कारवाही अगाडि बढाउने ।
- समान प्रकृतिका अन्य सफल मुद्दाहरूको अध्ययन गर्ने र सो मुद्दाको सम्बद्ध पक्षहरूसँग सर्म्पक राखी आवश्यक राय सल्लाह लिने ।
- पीडित व्यक्तिलाई पीडक पक्षले अनुचित प्रभाव पार्न नसकोस भन्ने कुरालाई ध्यानमा राखी सो को उचित प्रबन्ध मिलाउने । यसको लागि विभिन्न संघ संस्थाहरूसँग समन्वय राख्ने ।
- महिला तथा बालबालिकाहरूको बेचविखन सम्बन्धी मुद्दाको सम्बन्धमा भौतिक सबुतको सम्भावना नभए तापनि शंकित वा उसको घरबाट बेचविखनबाट प्राप्त नगद प्राप्त हुनसक्छ ।

प्रहरी कर्मचारीले कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको जानकारी वा सुराक पाई लिन गएका बखत वा आफ्नो उपस्थितिमा त्यस्तो अपराध भएको देखेमा तुरुन्त अभियुक्तलाई पक्री र अभियुक्त पक्राउ हुन नसकेको अवस्थामा अपराधसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण लाग्ने चीज वा वस्तु फेला परेमा ती सामानहरू समेत घटनास्थलमा अपराध भएको देख्ने व्यक्तिहरू कोही भए निजहरूको रोहवरमा आफ्नो कब्जामा लिई आवश्यकतानुसार ठाडो मुचुल्का खडा गर्नु पर्नेछ र त्यस्तो तहकिकातको कार्य सम्पन्न नभएसम्म त्यस्तो स्थानलाई यथास्थितिमा सुरक्षित राख्नु पर्नेछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ४ (३) को प्रतिवन्धात्मक वाक्यांश*

तर दसीको मालसामान र अपराधसँग सम्बन्धित प्रमाण लाग्ने कुनै चीज वा वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन नसकिने किसिमको रहेछ भने त्यस्तो चीज वा वस्तुलाई सुरक्षित साथ राख्नको निमित्त सम्बन्धित प्रहरी कर्मचारीले स्थानीय गाउँ विकास समिति वा नगरपालिकालाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरिएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले पनि त्यस्तो मालसामान, चीज वा वस्तु जिम्मा लिई जिम्मा लिएको निस्सा दिनुपर्नेछ ।

- पीडितबाट अभियुक्तको सनाखत प्रहरीमा भएकोमा उक्त व्यक्तिको सनाखत गर्नको निमित्त अदालतले आदेश गरेका बखत पीडितलाई अभियुक्तको सनाखतको लागि अदालतमा उपस्थित गराउनु पनि अत्यावश्यक हुन्छ र यो कार्य अनुसन्धान अधिकृतले बढी तत्परताका साथ गर्नु पर्दछ ।

### (ख) सबुद प्रमाण संकलन सम्बन्धी कानुनी कार्यविधि

- महिला तथा बालबालिकाहरूको बेचविखन सम्बन्धी अपराधको सम्बन्धमा अपराध प्रमाणित गर्न शंकितबाट नगद रकम बरामद गर्न सक्ने संभावना हुन्छ । यसबाहेक यस अपराधमा भौतिक सबुत प्राप्त गर्न सक्ने संभावना रहंदैन ।
- नगद प्राप्त भएमा त्यसलाई अनुसन्धान अधिकृतले आफ्नो कब्जामा लिई आवश्यकतानुसार ठाडो मुचुल्का खडा गर्नु पर्दछ ।
- यस अपराधमा अनुसन्धान अधिकृतले निम्न ३ (तीन) कुरा प्रमाणित गर्नुपर्दछ ।
  - अमुक अभियुक्तले पीडित उपर जिउ मास्नेबेच्ने कार्य गरेको छ , वा
  - अमुक अभियुक्तले पीडित उपर जिउ मास्नेबेच्ने कार्य गर्ने उद्योग गरेको छ, वा
  - अमुक अभियुक्तले पीडित उपर जिउ मास्नेबेच्ने कार्य गर्न वा सो को उद्योग निम्ति परिपंच मिलाएको वा सहयोग गरेको वा त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन गरेको
- यस अपराधको उपर्युक्त तथ्यहरूलाई प्रमाणित गर्ने प्रमाणको रूपमा कुनै लिखित दसी नहुन सक्दछ । तसर्थ यस्ता अपराधको सबैभन्दा भरपर्दो प्रमाण भनेको पीडित व्यक्ति वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति नै हो । तसर्थ, यो अपराध ठहर गर्न सर्वप्रथम उक्त किटानी पोल उजुरी परेको वयक्ति अन्यथा प्रमाणित नभएसम्म अपराधी ठहर्दछ । त्यस्ता पीडितको बयान सरकारी वकिलको रोहवरमा गराई नजिकको जिल्ला अदालतबाट प्रमाणित गरे पछि त्यो भरपर्दो प्रमाण बन्दछ । किटानी जाहेरी रहेको अवस्थामा निर्दोषिता प्रमाणित गर्नुपर्ने दायित्व प्रतिवादीमा सर्दछ । अतः जाहेरीमा पीडितको बेहोरालाई स्पष्ट ढंगबाट उल्लेख गर्न सक्नु सफल अनुसन्धानकै एक पक्ष मानिन्छ ।

आफ्नो विरूद्ध आफैं साक्षी हुनु नपर्ने (Right againts Self Incrimination) संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्ति स्वेच्छा बाहेक आफ्नो विरूद्ध बोल्न बाध्य हुँदैन । त्यसरी बोलेको कारणले मात्र उक्त व्यक्ति दोषी हो भन्ने कुरालाई इंगित गरेको नपाइने । अभियोग लागेको व्यक्ति स्वेच्छाले केही भन्छ भने सो कुरा निजकै समर्थनमा वा विरूद्धमा प्रमाण लाग्न सक्छ । तर कुनै व्यक्ति चुप लागि नबोले पनि उसको विरूद्ध अपराध ठहर गर्न चुप लाग्ने अधिकारले कुनै छेकबार नलगाउने । प्रमाणको भार को कसले कुन अवस्थामा पुऱ्याउनु उचित हुन्छ भन्ने कुरा विधायिकी नीति भित्रको कुरा हो । विधायिकाले स्पष्ट रूपमा संविधानद्वारा कोरिएको रेखा ननाघेसम्म ऐनद्वारा व्यवस्थित कुरालाई अमान्य गर्न नमिल्ने । वादी वा प्रतिवादीमाथि राखिने प्रमाणको भार विषयवस्तुको आधारमा तोकिने कुरा हो । विशेष परिस्थितिमा कुनै ऐनले प्रमाणको भार कुनै पक्षलाई तोक्दैमा संविधानद्वारा प्रत्याभूति गरिएको आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने सिद्धान्त विपरीत हुन जान्छ भन्न नमिल्ने । प्रतिवादीहरू उपर प्रमाणको भार राख्दैमा अदालतले अन्य प्रमाण हेर्दैन भन्ने होइन । अतः जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७ संविधानमा उल्लेखित प्रावधानसँग स्पष्टसँग बाझिएको नदेखिंदा रिट निवेदन खारेज हुने ।

*चन्द्र बहादुर नेपाली वि. म.प.स. समेत, ने.का.प. २०५१, नि.नं. ४९६८, पृ. ६६६*

- पक्राउ परेको अभियुक्तको सनाखत पीडितलाई गराए पछि त्यो दोस्रो प्रमाण बन्दछ।
- पीडितको उजुरवालाको किटानी बमोजिम अभियुक्तहरूको पक्राउ गरी सरकारी वकिल समक्ष बयान गराई सकेपछि त्यो तेस्रो भरपर्दो प्रमाण बन्दछ।
- पीडितको तथा अभियुक्तको घरगाउँ भएको स्थानमा गई सर्जमिन गरेपछि त्यसले पीडित वा अभियुक्त सो अवधिमा घरगाउँमा थिए, थिएनन् भन्ने कुरा खुल्दछ र त्यो एउटा परिस्थितिजन्य प्रमाण बन्दछ।
- पीडित र अभियुक्त कहीं कतै सँगै हिंडेको देख्ने व्यक्ति रहेछ भने तिनको ठाडो कागज बयान गरी राखेमा त्यसले पनि परिस्थितिजन्य प्रमाणको स्थान लिन्छ।
- अभियुक्तबाट बस, रेल वा प्लेनको टिकट बरामद भएमा त्यसबाट पनि सो अवधिमा अभियुक्त कहाँ थियो भन्ने कुरा पत्ता लाग्दछ। र त्यसले पनि प्रमाणको रूप लिन्छ।

### (ग) अभियुक्त तथा शंकित व्यक्तिको खोजी एवंम पक्राउ सम्बन्धी कार्यविधि

महिला तथा बालबालिकाहरूको बेचबिखनसँग सम्बन्धित मुद्दा होस् वा अन्य मुद्दा होस् अभियुक्त तथा शंकित व्यक्तिहरूको खोजी एवम् पक्राउ गर्दा प्रहरीले कानुनले तोकेका कार्यविधिहरूलाई सदैव आत्मसात गरी कारवाही गर्नुपर्दछ।

घटनाको अभियुक्त तथा शंकित व्यक्तिको खोजी एवम् पक्राउ गर्दा प्रहरीले निम्न अनुसारका व्यवहारिक एवं कानुनी कार्यविधिहरूको अबलम्बन गर्नुपर्ने हुन्छ।

- शंकित व्यक्तिहरूको पहिचान गरी खोजतलास तथा पक्राउको लागि हुलिया जारी गर्ने।
- शंकित व्यक्ति आफ्नो घर ठेगानामा फेला नपरेमा 'ऊ' जानसक्ने संभाव्य स्थानहरूको पहिचान गर्ने गराउने र सम्बन्धित स्थानको स्थानीय प्रहरी इकाईसँग समन्वय राखी खोजी एवं पक्राउ गर्ने व्यवस्था मिलाउने।
- तत्काल भाग्न उम्कन सक्ने स्थानहरूमा नाकाबन्दी र लुकीछिपी बस्न सक्ने स्थानहरूमा चेक जाँच गर्ने गराउने व्यवस्था गर्ने।
- शंकितलाई पक्राउ गरिसकेपछि सर्वप्रथम निजको शरीरको तलासी लिई अपराध प्रमाणित गर्ने खालका सबुत प्रमाण भए नभएको निश्चित गर्ने।
- शंकित व्यक्तिको ठेगाना, ऊ लुकीछिपी बसेको स्थानमा निजकै नाम, थर भएको वा नाम थर मिल्ने अन्य व्यक्तिहरू हुन सक्ने सम्भावना भएकोले घटनासंग सम्बन्धित व्यक्ति कुन हो यकिन गरेर मात्र पक्राउ गर्ने।
- महिला तथा बालबालिकाहरूको बेचविखन सम्बन्धी मुद्दा वा अन्य मुद्दासँग सम्बन्धित शंकितलाई पक्राउ गर्दा प्रहरीले पक्राउ पुर्जी दिएर पक्राउ गर्नुपर्छ। पक्राउ गरिएको कारण सहितको सूचना नदिई कसैलाई थुनामा राख्नु हुँदैन।

*स.मु.स. ऐनको दफा १४(१)*

कुनै अपराधका सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नुपर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।

प्रहरीले मात्र नभएर अन्य सर्वसाधारणले पनि कुनै अपराध भएको देखेमा त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्राउ गरी नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्दछ ।

कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ ।

*स.मु.स. ऐनको दफा १४(२)*

प्रहरी कर्मचारीले शंकितलाई वा अभियुक्तलाई पक्राउ गर्दा शक्ति प्रयोग गर्नुभन्दा पहिले निजलाई पक्राउ गर्नु पर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्दछ ।

उपदफा १ बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नु पर्ने कारण खोली सम्झाई आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

*स.मु.स. ऐनको दफा १४(३)*

महिला तथा बालबालिकाहरूको बेचविखनसँग सम्बन्धित शंकित व्यक्ति वा अभियुक्त यदि महिला भएमा उसलाई पक्राउ गर्दा पनि संभव भएसम्म महिला प्रहरीलाई नै प्रयोग गर्नु पर्दछ । महिला प्रहरी तत्काल छैन तर बोलाएर ल्याउन सकिने अवस्था छ भने बोलाई ल्याउनु पर्दछ । महिला प्रहरी उपलब्ध हुनै नसक्ने स्थान वा परिस्थितिको हकमा पनि लोग्ने मानिसले हातहाली पक्रन हुँदैन । प्रहरीको आग्रह नमानी नआई अडिई भने मात्र दुईजना प्रहरीले नाडीमा समाई ल्याउनु पर्दछ ।

कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासंभव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ ।

*स.मु.स. ऐनको दफा १४(४)*

स्वास्नीमानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नीमानिस सिपाही भएका अड्डाले स्वास्नीमानिस सिपाही र नभएका अड्डाले दुईजना सिपाही पठाई डाकी ल्याउनु पर्छ । लोग्ने मानिसले हात हाली पक्रन हुँदैन । नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनु पर्छ ।

*मुलुकी ऐन अ.बं. ११७ नं.*

महिला तथा बालबालिकाहरूको बेचविखनसँग सम्बन्धित अभियुक्तलाई घरभित्र पसी पक्रनु पर्दा जुनसुकै समय भए पनि पक्रनु पर्ने मानिस भाग्न नपाउने गरी बाटो रोक्का गरी सूचना दिई घर भित्र पसेर पक्रन हुन्छ ।

प्रहरी कर्मचारीहरूले जुनसुकै कारवाही अगाडि बढाउँदा पनि कानुनी राज्यको स्थापना गर्ने भन्ने संविधानको मर्मलाई हृदयङ्गम गर्नुपर्दछ । कानुनले निर्दिष्ट गरेको कार्यविधिको अवलम्बनमा कारवाहीको वैधता निर्भर गर्दछ र कारवाहीको वैधताले मुद्दाको हार-जित निर्भर गर्दछ । तसर्थ, अनुसन्धानकर्ताले कानुनी कार्यविधिलाई उल्लघंन गरी स्वविवेकको प्रयोग गर्नु हुँदैन । कानुनले तोकेका कार्यविधिलाई प्रहरीले अक्षरशः पालना गर्नुपर्दछ ।

अपराध रोक्न वा प्रमाणको संरक्षण गर्न वा अपराध गर्ने व्यक्तिलाई पक्राउ गर्न आवश्यकता अनुसार अरु निकायसँग मद्दत माग्नु पर्दछ । सो बमोजिम अभियुक्तलाई पक्राउ गर्दा, साक्षी सर्जमीन, बरामदी खानतलासी आदि अनुसन्धान कार्य गर्दा अनुसन्धान गर्ने कर्मचारीलाई सहयोग गर्नु सम्बन्धित स्थानीय निकायहरूको कर्तव्य समेत हो । यसरी म्याद तामेल लगायतका अन्य काममा अड्डा अदालतका कर्मचारीलाई सहयोग नगर्ने स्थानीय निकायका प्रतिनिधिहरूलाई अवस्था अनुसार सँजाय समेत हुनसक्छ ।

*स.मु.स. ऐन, २०४९ को दफा ४ (२)*

कुनै प्रहरी कर्मचारीले कुनै अपराधलाई रोक्न, अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिन वा अपराधीलाई पक्राउ गर्न कुनै व्यक्ति वा निकायसँग मद्दत माग्न सक्नेछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ४(३)*

दसीको मालसामान र अपराधसँग सम्बन्धित प्रमाण लाग्ने कुनै चीज वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन नसकिने किसिमको रहेछ भने त्यस्तो चीज वा वस्तुलाई सुरक्षित साथ राख्नको निमित्त सम्बन्धित प्रहरी कर्मचारीले स्थानीय गाउँ विकास समिति वा नगरपालिकालाई अनुरोध गर्न सक्ने छ र त्यसरी अनुरोध गरिएमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले पनि त्यस्तो मालसामान, चीज वा वस्तु जिम्मा लिई जिम्मा लिएको निस्सा दिनुपर्ने छ ।

### (घ) अभियुक्तसँग बयान लिंदा अपनाउनुपर्ने कार्यविधि

महिला तथा बालबालिकाहरूको बेचविखनसँग सम्बन्धित अपराधको बारेमा वा अनुसूची-१ अन्तर्गतका अपराधसँग सम्बन्धित अभियुक्तको बयान लिंदा अनुसन्धान अधिकृतले सरकारी वकिलका समक्ष लिनुपर्छ ।

*स.मु.स. ऐन, २०४९ को दफा ९(१) को प्रतिवन्धात्मक वाक्यांश*

अनुसूची-१ मा उल्लिखित कुनै पनि अपराधका सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकिल समक्ष सम्बन्धित अभियुक्तको बयान लिने छ ।

तर यस्तो बयान दिनको लागि अभियुक्तलाई जबर्जस्ती गर्न वा करकापमा पार्न हुँदैन । नेपाल अधिराज्यको संविधानमा अभियुक्त वा पक्राउ परेको व्यक्तिले बयान दिने वा नदिने भन्ने कुरा उसको स्वेच्छामा भर पर्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ । तसर्थ, अनुसन्धानकर्ताले पक्राउ परेको व्यक्तिलाई सोधपुछ गर्दा वा बयान लिंदा नेपाल अधिराज्यको संविधान २०४७ र नेपाल अधिराज्य पक्ष भएका अन्तर्राष्ट्रिय कानुनहरू तथा दस्तावेजहरूलाई मध्यनजर राख्नुपर्छ ।

अनुसन्धानकर्ताले अभियुक्त अथवा पक्राउमा परेका व्यक्तिहरूलाई सोधपुछ गर्दा वा उनीहरूको बयान लिंदा सर्वप्रथम निम्न कुराहरू स्पष्ट रूपमा भनि दिनुपर्दछ ।

१. तपाईले आफ्नो कानुन व्यवसायीसँग सल्लाह गर्न पाउनुहुन्छ ।
२. तपाईले आफ्नो कानुना व्यवसायी राख्न सक्नु हुन्न भने निःशुल्क कानुनी सहायताको लागि अनुरोध गर्न सक्नुहुन्छ ।

माथिका सम्पूर्ण कुराहरू अभियुक्तलाई बुझाई उसले सबै कुरा बुझेपछि यदि ऊ बयान दिन तयार हुन्छ भने मात्र बयान लिनुपर्छ । बयान लिंदा कुनै किसिमको शारीरिक वा मानसिक यातना, डर, धाक, धम्की, प्रलोभन केही दिनु हुदैन । अनुसन्धान अधिकारीले अनुसन्धानको क्रममा गराएको बयानको प्रामाणिक मूल्यको बारेमा प्रमाण ऐन २०३१ को दफा ९ (१) र (२) मा उल्लेख गरिएको छ ।

*प्रमाण ऐन २०३१ को दफा (१) र (२)*

(१) मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि :-

(क) फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको

अभियोगका सम्बन्धमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायबमोजिम ठहराएमा प्रमाणमा लिन हुन्छ।

(१) सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो।

(२) निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन।

३) सो अभियोगबारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारवाहीका सम्बन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा असत्य रूपमा व्यक्त गर्ने सम्भावना थियो र जुन धम्की वा आश्वासन कार्यान्वित गर्न सक्ने अधिकार र शक्ति सो अधिकारीलाई थियो भन्ने कुरा निजले युक्तिसंगत रूपमा विश्वास गरेको थियो।

स्वेच्छाले दिएको बयानलाई भरपर्दो प्रमाणका रूपमा ग्रहण गर्न सकिन्छ। कुनै बयान स्वेच्छाको बयान हो भन्ने कुरामा विवाद हुन सक्दछ। तर सर्वोच्च अदालतको निम्न नजिरले गरेको व्यवस्थाले यस सम्बन्धमा मार्ग निर्देशन गर्दछ।

***रवि लामा वि. राममाया तामाङको जाहेरीले श्री ५ को सरकार, स.अ. बुलेटिन ०५७, अंक ९, पृ. १८***

प्रतिवादी रवि लामाले जाहेरवालीलाई वेश्यालयमा लगी बिक्री गरेको प्रमाणित भइरहेकोले निजलाई जिउ मास्ने बोच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) र ८(५) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग माग दावी रहेको देखिन्छ। प्रतिवादी रवि लामालाई शुरु जिल्ला अदालतले ऐ. ऐनको दफा ८(१) अनुसार १० वर्ष कैद गर्ने सजाय गरेकोमा सो उपर प्रतिवादीको पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेको देखिन्छ। पुनरावेदन अदालतले शुरु अदालतको फैसला सदर गरेकोमा सो उपर प्रतिवादीको यस अदालतमा पुनरावदेन पर्न आएको देखिन्छ। प्रतिवादी रवि लामाले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा जाहेरवालीलाई राम्रो काममा लगाई दिन्छु भनी फकाई नेपालगञ्जको जमनाहा नाका हुँदै बम्बईमा पुऱ्याएको र बम्बई जान बाटो खर्चको लागि रु. ३००।- लिएको कुरा साबित भई बयान गरेको देखिन्छ। निजले अदालतमा आई इन्कारी बयान गरे पनि सो इन्कारी बयानको पुष्ट्याइँको लागि निजले ठोस सबुद प्रमाण गुजार्न सकेको देखिंदैन। प्रस्तुत मुद्दामा प्रतिवादीले आफ्नो इन्कारीलाई पुष्टि गरी सबुद प्रमाण गुजार्न पर्ने जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७ मा व्यवस्था भएको र पीडित जाहेरवालीले निज प्रतिवादी रवि लामा माथि किटानी जाहेरी दिएको र पुरानो रिसइवी झैंझगडा वा अन्य यस्तै कारणले जाहेरवालीले दुःख दिन किटानी जाहेरी दिएको हो भन्ने जिकिर समेत प्रतिवादीले लिन सकेको देखिंदैन। यसरी प्रतिवादीले कसुर गरेको नभए निजलाई त्यसप्रकार अभियोग लगाई जाहेरी दिनु पर्ने अवस्था विद्यमान रहेको देखिंदैन।

प्रतिवादीले पुनरावदेनपत्रमा जाहेरवाली अदालतमा उपस्थित भई बकपत्र नगरेको भन्ने जिकिर लिएतर्फ हेर्दा जाहेरवालीले जाहेरी दरखास्तलाई पुष्ट्याई हुने गरी अधिकार प्राप्त अधिकारी समक्ष बयान गरिदिएको र निजको सो बयान मिति २०५२/१०/२२/२ मा शुरु अदालतबाट सनाखत गराई प्रमाणित गरिरहेको देखिंदा प्रतिवादीको सो पुनरावेदन जिकिर विश्वास लायक देखिएन। तसर्थ, प्रतिवादी रवि लामालाई अभियोग मागदावी बमोजिम जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) अनुसार १० वर्ष कैदको सजाय हुने ठहराएको शुरु काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिंदा मनासिव ठहर्ने।

**खास अवस्थाका व्यक्तिले व्यक्त गरेको खास खास कुराहरु :**

*प्रमाण ऐन, २०३१ को दफा १२*

मरेको, बेपत्ता भएको वा साक्षी बस्न यस ऐन बमोजिम असमर्थ वा कर नलाग्ने भएको वा विपक्षीको जाल प्रपञ्चले गर्दा अदालतमा उपस्थित गराउन सम्भव छैन भनी मुद्दाको पक्षले प्रमाणित गरेको अदालतद्वारा समाह्वान जारी हुन नसक्ने अवस्थामा भएको वा अदालतको रायमा अनावश्यक रूपमा बढी खर्च वा समय लाग्ने भई उपस्थित गराइरहन अनुपयुक्त देखिएको व्यक्तिले व्यक्त गरेको देहायका कुराहरू प्रमाणमा लिन हुन्छ।

(क) निजको हक, हित वा स्वार्थको विपरीत हुनेगरी व्यक्त गरेको कुनै कुरा,
(ख) निज उपर कुनै कानुनी कारवाही हुन सक्ने वा फौजदारी अभियोग लाग्न सक्ने गरी लिखित रूपमा व्यक्त गरेको कुनै कुरा,
(ग) निजलाई विशेष रूपमा थाहा भएको कुनै सार्वजनिक हक वा रीतिस्थितिका सम्बन्धमा मुद्दा पर्नु भन्दा अघि लिखित रूपमा व्यक्त गरेको कुनै कुरा, वा
(घ) निजलाई विशेष रूपमा थाहा भएको कुनै नाता सम्बन्धका विषयहरू मुद्दा पर्नु भन्दा अघि व्यक्त गरेको कुनै कुरा।

**खास अवस्थाका व्यक्तिले व्यक्त गरेको खास खास कुराहरु :**

*प्रमाण ऐन, २०३१ को दफा ९(२) (ख) र (ग)*

- दफा १२ को खण्ड (क) देखि (घ) सम्ममा उल्लिखित कुराहरू र यस परिच्छेदको अन्य कुनै दफाबमोजिम प्रमाणमा लिन हुने कुनै कुरा सो पक्षले नै व्यक्त गरेको भएपनि निजले चाहेमा त्यस्तो कुरा निजका पक्षमा पनि प्रमाणमा लिन हुन्छ।
- मिल्ने उद्देश्यले कुनै पक्षले आफ्नो दावी पूरै वा आंशिक रूपमा छोड्न वा कुनै व्यक्तिलाई कुनै रकम दिन वा कुनै सेवा प्रदान गर्न स्वीकार गरेको कुरा निजका विरूद्ध प्रमाणमा लिन हुँदैन।

महिला तथा बालबालिकाहरूको बेचविखन सम्बन्धी वा अन्य अपराधहरूको अनुसन्धान तहकिकात गर्दा वा बयान लिंदा प्रहरीले कसैलाई यातना दिनु हुँदैन। यातना दिने कार्य स्वच्छ न्याय सम्पादनको प्रतिकूल हुन्छ। अनुसन्धानकर्ताले अनुसन्धान गर्दा नेपाल अधिराज्यको संविधान, अन्य ऐन कानुनाहरू र अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भएका कुराहरूलाई सदैव पालना गर्नु पर्दछ।

*यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा २(क)*

यातना भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमको थुनामा रहेको व्यक्तिलाई दिएको शारिरीक मानसिक यातना सम्झनुपर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहार समेतलाई जनाउँछ।

*International Convention on Civil and Political Rights, 16 Dec. 1966*

Article 7No one shall be subjected to torture or to cruel, inhuman or degrading treatment or punishment. In particular, no one shall be subjected without his free consent to medical or scientific experimentation.

**धारा ७** कसैलाई पनि यातना अथवा क्रूर, अमानवीय अथवा निर्दयी अथवा अपमानजनक व्यवहार अथवा सजायँ भोग्न लगाइने छैन। विशेष गरी आफ्नो स्वतन्त्र मन्जुरीबिना कसैलाई पनि चिकित्सकीय अथवा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।

Article 2(2)No exceptional circumstances whatsoever, whether a state of war or a threat of war, internal political in stability or any other public emergency, may be invoked as a justification of torture.

**धारा** २(२)युद्ध वा युद्धको हाँकको स्थिति होस् वा आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै पनि सार्वजनिक संकट जे सुकै भए तापनि कुनै पनि असाधारण परिस्थितिहरूलाई यातनाको पुष्टि गर्न उपयोग गर्न सकिने छैन ।

Article 2(3)An order from a superior officer or a public authority may not be invoked as a justification of torture.

**धारा** २ (३)यातनाको पुष्टि गर्न कुनै वरिष्ठ अधिकारी वा सार्वजनिक अधिकारीको आदेश प्रयोग गर्न सकिने छैन ।

Article 4(1)Each State Party shall ensure that all acts of torture are offences under its criminal law. The same shall apply to an attempt to commit torture and to an act by any person which constitutes complicity or participation in torture.

**धारा** ४(१) यातना गर्ने प्रयास र यातनामा सहभागिता वा मतियारी ठहरिने कुनै पनि व्यक्तिले गरेको कार्यको हकमा उही कुरा लागू हुनेछ ।

Article 4(2)Each State Party shall make these offences punishable by appropriate penalties which take into accout their grave nature.

**धारा** ४(२)तिनका गम्भीर प्रकृतिलाई ध्यान दिने उचित दण्डहरूबाट यी अपराधहरूलाई प्रत्येक राज्य पक्षले दण्डनीय बनाउनेछन् ।

*Convention against Torture and Other Cruel, inhumanor degrading treatementor punishment 10 Dec. 1984.*

अभियुक्तसँग बयान लिंदा उसले नेपाली भाषा नबुझेमा उसको भाषा समेत बुझ्ने दोभासेको समेत प्रबन्ध गरी उसले भनेका कुरा उसले भनेको अर्थमा लेख्नुपर्दछ । नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १४(३) ले समेत फौजदारी मुद्दामा अभियुक्तलाई पूर्ण समानताको आधारमा मुद्दामा प्रयोग गरिने भाषा बुझ्न र बोल्न नसक्ने भएमा दोभासेको नि:शुल्क सेवा पाउने अधिकार हुन्छ भनी उल्लेख गरेको छ ।

*International Coventionon Civiland Political Rights, 16 Dec. 1966, Article 14(3)*

*Article 14(3)* In the determination of any criminal charge against him, everyone shall be entitled to the following minimum guarantees, in full equality:

- To be informed promptly and in detail in a language which he understands of the nature and cause of the charge against him;
- To have adequate time and facilities for the preparation of his defence and to communicate with counsel of his own choosing;
- To have the free assistance of understand or speak the language used in court;
- Not to be compelled to testify against himself or to confess guilt.

**धारा** १४(३)आफ्ना विरूद्ध फौजदारी आरोप निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई समानताका आधारमा निम्न न्यूनतम् ग्यारेन्टी दिइनेछ ।

- आफ्ना विरूद्धका आरोपको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त एवं विस्तारपूर्वक जानकारी पाउने :
- आफ्नो प्रतिरक्षा गर्न पर्याप्त समय एवं सुविधा पाउने तथा आफूले छानेको वकिलसँग कुराकानी गर्न पाउने :
- न्यायालयमा उपयोग गरिने भाषा नबुझ्ने अथवा बोल्न नसक्ने भएमा दोभासेको नि:शुल्क सेवा पाउने ।
- आफ्ना विरूद्ध प्रमाण दिन अथवा अपराध स्वीकार गर्न वाध्य गराउन नपाइने ।

### (ङ) खानतलासी सम्बन्धी कार्यविधि

महिला तथा बालबालिकाहरूको बेचविखनसँग सम्बन्धित एवम् अन्य मुद्दाहरूको सम्बन्धमा खानतलासी लिनु पर्ने परिस्थिति सृजना भएमा ऐन, कानुनहरूले निर्दिष्ट गरेका कार्यविधिहरूलाई प्रहरी कर्मचारीले अक्षरश: पालना गर्नुपर्दछ । प्रहरी कर्मचारीले कुनै व्यक्ति वा स्थानको तलासी लिंदा निम्नानुसारका कानुनी प्रक्रियाहरूको पालना गर्नुपर्दछ ।

*स.मु.स. ऐन २०४९ को दफा १०(१)*

कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसँग सम्बन्धित कुनै व्यक्ति वा दसी प्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको तोकिए बमोजिम खानतलासी लिन सक्नेछ ।

तर कुनै महिलाको जिउको तलासी लिनुपर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्दछ ।

*प्रहरी ऐन, २०१२ को दफा १५(१) (ञ) र (ट)*

- खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने ।
- सर्वसाधारण जनतासँग शिष्ट व्यवहार गर्ने र स्वास्नीमानिस र केटाकेटीहरूसँग व्यवहार गर्दा पुरा इज्जत र मनासिब नम्रतासाथ व्यवहार गर्ने ।

खानतलासी लिनुपर्ने ठाउँ वा व्यक्ति अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र पर्ने भएमा अनुसन्धान गर्ने प्रहरी कर्मचारीले निम्न अनुसारको कार्यविधि अबलम्बन गर्नु पर्दछ ।

खानतलासी लिनु पर्ने व्यक्ति वा ठाउँ अन्य प्रहरी कार्यालयको क्षेत्रमा पर्ने भए तहकिकात गर्ने प्रहरी कर्मचारीले सो प्रहरी कार्यालयलाई त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन लिखित अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमा सो प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाका प्रहरी कर्मचारीले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिई उपदफा (३) बमोजिम तयार भएको मुचुल्का त्यसरी अनुरोध गर्ने प्रहरी कर्मचारी कहाँ पठाउनु पर्नेछ ।

तर सो बमोजिम अन्य प्रहरी कार्यालयमा लेखी पठाउँदा कुनै प्रमाण लोप वा नाश हुने सँभावना छ भन्ने लागेमा तहकिकात गर्ने प्रंहरी कर्मचारी आफैले खानतलासी लिनुपर्ने व्यक्ति कहाँ वा ठाउँमा गई यस दफाबमोजिम खानतलासी लिन सक्ने छ र सो को सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्ने छ ।

*स.मु.स. ऐनको दफा १०(२)*

## खानतलासी लिंदा अनुसन्धान अधिकृतले ध्यान दिनुपर्ने कुराहरू

कुनै घर वा ठाउँको तलासी लिनु पर्ने भएमा सो घर वा ठाउँमा बसोबास गरी आएका वा सो घर वा ठाउँको धनी वा जिम्मा लिएको मानिसलाई तलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनुपर्छ र सो बमोजिम सूचना पाएमा यस्ता मानिसले पनि तलासी लिन आएको प्रहरी अधिकृतलाई बाधा रोकावट नगरी सरासर प्रवेश गर्न दिनुपर्छ ।

*मुलुकी ऐन, अ.बं. १७२ (१)*

(क)कुनै घर वा ठाउँको तलासी लिँदा तलासी लिनुपर्ने कारण सहितको सूचना दिनुपर्ने घर ठाउँको तलासी लिन घरधनी वा जिम्मा लिएको व्यक्तिले बाधा विरोध गरेमा मुलुकी ऐन अ.ब. ११६ नं. बमोजिम कारवाही अघि बढाउनु पर्ने ।

वारेन्ट जारी गरी पक्रनु पर्ने मानिसलाई र हतियार खजाना सम्बन्धी मुद्दाका अभियुक्तलाई घरभित्र पसी पक्रन पर्दा जुनसुकै बखत भएपनि पक्रनु पर्ने मानिस भाग्न नपाउने गरी बाटो रोक्का गरी जनाउ दिई घरभित्र पसेर पक्रन हुन्छ । लेखिएदेखि बाहेक अरू मानिसलाई पक्रनु पर्दा घरको चोक आँगनमा सम्म गई पक्रन हुन्छ । सो ठाउँसम्म जाँदा पक्राउ हुन सकेन भने जनाउ दिई सूर्योदयदेखि सूर्यास्तसम्म घरभित्र पसेर पनि पक्राउ गर्न हुन्छ ।

*मुलुकी ऐन, अ.बं. ११६*

यो तथ्य जानकारीमा रहोस् कि महिला तथा बालबालिकाहरूको बेचबिखन सम्बन्धी मुद्दा वारेन्ट जारी हुने मुद्दा अन्तर्गत पर्दछ । महिलाको जिउको खान तलासी लिनु पर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्दछ । पुरूष प्रहरीले कुनैपनि महिलाको शरीरको खानतलासी लिनुहुँदैन ।

माथिका दफाहरू बमोजिम तलासी गर्दा तलासी गरिएको वस्तु वा धनमालका सम्बन्धमा कुनै मानिसको आङको तलासी लिनु परेमा सो समेत लिन हुन्छ र सो बमोजिम स्वास्नीमानिसको आङको तलासी लिनु परेमा सो स्वास्नीमानिसको बेइज्जत नहुने गरी पत्यारकी अर्की स्वास्नीमानिसबाट लिन लाउनु पर्छ ।

*मुलुकी ऐन अ.बं. १७२ नं. को देहाय ५ नं.*

**खानतलासी गर्दा सभ्य व्यवहार गर्नु पर्ने**

*प्रहरी ऐन २०१२ को दफा १५(ज)*

खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने ।

खानतलासी लिंदा अपराधसँग सम्बन्धित वस्तु फेला परेमा खानतलासी लिने प्रहरी कर्मचारीले मुचुल्का तयार गर्नुपर्छ भने त्यस्तो कुनै वस्तु लैजान चाहेमा सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को अनुसूची ५ वा ६ बमोजिमको भर्पाई दिएर मात्र लिनु पर्दछ ।

*स.मु.स. ऐन दफा १० (३)*

खानतलासी लिंदा पाइएको अपराधसँग सम्बन्धित वस्तु पाइएको ठाउँ वा अवस्था खुलाई खानतलासी लिने, कर्मचारीले दुई प्रति मुचुल्का तयार गरी एक प्रति सम्बन्धित व्यक्तिलाई दिई एक प्रंति मिसिलमा सामेल राख्नु पर्नेछ । खानतलासी लिने कर्मचारीले त्यस्तो कुनै बस्तु आफ्नो साथमा लैजान चाहेमा सम्बन्धित व्यक्तिलाई त्यसको भरपाई दिएर मात्र लैजानु पर्नेछ ।

खानतलासी लिंदा त्यस ठाउँको स्थानीय निकायको सदस्य वा प्रतिनिधि, कम्तिमा दुईजना भलादमी घरधनी वा उसको एकजना प्रतिनिधि र पाएसम्म जिमिदार, तालुकदार समेत साक्षी राखी ती सबैको अगाडि आङ खोली केही वस्तु नलिई सो घर वा ठाउँ भित्र पसी तलासी लिनुपर्दछ ।

*मुलुकी ऐन अ.बं. १७२ (४)*

यस नम्बर बमोजिम कुनै घर वा ठाउँको तलासी लिंदा त्यस ठाउँको गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि, दुइजनामा नघटाई भलादमीहरू, घर धनी वा उसको एकजना प्रतिनिधि र पाएसम्म जिमिदार, तालुकदार, पटुवारी समेत साक्षी राखी तलासी लिने र साक्षी बस्ने सबैको आङ खोली केही वस्तु नलिई सो घर वा ठाउँ भित्र पसी तलासी लिनु पर्दछ ।

खानतलासी मुचुल्कामा साक्षी बस्नु पर्ने व्यक्तिले साक्षी नबसेमा वा इन्कार गरेमा रु. १००/- सम्म जरिवाना हुन्छ ।

*मुलुकी ऐन अ.बं. १७२ (७)*

माथि दफा ४ बमोजिम साक्षी बस्नु पर्ने मानिसहरूको साक्षी बस्न इन्कार गरेमा वा साक्षी वा साक्षी बसी सहीछाप गरी नदिएमा निजलाई एक सय रूपैयाँसम्म जरिवाना हुन्छ ।

खानतलासी लिंदा प्रहरी कर्मचारी वा अनुसन्धान अधिकृतले के गर्नुपर्छ, के गर्नु पर्दैन, के गर्नुहुन्छ, के गर्नु हुँदैन भन्ने बिषयमा ऐन कानुनले स्पष्ट रूपमा अधिकार र कर्तब्य निश्चित गरिदिएको छ । यस्ता कार्यविधि, अधिकार र कर्तव्यको दायराले एकातर्फ स्वच्छ न्याय सम्पादनका आधारका रूपमा कार्य गर्दछन् भने अर्कोतर्फ व्यक्तिको मौलिक हक उल्लंघन विरूद्ध प्रत्याभूति पनि प्रदान गर्दछन् ।

## (च) सनाखत सम्बन्धी व्यवस्थाहरू

जीउ मास्नेबेच्ने मुद्दाका सन्दर्भमा निम्न व्यक्ति तथा वस्तुको सनाखत गराउनु पर्दछ ।

१. मुद्दाको अभियुक्त

२. सम्बन्धित दसी वा चिज

(१) कुनै मुद्दामा कुनै अभियुक्तको सनाखत गराउनु पर्ने भएमा प्रहरी सहायक निरीक्षक सम्मको प्रहरी कर्मचारीले प्रचलित कानुनको रित पुर्‍याई सनाखत गराउन सक्ने छ ।

(२) कुनै मुद्दासँग सम्बन्धित दसी वा चिजवस्तुलाई प्रहरी सहायक निरीक्षक सम्मको प्रहरी कर्मचारीले तोकिए बमोजिमको रित पुर्‍याई सनाखत गराउन सक्नेछ ।

*स.मु.स. ऐनको दफा १६*

### सनाखत गर्दा ध्यान दिनु पर्ने कुराहरू

(क) मुलुकी ऐन अदालती बन्दोबस्त को १७३ नं. अनुसार मुद्दामा मानिस सनाखत गर्नुपर्ने भएमा सनाखत गर्नु पर्ने मानिसलाई देख्न हेर्न नपाउने ठाउँमा राखी जुन मानिसलाई सनाखन गराउनु पर्छ सो मानिस जस्तै किसिमका उमेर, वर्ण, पहिरन मिल्ने कम्तिमा चारजना नघटाई अरु मानिस ल्याई यथासम्भव सबैलाई एकनास गराई निजहरूमा साथमा उभ्याई राखी सनाखत गर्ने प्रत्येक मानिस छुट्टाछुट्टै ल्याई सनाखत गराउनु पर्छ र सो गराउँदा चिनेमा चिनेको बेहोरा र चिन्न नसकेमा नसकेको बेहोरा लेखी मिसिलमा सामेल राख्नुपर्छ ।

(ख) मानिस, वस्तु वा दसी प्रमाणको सनाखत कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले गर्नु पर्छ ।

### सनाखत प्रक्रिया

कुनै मुद्दाको कुनै अभियुक्त (मानिस) लाई सनाखत गर्दा गराउंदा निम्नानुसारको प्रक्रिया अपनाई सनाखत गर्ने :

मुद्दामा मानिस सनाखत गर्नु पर्ने भएमा निम्नानुसार गर्नुपर्दछ ।

१. सनाखत गर्नु पर्ने मानिसलाई देख्न हेर्न नपाउने ठाउंमा राख्ने ।
२. सनाखत गराउनु पर्ने मानिस जस्तै किसिमको उमेर, वर्ष, वर्ण, पहिरन मिल्ने कम्तिमा ४ जना नघटाई अरु मानिस ल्याउने ।
३. यथासम्भव निजहरू सबैलाई एकनास गराउने ।
४. सो मानसिहरूलाई सनाखत गराउनु पर्ने मानिसको साथमा उभ्याउने र
५. सनाखत गर्ने प्रत्येक मानिस छुट्टाछुट्टै ल्याई सनाखत गराउनु पर्छ ।

यसरी सनाखत गराउँदा सनाखत गर्ने व्यक्तिले सो सनाखत भएको मानिसलाई चिनेमा चिनेको भन्ने बेहोरा र चिन्न नसकेकमा नचिनेको भन्ने बेहोरा जनाई लेखी हाकिमले दस्तखत गरी मिसिल सामेल राख्ने ।

### मुचुल्का तयार गर्दा ध्यान दिनुपर्ने अनिवाय कुराहरू

१. सनाखत कुन स्थानमा हुँदैछ स्थान उल्लेख गर्ने ।
२. मुचुल्कामा साक्षी राख्ने ।
३. सनाखत परेडमा कम्तीमा ४ जना मानिस संलग्न गर्ने उनीहरूको विवरण परेडमा उभिएको क्र.सं. समेत उल्लेख गर्ने ।
४. सनाखत गर्दा के कसरी सनाखत भएको हो त्यसको सम्पूर्ण विवरण मुचुल्कामा उल्लेख गर्ने र सनाखत अनुहारबाट कुनै चिन्हबाट वा अन्य केबाट भएको हो उल्लेख गर्ने ।
५. निजहरूको सहिछाप गर्ने गराउने ।

**समस्याहरू**

१. सनाखत गराउँदा नियमानुसार नगराई औपचारिकताको लागि मात्र सनाखत प्रक्रिया पुरा गराउने प्रबृत्ति

२. पीडित र साक्षीको हितलाई र सुरक्षालाई महत्व नदिई अभियुक्तको सामुन्ने उनीहरूको व्यक्तिगत जीवन बारे समेत प्रश्नहरू गर्ने गरेको जुन मुद्दासँग सम्बन्धित नै हुँदैनन् ।

## (छ) अभियुक्तलाई हिरासतमा लिने र म्याद थप सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि

जिउमास्नेबेच्ने मुद्दाका अभियुक्तहरूलाई थुनामा राखेर कारवाही गर्नु पर्दछ । थुनाले व्यक्तिको वैयक्तिक स्वतन्त्रता प्रत्यक्ष रूपमा बन्देज लगाउछ । अत: कुनैपनि व्यक्तिलाई थुनामा राख्दा अनुसन्धानकर्ताको चाहना वा स्वविवेक भएर मात्रै पुग्दैन, थुनामा राख्ने आधार हुनुपर्दछ र त्यस्तो थुना कानुनद्वारा तोकिएका कार्यविधिद्वारा निर्देशित रहेको हुनुपर्दछ । अत: कुनै व्यक्तिलाई थुनामा राख्नु पर्ने नेपाल अधिराज्यको संविधान तथा नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय दस्तावेजहरू प्रति गम्भीर भएर ध्यान दिनु पर्छ ।

१. कुनै पनि अभियुक्तलाई पक्राउ पुर्जी दिएर पक्राउ गरेपछि सकेसम्म छिटो बाटाको म्याद बाहेक २४ घण्टा नबढाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्दछ ।

२. हिरासतमा लिइएको व्यक्तिलाई हिरासत अभिलेख फारम भरी विवरण तयार गरी राख्नु पर्दछ ।

३. पक्राउ भएको अभियुक्तलाई प्रहरी हिरासतमा राख्नु परेमा ऐनको दफा १५ को रित पुर्‍याई अनुसूची १२ बमोजिमको थुनुवा पूर्जी दिई हिरासतमा राख्नु पर्दछ ।

## (ज) अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न पाइने अवधि सम्बन्धी व्यवस्था

पक्राउ गरिएको व्यक्तिलाई थुनामा नै राखी अनुसन्धान तहकिकात गर्नु पर्ने भएमा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्दछ ।

*गौरी प्रधान, बाल सरोकार, असोज २०५८*

(१) यो दफा बमोजिम अन्यथा हुने भएमा बाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टा भन्दा बढी थुनामा राख्नु हुँदैन ।

(२) अनुसुची १ मा उल्लेखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पुरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अदालतसंग अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको बेहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

थुनामा राख्न म्याद थपको लागि अदालतमा अनुमति माग्दा अभियुक्त उपरको अभियोग, त्यसको आधार निजलाई थुनामै राखि तहकिकात गर्नु पर्ने कारण, निजको बयान भैसकेको भए बयानकागजको बेहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्दछ ।

उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

*स.मु.स. ऐन २०४९ को दफा १५(३)*

## (झ) अनुसन्धान तहकिकातको सन्दर्भमा प्रतिरक्षी कानुन व्यवसायीले ध्यान दिनुपर्ने सम्बन्धी कानुनी व्यवस्था

**अवैधानिक थुनामा राखेको सम्बन्धमा**

१) प्रतिरक्षी कानुन व्यवसायीले अवैधानिक थुनाबाट व्यक्तिको वैयक्तिक स्वतन्त्रताको रक्षा गर्दा अपनाउने कार्यविधि:

(क) प्रहरीले वा अन्य निकायले कुनै पनि व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको आदेश बेगर थुनामा राखेको भए प्रतिरक्षी कानुना व्यवसायीले तत्काल पुनरावदेन अदालत वा सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन गर्नु पर्दछ ।

(ख) प्रहरी वा अन्य निकायले थुनामा राख्नै नपाइने मुद्दामा थुनामा राखेको भए पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन गर्नु पर्दछ ।

(ग) मुद्दा हेर्ने अधिकार नभएको अधिकारीको आदेशले थुनामा राखेको भए पुनरावेदन सुन्ने अड्डामा अ.बं. १७ नं. बमोजिमको रिट निवेदन दिनु पर्दछ ।

पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारवाहीमा म्याद नाघेको वा बेरित भएको छ भन्ने कुरा झगडियाका निवेदनबाट वा अरु कुनै किसिमसँग थाहा पाएमा आवश्यकतानुसार सो मुद्दाको मिसिल समेत झिकी पन्ध्र दिनसम्ममा कैफियत तलब गरी बुझ्दा म्याद नघाएको वा बेरीत भएको देखिएमा कानुन बमोजिम गर्नु गर्न लाउनु पर्छ ।

*अ.बं. १७ नं.*

(घ) मुद्दा हेर्ने अधिकारीले बेरितको आदेशको थुनामा राखेको भए पुनरावेदन सुन्ने अड्डामा अं.ब. १७ नं. बमोजिमको निवेदन लिई कानुनी उपचार दिलाउनु पर्छ ।

(ङ) प्रहरी वा अन्य निकायले गैरकानुनी रूपमा थुनामा राख्ने सम्भावना वा आशंका भएमा पुनरावेदन अदालतमा निषेधाज्ञाको रिट दिन सकिन्छ ।

२) व्यक्तिलाई माथि १ नं. मा उल्लेख गरिए अनुसार कानुनले तोकेको रितपूर्वक नै थुनामा राखिएको भए पनि प्रतिरक्षी कानुन व्यवसायीले बन्दीको प्रतिरक्षा गर्दा निम्न थप कुराहरू समेत विचार गर्नु पर्दछ ।

(क) *स्वास्थ्य* :- कुनै पनि व्यक्तिलाई थुनामा राख्दा यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३(२) अनुसार शारीरिक स्थितिको जाँच गरे नगरेको बुझ्नु पर्दछ र त्यस्तो जाँच नभएको भए जाँच गराउन लगाउनु पर्दछ ।

(ख) *यातना* :- थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन वा अपमानजनक व्यवहार गर्न पाइदैन । कसैलाई त्यस्तो यातना दिइएको भए यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ बमोजिम उजुरी दिनु पर्दछ ।

(ग) *थुनुवा पूर्जी* :- कसैलाई पनि थुनामा राख्दा पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राख्न पाइदैन ।

(१) कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको, अपहरण हुनेछैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानुन बनाइने छैन ।

(२) सबै नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(घ) अधिराज्यभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र

(ङ) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।

तर,

*संविधानको धारा १२ को ङ*

(१) खण्ड (क) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुस्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(४) खण्ड (घ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र संचालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नका लीगि कुनै सर्त वा योग्यता तोक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

### (ञ) अनुसन्धान अधिकृतले पेश गर्नुपर्ने राय सम्बन्धी कानुनी व्यवस्था

सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची १ मा उल्लिखित मुद्दाको अनुसन्धान कार्य सम्पन्न भएपछि अनुसन्धान अधिकारीले स.मु.स. ऐन २०४९ को दफा १० र स.मु.स. नियमावली २०५५ को नियम १३ को ढाँचामा आफ्नो राय सहितको प्रतिवेदन र मिसिलको सक्कल, नक्कल तथा दसी प्रमाण समेत सरकारी वकिल समक्ष पेश गर्नुपर्दछ ।

अनुसूची -१ मा उल्लिखित कुनै अपराधको तहकिकात पुरा भएपछि तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराध भएको र सबै वा केही अभियुक्त उपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएको वा अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्त उपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएकोमा सोही बेहोरा खुलाई आफ्नो राय सहित थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानुनको हदम्याद पुग्ने कम्तिमा पन्ध्र दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कल प्रति, दसी प्रमाण सहित सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

*स.मु.स. ऐन २०४९ को दफा १७(१)*

### १. राय सहितको प्रतिवेदन पेश गर्दा ध्यान दिनुपर्ने कार्यविधिहरू :

- अनुसन्धान गर्ने प्रहरी कर्मचारीले सरकारी वकिलसँग सर्म्पक र समन्वय कायम राख्ने ।
- आवश्यकताअनुसार कानुनी राय सल्लाह लिने, राय प्रतिवेदन तयार गर्दा प्रचलित कानुन तत्सम्बन्धी नजिर तथा भौतिक सबुद समेतको विश्लेषण गरी सो को आधारमा राय प्रस्तुत गर्ने ।
- अभियुक्तको पुरा नाम, थर, वतन, जाहेरीको बेहोरा, अपराध सम्बन्धी विवरण, अभियुक्तलाई लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाणको उल्लेख गर्ने ।
- सजाय सम्बन्धी मागदावी लिएको कानुन उल्लेख गर्ने ।
- पीडितलाई क्षतिपूर्ति दिलाउनु पर्ने भए सो को मागदावी गर्ने ।
- प्रत्येक मुद्दामा राखिएका साक्षी, गवाह उपस्थित गराउनु पर्ने हुनाले सम्बन्धित व्यक्तिको पुरा ठेगाना समेत उल्लेख गरी अनुसूचीमा उल्लेख भए बमोजिमको रकर्ड पञ्जिकामा राख्ने ।

कुनै अपराधको सम्बन्धमा मुद्दा चलाइने निर्णय भएपछि सम्बन्धित प्रहरी कर्मचारीले त्यसको सूचना जाहेरवालालाई दिनु पर्नेछ ।

### २. राय सहितको प्रतिवेदन पेश गर्नु पर्ने समयविधि

अनुसन्धान अधिकारीले निम्न समयभित्र आफ्नो राय सहितको प्रतिवेदन सरकारी वकिल समक्ष पेश गर्नुपर्दछ ।

(क) थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानुनले तोकेको हदम्याद पुग्नुभन्दा कम्तिमा १५ दिन अगाडि ।

(ख) थुनुवा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई ध्यानमा राखी कम्तिमा तीन दिन अगाडि ।

*प्रहरी प्रधान कार्यालय, अनुसन्धान विभागबाट तयार गरेको निर्देशिकाबाट उद्धृत*

प्रहरीले अनुसन्धान तहकिकात राय सहितको प्रतिवेदन यथाशक्य चाँडो सरकारी वकिल समक्ष पठाउनु पर्दछ ।

*स.मु.स. नियमावली, २०५५ को नियम ९(४)*

उपनियम (३) बमोजिम प्रहरी हिरासतमा रहेको अभियुक्तको हकमा हिरासतको अवधि भुक्तान नहुँदै तहकिकात पुरा गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न र अभियोग पत्र तयार गरी अदालतमा मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यान राखी मुद्दा दायर पर्ने दिनको कम्तीमा तीन दिन अगावै मिसिल सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

## (ट) सरकारी वकिलको सबुदप्रमाण थप संकलन गर्न निर्देशन दिन सक्ने

*स.मु.स. २०४९ को दफा १७(३)*

मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकिलले थप सबुदप्रमाण संकलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबुद प्रमाण संकलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

अनुसन्धान अधिकारीले राय सहितको प्रतिवेदन ढिलो दिएबाट मुद्दामा थप अनुसन्धानको लागि निर्देशन दिन सरकारी वकिललाई समय नभई मुद्दा कमजोर हुन सक्ने भएकोले यस कुरालाई समेत मध्य नजर राखी अनुसन्धान अधिकारीले राय सहितको प्रतिवेदन जति सक्दो छिटो पेश गर्नु उचित हुन्छ ।

## साक्षी परीक्षणमा

# प्रहरीको भूमिका

अनुसन्धानकर्ताले कुनै पनि अपराध अनुसन्धान तहकिकात कार्य सम्पन्न गरी सरकारी वकिल मार्फत् अदालतमा मुद्दा दायर भए पश्चात् अदालती कारबाहीको सिलसिलामा साक्षी परीक्षण गराउनुपर्ने दायित्व रहन्छ। फौजदारी न्याय प्रणालीमा साक्षी परीक्षणको महत्वपूर्ण स्थान रहेको हुन्छ। पीडित व्यक्ति, देख्ने, बुझ्ने, अनुसन्धान गर्ने, तथा विशेषज्ञको रूपमा राय दिने व्यक्ति साक्षीको रूपमा अदालतमा परीक्षण (Testimony) को लागि उपस्थित हुनुपर्दछ। चेलीबेटी बेचबिखन, हत्या, बलात्कार तथा अन्य गम्भीर प्रकृतिका अपराधहरूको आपराधिक गिरोहहरूको सामु पीडितपक्ष कमजोर हुने र देख्ने बुझ्ने व्यक्तिहरूले समेत अदालतमा साक्षीको रूपमा उपस्थित हुन सकिरहेका छैनन्। उपस्थित भएमा पनि अपराधीको डर, त्रास तथा प्रलोभन र झुक्याइमा परी साक्षी Hostile हुने अवस्था रहन सक्दछ। यसर्थ चेलीबेटी बेचबिखन एवं बाल यौनशोषणमा परेका बालबालिकाहरूलाई सुरक्षित स्थानमा राख्ने व्यवस्था र (Witness assistance program) को व्यवस्था गरिन थालिएको पाइन्छ। सो कुरा नेपालमा पनि विभिन्न सामाजिक संघ संस्थाहरूको सहयोगमा हुन थालेको छ। यसको लागि प्रहरीले अग्रसरता देखाउनु आवश्यक हुन्छ।

साक्षी, प्रमाण र सबुदहरूको अदालतमा परीक्षण गर्ने समयमा प्रहरी कर्मचारीले देहाय बमोजिमको कर्तव्य पालना गर्नुपर्दछ :-

- साक्षी परीक्षणको लागि उपस्थित गराउनु पर्ने पीडित तथा अन्य सम्बद्ध व्यक्तिहरूसँग सम्पर्क र समन्वय राखी अदालतमा उपस्थित गराउने।
- अनुसन्धान अधिकृत, विशेषज्ञ वा रोहबरको रूपमा रहेका प्रहरी कर्मचारीहरू साक्षी प्रमाणको परीक्षणको लागि अदालतमा उपस्थित हुँदा तत् सम्बन्धी मिसिल अध्ययन गरी सम्बन्धित सरकारी वकिलसँग समेत सम्पर्क राखी उपस्थित हुने गर्ने व्यवस्था मिलाउनुपर्दछ।

### (क) साक्षी हुनको लागि योग्यता

कलिलो उमेर, अति वृद्धावस्था, शारीरिक वा मानसिक रोग वा अरु त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराएको व्यक्ति साक्षी हुन सक्दैन। सो बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षीको लागि योग्य मानिन्छ।

अमेरिका तथा अन्य पश्चिमी मुलुकहरूमा कलिलो उमेरका बालबालिका विरूद्ध भएका अपराध वा उनीहरूको सामु भएको अपराधको साक्षीको रूपमा बालबालिकाहरूको वौद्धिक, ज्ञान तथा बुझ्न सक्ने क्षमताको आधारमा साक्षी परीक्षणको लागि योग्य ठानिने गरिन थालिएको पाइन्छ।

> कलिलो उमेर, अति वृद्धावस्था, शारीरिक वा मानसिक रोग वा अरु त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराइएको व्यक्ति बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछन्।

*प्रमाण ऐन, २०३१ को दफा ३८*

### (ख) साक्षी उपस्थित गराउने

फिराद वा अभियोगपत्र र प्रतिउत्तर वा वयानमा उल्लिखत साक्षीहरूलाई अदालतले तोकेको तारेखको दिन मुद्दाका सम्बन्धित पक्षहरू आफैंले अदालतमा उपस्थित गराउनुपर्दछ । यसरी तोकिएको दिन नहुने साक्षीलाई पछि बुझिने र परीक्षण हुन नसकी सम्बन्धित पक्षको मुद्दा असफल हुने भएको हुँदा चेलीबेटी बेचबिखन तथा बालबालिका विरूद्ध अपराधका साक्षीहरूलाई उपस्थित गराउन प्रहरीले नागरिक समाज समेतको सहयोग लिनुपर्दछ ।

*अ.बं. १४४ नं.*

वादी प्रतिवादीमा लेखिएका साक्षीहरूलाई अड्डाले तोकेको तारेखमा मुद्दाका पक्षहरू आफैंले उपस्थित गराउनुपर्दछ । सो बमोजिम उपस्थित गराउन नसकेमा यसै महलको ११५ नम्बरबमोजिम हुनेमा बाहेक पछि त्यस्तो साक्षी बुझिने छैन । तर पुर्पक्षको लागि थुनामा रहेको अभियुक्तले पेस गर्न चाहेको साक्षीलाई अड्डैबाट समाह्वान जारी गरी बुझी पाउँ भन्ने निवेदनपत्र दिएमा अड्डाले पनि साक्षी पाँच रूपैयाँको दरले समाह्वान दस्तुर लिई त्यस्तो साक्षीका नाउँमा समाह्वान जारी गरी बुझ्न हुन्छ ।

### (ग) अदालतबाटै साक्षी झिकाउने अवस्था

तोकिएको तारेखको दिन उपस्थित नहुने साक्षीलाई पछि नबुझिने र त्यस्तो साक्षीलाई बातिल गर्नुपर्दछ भन्ने व्यवस्था रहेको भए तापनि चेलीबेटी बेचबिखन तथा बालबालिका विरूद्ध हुने मुद्दा तथा अन्य देहायको अवस्थाका साक्षीहरूलाई अदालत आफैंले म्याद जारी गरी उपस्थित गराई बुझ्न सक्दछ ।

- पुर्पक्षको लागि थुनामा रहेको अभियुक्तले पेस गर्न चाहेको साक्षीलाई अदालतबाटै झिकाई बुझि पाउँ भनी निवेदन दिएमा त्यस्ता साक्षीहरूलाई,
- श्री ५ को सरकार वादी भएको वा अन्य फौजदारी मुद्दामा नबुझी नहुने भनी अदालतले ठहराएका साक्षीहरूलाई,

उल्लिखित अनुसार फौजदारी मुद्दामा नबुझी नहुने भई अदालतले समाह्वान जारी गरी झिकाइएको साक्षी उपस्थित नभएमा पक्राउ गरी बकाई १५ दिनसम्म कैद समेत हुन सक्दछ ।

*अ.बं. ११५ नं.*

प्रमाण बुझ्न तोकिएको तारेखमा हाजिर नभएका साक्षीलाई बातिल गर्नुपर्दछ । तर श्री ५ को सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुन्छ । मनासिव कारण भएमा बाहेक सो बमोजिम समाह्वान जारी गर्दा पनि हाजिर नहुने साक्षीलाई पचास रूपैयाँ जरिवाना गरी पक्राउ गर्न पठाई ल्याई बकाउनुपर्छ । पक्राउ पठाउँदा पनि फेला परेन भने बाटाका म्याद बाहेक सात दिनको फेरि समाह्वान जारी गर्नुपर्दछ । सो समाह्वान बमोजिम तोकिएको तारेखमा पनि हाजिर हुन आएन भने पक्राउ गर्न पठाई ल्याई बकाई पन्ध्र दिनदेखि पैंतालीस दिनसम्म कैद गर्न सक्ने । त्यति दिनसम्म पनि पक्रिएन भने त्यस्तालाई सो बमोजिम सजाय गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गरिदिनुपर्छ ।

### (घ) सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ मा साक्षी झिकाउने सम्बन्धी व्यवस्था

(१) अदालतले सरकारी पक्षको साक्षी गवाहलाई उपस्थित गराउने दिनको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ र त्यस्तो सूचना पाएपछि निर्धारित मिति र समयमा सरकारी वकिलमार्फत् त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ। अदालतले प्रमाण बुझ्न मुकरर गरेको मितिसम्ममा विदेश गइसक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझी नहुने किसिमका साक्षी, गवाहलाई अदालत समक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ। चेलीबेटी बेचबिखन तथा बाल यौनशोषणका पीडित साक्षीलाई सोही बमोजिम यथाशीघ्र साक्षी परीक्षण गराउने प्रणालीको लागि अदालत समक्ष अनुरोध गर्नु आवश्यक हुन्छ।

(२) अदालतको आदेशबमोजिम प्रहरीले सरकारी पक्षको साक्षी, गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको मुनासिब माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी वा भद्र भलाद्मीहरूको रोहवरमा स.मु.स. नियमावलीको अनुसूची १४ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकिल कार्यालयमा पेस गर्नुपर्नेछ। सरकारी वकिलले उक्त मुचुल्का समेत संलग्न राखी पुनः साक्षी गवाह उपस्थित गराउनका लागि समय माग गरी अनुरोध गरेमा अदालतले त्यसरी माग गरिएको समयमा पुनः साक्षी गवाह उपस्थित गरिने आर्थिक ऐन नियम बमोजिम निज कार्यरत कार्यालयबाट नै त्यस्तो रकम दिइनेछ।

(३) यस नियम बमोजिम साक्षी गवाहलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च सबन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनेछ। यसरी खर्च उपलब्ध गराउँदा प्रत्येक साक्षी, गवाहलाई राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ। सरकारी कर्मचारीलाई साक्षी, गवाहको रूपमा उपस्थित हुनुपर्ने भएमा प्रचलित आर्थिक ऐन नियमबमोजिम निज कार्यरत कार्यालयबाट नै त्यस्तो रकम दिइनेछ।

अदालतले सरकारी पक्षको साक्षी गवाहलाई उपस्थित गराउने दिनको सूचना सम्बन्धित प्रहरी कार्यालयलाई दिनुपर्नेछ र त्यस्तो सूचना पाएपछि निर्धारित मिति र समयमा सरकारी वकिलमार्फत् त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ। अदालतले प्रमाण बुझ्न मुकरर गरेको समयसम्ममा विदेश गइसक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझी नहुने किसिमका साक्षी, गवाहलाई अदालत समक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्नेछ।

अदालतको आदेश बमोजिम प्रहरीले सरकारी पक्षको साक्षी, गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको मुनासिब माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी वा भद्रभलाद्मीहरूको रोहबरमा अनुसूची १४ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकिल कार्यालयमा पेस गर्नुपर्नेछ। सरकारी वकिलले उक्त मुचुल्का समेत संलग्न राखी पुनः साक्षी गवाह उपस्थित गराउनका लागि समय माग गरी अनुरोध गरेमा अदालतले त्यसरी माग गरिएको समयमा पुनः साक्षी गवाह उपस्थित गराउने आदेश दिन सक्नेछ।

*सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम १५*

यस नियम बमोजिम साक्षी गवाहलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनेछ। यसरी खर्च उपलब्ध गराउँदा प्रत्येक साक्षी, गवाहलाई राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ। सरकारी कर्मचारीलाई साक्षी, गवाहको रूपमा उपस्थित हुनुपर्ने भएमा प्रचलित आर्थिक ऐन नियमबमोजिम निज कार्यरत कार्यालयबाट नै त्यस्तो रकम दिइनेछ।

यस्तो व्यवस्था तत्काल लागू गराउन प्रहरी लगायत सम्बद्ध पक्ष एकजुट हुनु आवश्यक रहेको छ।

### (ङ) साक्षी बकाउने प्रक्रिया

*प्रमाण ऐन २०३१ को दफा ४९*

- साक्षी बकाउँदा आफूले देखेजाने वा सुनेका कुरा इमानधर्म सम्झी साँचो बयान गर्नेछु भन्ने बेहोराका शपथ लिन लगाई सबै पक्षहरूको रोहबरमा क्रमैसँग बकाउनुपर्दछ।
- एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनुपर्दछ।
- तोकिएको दिनमा साक्षी बकाउन नभ्याइएमा भोलिपल्टकै तारेख तोकी बकाउनुपर्दछ र न्यायाधीशकै इजलासमा न्यायाधीशको समक्ष साक्षीको बकपत्र गराउनुपर्दछ।
- एकपटक बकाइसकेको साक्षीलाई कुनै मनासिब कारणबाट पुनः नबकाई नहुने भएमा पहिला स्पष्ट नभएका कुराहरूका सम्बन्धमा मात्र ततिम्बा गरी बकाउनु हुन्छ।

(१) साक्षी बकाउँदा आफूले देखेजाने वा सुनेका कुरा इमानधर्म सम्झी साँचो वयान गरुँला भन्ने व्यहोराका शपथ लिन लगाई बकाउनुपर्छ।

(२) साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहबरमा बकाउनुपर्दछ।

(३) साक्षी बकाउँदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनुपर्दछ।

### (च) सोधपुछ र जिरह

– साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले नै सोधपुछ गर्ने र अर्को पक्षले सो साक्षीसँग जिरह गर्ने गर्नुपर्दछ।

– जिरह गरेपछि पक्षले आफ्नो साक्षीसँग पुनः सोधपुछ गर्न सक्दछ। तर यसरी सोधपुछ गर्दा जिरहसँग सम्बन्धित विषयमा मात्र सीमित रहनुपर्ने, अदालतले अनुमति दिएमा नयाँ कुरामा पनि सोधपुछ र जिरह हुन सक्ने, सोधपुछ र जिरह गर्दा अदालतले अनुमति दिएमा बाहेक आफूले इच्छा गरेको जवाफ सुझाउने सूचक प्रश्न विपक्षीले आपत्ति गरेमा सोध्न नपाउने लगायतका अवस्थाहरू रहेको पाइन्छ।

(१) कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ गर्न सक्नेछ। त्यसपछि अर्को पक्षले सो साक्षीसँग जिरह गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अर्को पक्षले जिरह गरिसकेपछि जुन पक्षको साक्षी हो सो पक्षले सो साक्षीसँग पुनः सोधपुछ गर्न सक्नेछ।

(३) उपदफा (२) को प्रतिबन्धात्मक बाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले

(४) कुनै पक्षले आफ्नो साक्षीसँग सोधपुछ वा पुनः सोधपुछ गर्दा आफूले इच्छा गरेको जवाफ सुझाउने सूचक प्रश्न विपक्षीले आपत्ति गरेमा सोध्न पाउनेछैन ।

(५) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम अदालतले कुनै पक्षलाई आफ्नो साक्षीसँग कुनै सूचक प्रश्न सोध्ने अनुमति दिंदा अदालतको विचारमा सो प्रश्न परिचायक, विवादरहित वा सो प्रश्नसँग सम्बन्धित कुरा पूर्ण रूपमा प्रमाणित भइसकेको छ भन्ने लागेमा मात्र अनुमति दिनेछ ।

(६) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ नगरी अदालतबाट सोधपुछ गरियोस् भनी लिखित दरखास्त दिएमा अदालतले नै सो साक्षीसँग सोध्नुपर्ने प्रश्न सोधी जवाफ लिनेछ र त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ ।

**तर,**

- यस उपदफा बमोजिम अदालतले कुनै साक्षीसँग सोधपुछ गरेकोमा जुन पक्षको साक्षी हो सो पक्षले सोधपुछ वा पुनः सोधपुछ गर्न पाउने छैन ।
- कुनै पक्षले आफ्नो साक्षीहरूमध्ये कुनैसँग खण्ड (क) बमोजिम आफैंले सोधपुछ गर्न र कुनैसँग यस खण्ड अनुसार अदालतबाटै सोधपुछ गरियोस् भनी दरखास्त दिन पाउने छैन ।

*प्रमाण ऐन २०३१*
*दफा ५०*

### (६) विशेषज्ञलाई साक्षी सरह बकाउने र जिरह गर्ने

– हस्ताक्षर, ल्याप्चे, विदेशी कानुन, विज्ञान, रितिरिवाज, कला वा यस्तै अन्य विषय सम्बन्धी कुरा निश्चित गर्नुपर्ने देखिएमा अदालतबाट त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन सकिन्छ । यसरी अदालतले कुनै विशेषज्ञ वा व्यक्तिलाई साक्षी सरह बकाएकोमा मुद्दाका पक्षहरूलाई जिरह गर्ने मौका प्राप्त हुन्छ ।

हस्ताक्षर, ल्याप्चे, विदेशी कानुन, विज्ञान, रितिरिवाज, कला वा यस्तै अन्य विषय सम्बन्धी कुरा यकिन गर्नुपर्ने हुन आएमा अदालतले त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन हुन्छ । सो बमोजिम अदालतले कुनै विशेषज्ञलाई साक्षी सरह बकाएमा मुद्दाको पक्षहरूलाई यस ऐन बोजिम जिरह गर्ने मौका दिनुपर्छ ।

*प्रमाण ऐन, २०३१*
*दफा ५२*

### (ज) बन्द सवालद्वारा साक्षी बुझ्ने

राजगद्दी, राजपरिवारको गाथा वा राजकाज सम्बन्धी वा ज्यान सम्बन्धी मुद्दामा वारदात भएको देख्ने साक्षीलाई जुनसुकै अड्डामा पनि झिकाई बकाउनुपर्छ । सो बाहेक सुन्ने र अरु मुद्दाका साक्षीलाई हाकिमका तजबिजले अड्डामा ल्याई बकाउनुपर्नेलाई झिकाई र अड्डैमा झिकाई बकाउनु नपर्ने टाढाका भए नजिक अड्डामार्फत् बन्दसवालद्वारा बुझ्नुपर्दछ ।

*अ.बं. १४१ नं.*

### (झ) कुनै पक्ष उपस्थित नभएमा वा साक्षीले जवाफ नदिएमा वा सही नगरेमा

- साक्षीको बकपत्र गराउँदा सबै पक्षको रोहबरमा गराउनु तोकिएको दिन कुनै पक्ष उपस्थित नभएमा पनि साक्षी बकाउन रोक्नु हुँदैन । त्यसै दिन साक्षी बकाउनुपर्दछ ।
- राजगद्दी, राजपरिवारको गाथ, राजकाज सम्बन्धी र ज्यान सम्बन्धी मुद्दामा देख्ने बाहेक सुन्ने साक्षी र अन्य मुद्दाका जुनसुकै साक्षीलाई अदालतमा झिकाई बकाउनु नपर्ने, टाढाका भएमा नजिकको अर्को अदालतमार्फत् बन्दसवालद्वारा बुझ्न सकिन्छ । तर राजगद्दी, राजपरिवारको गाथ वा राजकाज सम्बन्धी वा ज्यान सम्बन्धी मुद्दामा वारदात भएको देख्ने साक्षीलाई भने मुद्दा परेको अदालतमै झिकाई बकाउनुपर्दछ, बन्दसवालमार्फत् बुझ्न हुँदैन ।
- कुनै मुद्दामा नबुझी नहुने तर अदालतमा उपस्थित हुन नसक्ने बुढाबुढी र होस् भएको अशक्त बिरामीलाई साक्षी बुझ्न पर्ने भएमा त्यस्तो साक्षीकै घरमा अदालतको कर्मचारी गई साक्षीको बकपत्र गराई ल्याउन सकिने व्यवस्था भएको पाइन्छ । उपस्थित भएको पक्षको सहिछाप गराउनुपर्दछ र पक्षले सहिछाप नगरेमा सोही बेहोरा खोली न्यायाधीशले दस्तखत गर्नुपर्दछ ।
- साक्षीको बकपत्र गराउँदा वा कुनै कागज गराउँदा कुनै जवाफ नै दिएन वा आफूले दिएको जवाफमा सहिछाप गरेन भने कैफियत खोली न्यायाधीशको दस्तखत गरी राख्नुपर्दछ ।

साक्षी परीक्षण सम्बन्धी उल्लिखित कानुनी व्यवस्था रहे भएता पनि महिला तथा बालबालिका विरूद्ध हुने अपराधका पीडित पक्षको साक्षी परीक्षण गराउने सिलसिलामा पारिवारिक तथा बाल अदालत बेन्चमा गराउने व्यवस्थाको साथै भिडियो तथा बन्दसवालको थालनी विश्वका धेरै देशहरूमा भइसकेका छन् । यो प्रक्रिया नेपालमा समेत लागू गर्दै जानुपर्दछ ।

*अ.बं. १५६ नं.*

साक्षी बकाउँदा जसको साक्षी हो सो झगडिया रोहबरमा भए सो झगडियाको र सो झगडिया रोहवरमा नभए जुन झगडिया छ उसको सो साक्षीले बके बमोजिम लेखेको दुरुस्त छ भन्ने साक्षीका बकपत्र पुछारमा लेखी सहिछाप गराउनुपर्छ । दुई थरी झगडिया नभएमा वा झगडियाले सहिछाप नगरे सोही कैफियत लेखी हाकिमले दस्तखत गर्नुपर्छ ।

*अ.बं. १५९ नं.*

झगडिया वा साक्षीको अड्डाबाट सोधनी गर्नुपर्ने कुराको समेत गैर कागज गराउँदा जवाफै दिएन वा आफूले दिएको जवाफमा सहिछाप गरेन भने कैफियत लेखी हाकिमको ऊ मुनिका सबैभन्दा ठूलो दर्जाको एकजना कर्मचारीको दस्तखत गरी सो कागज स्रेस्तामा राख्नुपर्छ ।

***प्रमाण ऐन, २०३१ को दफा ४९ (२)***

साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहबरमा बकाउनुपर्छ ।

तर, अदालतद्वारा साक्षी बकाउन तोकिएको तारेख र समयमा कुनै पक्ष अदालतमा उपस्थित नभए भएसम्मका पक्षको रोहबरमा साक्षी बकाउन हुन्छ ।

परिशिष्ट १

# जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३

## १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

## २. ऐनको बहिक्षेत्रीय प्रयोग :

कसैले यो ऐन बमोजिम सजाय हुने कसुर नेपाल अधिराज्य बाहिर बसी गरेको भएतापनि निजले त्यस्तो कसुर नेपाल अधिराज्यभित्र बसी गरे सरह मानी निजलाई यस ऐन बमोजिम कारवाही र सजाय हुनेछ।

## ३. जिउ मास्ने बेच्ने कार्य गर्न नहुने :

कसैले जिउ मास्नेबेच्ने कार्य गर्नु हुँदैन।

४. **जिउ मास्ने बेच्ने मानिने कार्यहरू :** कसैले देहायका कुनै कार्य गरेमा निजले जिउ मास्नेबेच्ने कार्य गरेको मानिनेछ :

(क) कुनै पनि उद्देश्यले मानिस बेचबिखन गर्न,

(ख) बेचबिखन गर्ने उद्देश्यले कुनै मानिसलाई विदेशमा लैजान,

(ग) कुनै स्वास्नीमानिसलाई ललाई फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरीकाले वेश्यावृत्तिमा लगाउन,

(घ) माथि खण्डहरूमा लेखिएका कुनै कार्य गर्नको लागि परिपञ्च मिलाउने वा त्यस्तो कार्य गर्नमा सहयोग पुऱ्याउने वा त्यस्तो कार्यमा लाग्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने।

## ५. उजुर गर्ने :

(१) जिउ मास्नेबेच्ने कार्य गरेको वा गर्न लागेको थाहा पाउने कुनै व्यक्तिले कुनै पनि प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ र त्यसरी उजुर गर्दा उजुरवालाले प्राप्त भएसम्मको सबुद समेत पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीलाई प्रहरीले नजिकको जिल्ला अदालतमा पेश गरी अदालतबाट तत्सम्बन्धमा कारवाई गर्न मुनासिव माफिकको कारण देखी अदालतबाट आदेश भएमा र त्यस्तो व्यक्ति उपस्थित भएमा सरकारी वकिलको रोहवरमा त्यस्तो व्यक्तिको तत्काल बयान गराई सो बयान प्रमाणित गराउनेको लागि सो व्यक्तिलाई चौबीस घण्टा भित्र नजिकको जिल्ला अदालतमा लैजानु पर्नेछ।

## ६. बयान प्रमाणित गराउने :

(१) दफा ५ बमोजिम उजुर गर्ने व्यक्ति बेचबिखन गर्न वा वेश्यावृत्तिमा लगाउन लगिएको वा बेचबिखन गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति भएमा र त्यस्तो व्यक्ति उपस्थित भएमा सरकारी वकिलको रोहवरमा त्यस्ता व्यक्तिको तत्काल बयान गराई सो बयान प्रमाणित गराउनको लागि सो व्यक्तिलाई चौबीस घण्टाभित्र नजिकको जिल्ला अदालतमा लैजानु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरवालाको बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित न्यायाधीशले त्यस्तो बयान पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भएमा सोही व्यहोरा र भने बमोजिम नभएमा के कति कुरा फरक छ सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्नेछ।

## ७. प्रमाण पुऱ्याउने भार :

(१) कुनै स्वास्नी मानिसलाई निजको अभिभावक वा नजिकको नातेदार बाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचबिखन गर्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको हो भन्ने दफा ५ बमोजिम कसैको उजुर परेमा त्यस्तो उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ।

(२) दफा ६ को उपदफा (२) बमोजिम अदालतद्वारा प्रमाणित बयानमा उल्लिखित कुरा झुठा हो भन्ने प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ।

## ८. दण्ड सजाय :

(१) मानिस बेचबिखन गर्ने व्यक्तिलाई दश वर्षदेखि बीस वर्षसम्म कैद हुनेछ।

(२) मानिसलाई बेचबिखन गर्ने उद्देश्यले विदेश लैजाने व्यक्तिलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद हुनेछ।

(३) स्वास्नीमानिसलाई ललाई-फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरीकाले वेश्यावृत्तिमा लगाउने व्यक्तिलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद हुनेछ।

(४) जिउ मास्नेबेच्ने कार्य गर्नको लागि परिपञ्च मिलाउने वा त्यस्तो कार्य गर्नमा सहयोग पुऱ्याउने वा त्यस्तो कायमा लाग्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद हुनेछ।

(५) मानिस बेचबिखन गरेकोमा किन्नेको थैली भुस हुनेछ र बेच्ने व्यक्तिलाई उपदफा (१) मा लेखिएको सजायमा थप सो थैलीको बिगो बमोजिम जरिवाना समेत हुनेछ।

## ९. सरकारवादी हुने :

यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को अनुसूची-१ मा परेको मानिनेछ।

## १०. थुनामा राखी कारवाई गर्न सकिने :

(१) प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत कसुर सम्बन्धीको मुद्दामा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा र सो

सम्बन्धमा सरकारी वकिलको समेत कुनै जिकिर भए सो समेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम थुनामा राखी पुर्पक्ष गरेकोमा अभियुक्तको चित्त नबुझेमा निजले मुद्दा हेर्ने अधिकारी मार्फत् पुनरावेदन सुन्ने अदालतमा उजुरी दिन सक्नेछ। मुद्दा हेर्ने अधिकारीले पनि त्यस्तो उजुरी वा थुनामा राख्ने पर्चा तीन दिनभित्र पुनरावेदन सुन्ने अदालतमा पठाई सो अदालतबाट भएको आदेश बमोजिम गर्नुपर्नेछ।

## ११. यसै ऐन बमोजिम हुने :

मुलुकी ऐन जिउ मास्नेबेच्नेको महलमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ।

## १२. नियम बनाउने अधिकार :

यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

परिशिष्ट २

**मुलुकी ऐनको महल ११**

# जिउ मास्नेबेच्नेको

**१ नं.** कसैले कुनै मानिसलाई बिक्री गर्ने उद्देश्यले ललाई फकाई नेपाल सरहद बाहिर लैजान वा लगी बिक्री गर्नु हुँदैन । विदेशमा बेच्न लगेकोमा बेच्न नपाउँदै पक्राउ भए बेच्न लैजानेलाई दश वर्ष र बेचिसकेको भए बीस वर्ष कैद हुन्छ । किन्ने मानिस नेपाल सरहदभित्र फेला परे निजलाई समेत बेच्नेलाई हुने सरहको सजाय हुन्छ ।

**२ नं.** कसैले सोह्र वर्ष नपुगेका नाबालकलाई वा कुनै उमेरको भए पनि मगज बिग्रेका मानिसलाई कानुनी संरक्षकको मन्जुरी बेगर उसको संरक्षकत्वबाट छुटाउन वा छुटाउनको निमित्त ललाउन फकाउन हुँदैन । सो बमोजिम छुटाए वा ललाए फकाएमा सो गर्नेलाई पाँच सय रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुबै सजाय हुन्छ ।

**३ नं.** कसैले कसैलाई कमारा कमारी बनाउन, दास तुल्याउन वा बाँधा बनाउन हुँदैन । त्यसरी कमारा कमारी बनाउने, दास तुल्याउने वा बाँधा बनाउन व्यक्तिलाई तीन वर्षदेखि दश वर्षसम्म कैद हुन्छ र अदालतले त्यस्तो कसुरदारबाट सम्बन्धित व्यक्तिलाई मनासिव क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।

**४ नं.** यसै महलको १, २ र ३ नं. मा लेखिएको कसुर गर्नमा जानी जानी मद्दत दिनेलाई मुख्यलाई हुने सजायको आधा सजाय हुन्छ ।

**५ नं.** यसै महलको १ र ३ नं. मा लेखिए बमोजिम मानिस बेचे किनेकोमा किन्नेको थैली भुस गराई बेच्नेलाई सो नम्बरहरूमा लेखिएको सजायमा थप सो थैलीको बिगो समेत जरिवाना समेत गर्नुपर्छ ।

# जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) गर्न बनेको विधेयक

## परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०५८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **ऐनको बर्हिक्षेत्रीय प्रयोग**

कसैले यो ऐन बमोजिम सजाय हुने कार्य नेपाल अधिराज्य बाहिर बसी गरेको भएतापनि सो कार्यबाट पीडित नेपाली नागरिक रहेछ भने निजले त्यस्तो कार्य नेपाल अधिराज्यभित्र गरे सरह मानी निज उपर यस ऐन बमोजिम कारवाही र सजाय हुनेछ।

३. **परिभाषा**

विषय र प्रसंगले अर्को अर्थ नलागे यस ऐनमा -

(क) "बालक" भन्नाले सोह्र वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ।

(ख) "वेश्यालय" भन्नाले वेशयावृत्ति गर्ने वा गराउने उद्देश्यले प्रयोग हुने घर, कोठा वा कुनै स्थान सम्झनु पर्छ।

(ग) "वेश्यावृत्ति" भन्नाले कुनै प्रतिफल लिई वा नलिई यौन शोषण गर्ने वा गराउने उद्देश्यले कसैको शरीरलाई खरीद गर्ने, बिक्री गर्ने, भाडामा लगाउने वा प्रयोग गर्ने कार्य सम्झनु पर्छ।

(घ) "पीडित" भन्नाले दफा ४ को उपदफा (२) बमोजिमको कार्यबाट मर्कापर्ने व्यक्ति सम्झनु पर्छ।

(ङ) "यौनजन्य कार्य" भन्नाले उचित यौन सम्पर्क गर्ने वा यौन उत्तेजना फैसलाउने, यौन दुर्व्यवहार गर्ने वा यौन शोषण गर्ने कार्य सम्झनु पर्छ।

(च) "पुनर्स्थापना केन्द्र" भन्नाले दफा २१ बमोजिम स्थापना भएको पुनर्स्थापना केन्द्र सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद - २

### निषेधित कार्यहरू

४. **जिउ मास्नेबेच्ने कार्य गर्न नहुने**

(१) कसैले पनि कसैको जिउ मास्नेबेच्ने कार्य गर्न वा गराउन हुँदैन।

(२) कसैले देहायको कुनै कार्य गरे वा गराएमा जिउ मास्नेबेच्ने कार्य गरेको मानिनेछ।

(क) कुनै पनि उद्देश्यले मानिसको खरीद बिक्री गरेमा,

(ख) वेश्यावृत्ति गरेमा वा गर्न लगाएमा,

(ग) कुनै पनि तरिकाले बालक उपर यौनजन्य कार्य गरेमा वा गर्न लगाएमा,

(घ) वेश्यावृत्ति गर्न लगाउने उद्देश्यले बालक वा होस् ठेगानामा नभएको व्यक्तिलाई लगेमा,

(ङ) वेश्यागमन गरेमा,

(च) माथि खण्डहरूमा उल्लेखित कार्यहरू गर्न उद्योग गरेमा त्यस्ता कार्य गर्न लगाउन सहयोग गरेमा ।

**५. वेश्यालय संचालन गर्न नहुने**

(१) कसैले कुनै पनि रूपमा नेपाल अधिराज्यभित्र वेश्यालय संचालन गर्न वा गराउनु हुँदैन ।

(२) कसैले वेश्यालय संचालन गरेको वा गर्न लागेको कुरा थाहा पाउँदा पाउँदै कुनै प्रतिफल लिई वा नलिई आफ्नो घर, जग्गा, स्थान वा सवारी साधनभित्र त्यस्तो कार्य गर्ने वा गराउने व्यक्तिलाई प्रयोग गर्न दिनु हुँदैन ।

(३) कसैले उपदफा २ मा उल्लेखित भए विपरित कार्य गरे वा गराएमा यस ऐन बमोजिम कसुर गरेको मानिने छ । सो कार्य गर्न वा गराउनको लागि प्रतिफल लिइसकेको प्रमाणित भएमा उक्त रकम दफा २२ बमोजिम स्थापित र पुनर्स्थापना कोषमा जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद - ३

### अनुसन्धान तथा तहकिकात

**६. उजूर गर्ने**

(१) परिच्छेद - २ बमोजिमको कुनै कार्य गरेको वा गर्न लगाएको थाहा पाउने जुनसुकै व्यक्तिले कुनै पनि प्रहरी कार्यालयमा उजूर गर्न सक्नेछ र त्यसरी उजूर गर्दा उजूरवालाले प्राप्त भएसम्मको सबुद प्रमाण समेत पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरीलाई प्रहरीले नजिकको जिल्ला अदालतमा पेश गरी अदालतबाट भएको आदेश बमोजिम गर्नुपर्नेछ ।

**७. बयान प्रमाणित गराउने**

(१) दफा ६ बमोजिम उजूर गर्ने व्यक्ति पीडित भएमा निजको तत्काल बयान गराई सो बयान प्रमाणित गराउनका लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा लैजानु पर्नेछ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम पीडित व्यक्तिको बयान प्रमाणित गराउन ल्याएमा जिल्ला न्यायाधीशले त्यस्तो बयान पढी बाँची सुनाई निजले भने बमोजिम लेखी सोही उल्लेख गरी प्रमाणित गरिदिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पीडित व्यक्तिको बयान प्रमाणित गरिएकोमा पीडित व्यक्ति पछि अदालतमा उपस्थित नभएपनि प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिनुपर्नेछ ।

**८. बिना वारेण्ट फक्राउ गर्ने तथा खानतलासी लिन सकिने**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत कसुर मानिने कुनै काम कारवाही कुनै घ, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारवाही नगरेमा कसुरदार भाग्ने उम्कने वा त्यस्तो कसुरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुने सम्भावना भएमा कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले

पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ -

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा बाधा विरोध भएमा आवश्यकता अनुसार झ्याल, ढोका खोली, फोरी आवश्यक कारवाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाइ बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएको दशी प्रमाण बरामद गर्न वा कब्जामा लिन ।

(२) प्रहरी कर्मचारीले उपदफा (१) बमोजिमको कार्य गर्दा सम्भव भएसम्म स्थानीय निकायका पदाधिकारी तथा त्यस समयमा उपस्थित व्यक्तिहरू साक्षी राखी सोको विवरण तयार पारी सोको एकप्रति सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम पक्राउ गरिएको व्यक्तिलाई पक्राउ परेको मितिले चौबीस घण्टाभित्र पक्राउ परेको कारण सहितको पूर्जी दिई सोको लिखित जानकारी जिल्ला सरकारी वकिल कार्यालयमा दिनुपर्नेछ ।

**९. थुनामा राखी कारवाही गरिने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत परेको मुद्दामा अभियुक्तलाई थुनामा राखी कारवाही गर्ने पर्याप्त आधार भएमा अदालतले पुर्पक्षका लागि थुनामा राखी कारवाही गर्न सक्नेछ ।

**१०. प्रमाण पुऱ्याउने भार**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम कसुर गरेको भनी अभियोग लागेमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।

(२) दफा ७ को उपदफा (२) बमोजिम अदालतद्वारा प्रमाणित बयानमा उल्लिखित कुरा झुठा हो भन्ने प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।

## परिच्छेद - ४

## दण्ड सजाय

**११. दण्ड सजाय**

देहायको कसुर गर्ने व्यक्तिलाई पीडित व्यक्तिको शारीरिक वा मानसिक अवस्था र कसुर गर्दाको परिस्थिति हेर्दा देहाय बमोजिम सजाय हुनेछ :

(क) दफा ४ को उपदफा २ को खण्ड (क) बमोजिमको कसुर गर्नेलाई नेपाल सरहदभित्र भए १० देखि १५ वर्षसम्म कैद र ५० हजार देखि १ लाख रूपैयाँसम्म जरिवाना र नेपाल सरहद बाहिर भए १५ वर्षदेखि २० वर्षसम्म कैद र १ लाखदेखि २ लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

(ख) दफा ४ को उपदफा २ को खण्ड (ख) बमोजिमको कसुर स्वेच्छाले गरेको भए १ महिनादेखि ३ महिनासम्म कैद र अरुलाई कसुर गर्न लगाउने व्यक्तिलाई ५ वर्षदेखि १० वर्षसम्म कैद र १ लाख देखि २ लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

(ग) दफा ४ को उपदफा २ को खण्ड (ग) बमोजिमको कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र १ लाख

रूपैयाँसम्म जरिवाना हुनेछ।

(घ) दफा ४ को उपदफा २ को खण्ड (घ) बमोजिमको कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ५० हजार रूपैयाँसम्म जरिवाना हुनेछ।

(ङ) दफा ४ को उपदफा २ को खण्ड (ङ) बमोजिमको कसुर गर्ने व्यक्तिलाई १ महिनादेखि ३ महिनासम्म कैद र ५० हजार रूपैयाँसम्म जरिवाना हुनेछ।

(च) दफा ४ को उपदफा २ को खण्ड (च) बमोजिमको कसुर गर्ने व्यक्तिलाई सोही कसुर गरेवापत हुने सजायको आधा सजाय हुनेछ।

(छ) दफा ५ बमोजिमको कसुर गर्ने व्यक्तिलाई ३ वर्षदेखि ५ वर्षसम्म कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना हुनेछ।

१२. **थप सजाय**

(१) कसैले आफ्नो संरक्षणमा रहेका महिला, बालक वा मुलुकी ऐन हाडनाता करणीको महल बमोजिम सजाय हुने नाताकी महिलालाई यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई यस ऐनमा लेखिएको सजायमा १० प्रतिशत थप सजाय हुनेछ।

(२) यस ऐन अन्तर्गतको कसुरमा एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा निजलाई प्रत्येक पटक ५० प्रतिशतका दरले थप सजाय हुनेछ।

(३) कुनै सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य गरेमा यस ऐन बमोजिम हुने सजायमा १० प्रतिशत थप सजाय हुनेछ।

## परिच्छेद - ५
## विविध

१३. **सम्पत्ति जफत हुने**

(१) यस ऐन अन्तर्गतको कसुर गरी आर्जन गरेको सबै चल अचल सम्पत्ति जफत हुनेछ।

(२) यस ऐन अन्तर्गत कसुर मानिने कार्य गर्न प्रयोग गरेको घर, जग्गा, स्थान वा सवारी साधन धनी स्वयम्ले गरेको प्रमाणित भएमा त्यसरी कसुर गर्न प्रयोग भएको घर, जग्गा, वा सवारी साधन जफत हुनेछ।

१४. **अनुमानित कसुर**

अन्यथा प्रमाणित भएकोमा बाहेक कसैले देहायको कुनै कार्य गरेमा जिउ मास्नेबेच्ने कार्य गरेको अनुमान गरिनेछ -

(क) कसैलाई ललाई फकाई वा झुक्यानमा पारी वा डर, धाक, धम्की देखाई वा कुनै आर्थिक प्रलोभन दिई वा नदिई वेश्यालयमा राख्न वा वेश्यावृत्ति गराउन लागेको पाइएमा,

(ख) कसैलाई ललाई, फकाई वा झुक्यानमा पारी वा डर, त्रास, धम्की देहाई वा कुनै प्रलोभनमा पारी नेपाल अधिराज्य बाहिर लैजान लागेको पाइएमा,

(ग) बालक उपर जुनसुकै किसिमबाट यौनजन्य कार्य गर्न लागेको पाइएमा,

(घ) यस ऐन अन्तर्गत सजाय हुने कसुरमा सहयोग पुग्ने गरी कुनै सरकारी, गैरसरकारी वा स्थानीय निकायका पदाधिकारीले झुठा कागजात वा विवरण तयार गरेमा वा दिएमा।

**१५. पुरस्कार**

कसैले यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य गरेको छ वा गर्न लागेको छ भन्ने कुराको सूचना दिने सुराकीलाई यस ऐन अन्तर्गत दायर गरिएको मुद्दाको अन्तिम किनारा भई कसुरदारलाई जरिवाना गरिएकोमा त्यस्तो जरिवाना रकमको दश प्रतिशत रकम पुरस्कार स्वरूप दिइनेछ । एकभन्दा बढी व्यक्तिहरूको सुराकबाट मुद्दा दायर भएकोमा पुरस्कारको रकम सुराकीहरूलाई दामासाहीको हिसाबले दिइनेछ ।

**१६. क्षतिपूर्ति दिइने**

(१) यस ऐन बमोजिम कसुरदारबाट जरिवाना वापत प्राप्त हुने रकमको आधा रकम क्षतिपूर्ति वापत पीडितले पाउनेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिका रकम पीडितले पाउनुभन्दा अगावै निजको मृत्यु भएमा निजका अठार वर्षमुनिका छोराछोरी भएमा त्यस्ता छोराछोरीलाई सो रकम दिइनेछ ।

**१७. सुराकी र त्यसको विवरण गोप्य राखिने**

(१) यस ऐन बमोजिम कसुर मानिने कुनै कार्य गरेको छ वा गर्न लागेको छ भन्ने कुराको सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त भएको सूचनाको विवरण गोप्य राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सुराक दिने व्यक्ति यस ऐन बमोजिम सजाय हुने कसुरमा अभियुक्त रहेछ भने त्यस्तो अभियुक्तलाई हुने सजायमा पाँच प्रतिशतसम्म सजाय छुट हुन सक्नेछ ।

**१८. सहयोग गर्नुपर्ने**

कसैले यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा सो विषयमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा लिखित वा मौखिक जानकारी गराउने तथा अनुसन्धान तथा तहकिकात गर्न आवश्यक सहयोग पुऱ्याउनु सर्वसाधारण सबैको कर्तव्य हुनेछ ।

**१९. नैतिक पतन हुने अपराध मानिने**

कसैले दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिम कसुर मानिने कुनै कार्य गरी अदालतबाट दोषी प्रमाणित भएमा निजले नैतिक पतन देखिने अपराध गरेको मानिनेछ ।

**२०. जिउ मास्नेबेच्ने कार्य नियन्त्रण समिति**

जिउ मास्नेबेच्ने कार्य नियन्त्रण गर्न र सो कार्यबाट पीडित व्यक्तिको पुर्नस्थापना गर्ने सम्बन्धी कार्य गर्न तथा सो कार्य गर्ने विभिन्न निकायहरू बीच समन्वय समेत गर्नको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकताअनुसार प्रहरी तथा जिउ मास्नेबेच्ने कार्य नियन्त्रण समिति गठन गर्नेछ ।

**२१. पुनर्स्थापना केन्द्र**

(१) कसैद्वारा बेचिएकी वा वेश्यालयबाट फर्किएकी वा वेश्यालयबाट उद्धार गरिएकी बेवारिसे महिलाको सामाजिक पुनर्स्थापनाको लागि श्री ५ को सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित पुनर्स्थापना केन्द्रको व्यवस्थापन, संचालन तथा पुर्नस्थापना केन्द्रबाट सम्पादन गर्नुपर्ने अन्य कार्यहरू तोकिएबमोजिम हुनेछ ।

२२. **पुनर्स्थापना कोष**

(१) पुनर्स्थापना केन्द्रको व्यवस्थापन तथा स.चालनको लागि श्री ५ को सरकारले एक पुनर्स्थापना कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ -

(क) दफा ५ को उपदफा (३) बमोजिम प्राप्त हुने रकम,

(ख) यस ऐन बमोजिम कसुरदारबाट जरिवाना वापत प्राप्त हुन आएको रकममध्ये पुरस्कार तथा क्षतिपूर्तिको रकम कटाई बाँकी हुन आएको रकम,

(ग) श्री ५ को सरकारबाट प्राप्त रकम,

(घ) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम पाप्त गर्नु अघि श्री ५ को सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(४) पुनर्स्थापना कोषको व्यवस्थापन, संचालन र उपयोग तोकिएबमोजिम हुनेछ ।

२३. **बाधा विरोध गर्नेलाई सजाय**

यस ऐन अन्तर्गत अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारवाही गर्दा कसैले बाधा विरोध गरेमा निजलाई दशहजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

२४. **प्रचार प्रसार गर्न नहुने**

यस ऐन अन्तर्गत कसुर मानिने कार्य गरी कसैलाइ मर्का पर्न गएको रहेछ भने त्यस्तो मर्का पर्ने व्यक्तिको स्वीकृति नलिई निजको चरित्रमा प्रतिकूल हुने गरी कुनै पनि पत्रपत्रिका वा अन्य संचार माध्यमद्वारा लेख्न वा प्रसारण गर्न हुँदैन ।

२५. **बात नलाग्ने**

कुनै महिला वा बालकलाई अपहरण गरी वा ललाई फकाई वा डर, त्रास वा प्रलोभनमा पारी वा अन्य कुनै पनि किसिमबाट जिउ मास्नेबेच्ने कार्य गर्ने उद्देश्यले लैजाँदा आफूलाई सो प्रयोजनको लागि लगिएको भन्ने कुराको विश्वास गर्नुपर्ने मनासिव कारण भई सोही बखत केही नगरे आफू त्यस्तो कार्यबाट पीडित हुन बाध्यात्मक स्थिति सृजना हुनसक्ने देखिएमा सोही बखत निजले हार गुहार वा मद्दत माग्दा वा भागी उम्कन खोज्दा कसैबाट कुनै मद्दत नपाई भाग्नका लागि वा सो कार्यबाट बच्न तत्काल कुनै कार्य गर्दा त्यस्तो व्यक्तिको मृत्यु भएमा वा अंगभंग भएमा वा चोटपटक लागेको ठहरे त्यसरी भाग्न उम्कन खोज्ने महिला वा बालकलाई बात लाग्दैन ।

२६. **बन्द इजलासमा कारवाही हुनसक्ने**

(१) यस ऐन बमोजिमको मुद्दामा बन्द इजलासमा कारवाही र किनारा गर्न पीडित पक्षले अनुरोध गरेमा बन्द इजलासमा कारवाही गर्न सकिनेछ ।

(२) बन्द इजलासमा मुद्दाका पक्ष, विपक्ष? निजका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र प्रवेश गर्न सक्नेछन् ।

(३) बन्द इजलास सम्बन्धी अन्य कुराहरू अदालतले तोकिदिए बमोजिम हुनेछ ।

२७. **श्री ५ को सरकारवादी हुने**

यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

२८. **नियम बनाउने अधिकार**

यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

२९. **खारेजी र बचाउ**

(१) जिउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३, मुलुकी ऐन जिउ मास्नेबेच्नेको महल र आशय करणीको महलको ५ नं. खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमका ऐन अन्तर्गत भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेका मानिनेछन्।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिएको जतिमा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

## परिशिष्ट ४

# नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू

| सि.नं. | दस्तावेजहरुको नाम | पारित भएको मिति | नेपालले अनुमोदन/ सम्मिलन गरेको मिति |
|---|---|---|---|
| १ | दासत्व महासन्धि | २५ सेप्टेम्बर १९२६ | ७ जनवरी १९६३ |
| २. | २६ सेप्टेम्बर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल पुरक महासन्धि | २३ सेप्टेम्बर १९५३ | ७ जनवरी १९६३ |
| ३. | दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरुको उन्मुलन सम्बन्धी पुरक महासन्धि | ७ सेप्टेम्बर १९५३ | ७ जनवरी १९६३ |
| ४. | नारीको राजनीतिक अधिकार सम्बन्धी महासन्धि | २० डिसेम्बर १९५२ | २० अप्रिल १९६६ |
| ५. | जाति हत्या अपराधको रोकथाम र सजाय गर्ने सम्बन्धी महासन्धि | ९ डिसेम्बर १९५८ | १७ जनवरी १९६९ |
| ६. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | २१ डिसेम्बर १९६५ | ३० जनवरी १९७१ |
| ७. | रंगभेद अपराधको दमन र दण्ड सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | ३० नोभेम्बर १९७३ | १२ जुलाई १९७७ |
| ८. | खेलकुदमा रंगभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धी | १० डिसेम्बर १९८५ | १ मार्च १९८९ |
| ९. | बाल अधिकार सम्बन्धी महासन्धि | २० नोभेम्बर १९८९ | १४ सेप्टेम्बर १९९० |
| १०. | महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धि महासन्धि | १८ डिसेम्बर १९७९ | २२ अप्रिल १९९१ |
| ११. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | १६ डिसेम्बर १९६६ | १४ मे १९९१ |
| १२. | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर १९६६ | १४ मे १९९१ |
| १३. | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रथम स्वेच्छिक प्रोटोकल | १६ डिसेम्बर १९६६ | १४ मे १९९१ |
| १४. | यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्ध महासन्धि | १० डिसेम्बर १९८४ | १४ मे १९९१ |
| १५. | जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि | २ डिसेम्बर १९४९ | २७ डिसेम्बर १९९५ |
| १६. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो स्वेच्छिक प्रोटोकल | १५ डिसेम्बर १९८९ | ४ जुन १९९८ |

# प्रहरीको आचरण

- **दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि प्रहरी कर्मचारी र निजको परिवारका सदस्य समेतले श्री ५ को सरकारको पूर्व स्वीकृति बिना स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।
- **चन्दा लिन नहुने :** कुनै प्रहरी कर्मचारीले श्री ५ को सरकारको पूर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।
- **स्वीकृति बेगर अचल सम्पत्ति खरीद गर्न नहुने :** श्री ५ को सरकारलाई पूर्व सूचना नदिई कुनै पनि प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने बाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरीद गर्न हुँदैन । राजपत्रांकित प्रहरी अधिकृतले श्री ५ को सरकारबाट स्वीकृति लिएर मात्र अचल सम्पत्ति खरीद गर्न सक्नेछ ।
- **सम्पत्तिको विवरण दिनुपर्ने :**

  (१) हाल बहाल रहेका प्रहरी कर्मचारीले यो नियमावली प्रारम्भ भएको तीन महिनाभित्र र नयाँ भर्ना हुने प्रहरी कर्मचारीले आफू नियुक्ति भएको एक महिनाभित्र श्री ५ को सरकारबाट खटाइएको अधिकृत समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नुपर्छ ।

  (क) आफ्नो अथवा आफ्नो परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

  (ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

  (२) उप-नियम (१) बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

  (३) आफ्नो सम्पत्ति थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिनाभित्र दिनु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।
- **व्यापार र व्यवसाय गर्न नहुने :** कुनै प्रहरी कर्मचारीले श्री ५ को सरकारको पूर्व स्वीकृतिबेगर देहायका काम गर्नु हुँदैन ।

  (क) कुनै व्यापार गर्न,

  (ख) कुनै फर्मको हिस्सेदार हुन,

  (ग) कुनै आंशिक समयको नोकरी स्वीकार गर्न र

  (घ) कुनै व्यवसाय चलाउन ।
- **सरकारी काममा थाहा पाएका कुराहरू प्रकाशन गर्न नहुने :** प्रहरी कर्मचारीले श्री ५ को सरकारद्वारा अथवा विशेष रूपबाट अख्तियार नपाई आफूले सरकारी कर्तव्यको पालना गर्दा सरकारी अथवा

गैरसरकारी साधनहरूबाट प्राप्त गरेको वा आफूले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरु अनधिकृत प्रहरी कर्मचारीहरूलाई वा गैर सरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनुहुँदैन ।

- **रेडिया वा पत्रिकासाग सम्पर्क राख्न नहुने** : प्रहरी कर्मचारीले श्री ५ को सरकारको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित वा खण्डन गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन ।

  तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृत लिइरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमार्फत् जाहेर गर्नुपर्छ ।

- **श्री ५ को सरकारको आलोचना** : प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा श्री ५ को सरकरको नीतिको विरूद्ध असर पर्ने गरी अथवा श्री ५ को सरकार र नेपालका जनताको पारस्परिक सम्बन्धमा अथवा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक र काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियोद्वारा भाषण प्रकाशित गर्न, सार्वजनिक भाषण दिन वा प्रकाशित गर्न हुँदैन ।

- **निर्वाचनमा भाग लिन नहुने** : प्रहरी कर्मचारीले कुनै राजनीतिक दलको लागि निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन ।

  तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्तो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

- **राजनीतिमा भाग लिन नहुने** : प्रहरी कर्मारीले कुनै राजनीतिक संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन ।

- **प्रहरी कर्मचारीले गरेको काम कारवाहीको सफाई** : कुनै प्रहरी कर्मचारीले श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई कुनै व्यक्तिद्वारा निजको कर्तव्य पालनाका सम्बन्धमा लेखाइएका झुठा आरोपको निमित्त प्रेस अथवा अदालतको सहारा लिन हुँदैन ।

  तर यस नियमले प्रहरी कर्मचारीको आफ्नो व्यक्तिगत काम अथवा चरित्रको सम्बन्धमा सफाई दिन पाउने अधिकारमा कुनै बाधा पर्ने छैन ।

- **समय पालन र नियमितता** : प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रूपले आफ्नो पालोमा हाजिर हुनुपर्छ र साधारणतया पहिले बिदाको निकासा नलिई कामबाट अनुपस्थित हुनु हुँदैन ।

- **अनुशासन र आज्ञापालन** :

  (१) प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्छ ।

  (२) प्रहरी कर्मचारीले आफ्नो सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकताका साथ पालना गर्नुपर्छ ।

  (३) प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनु पर्नेछ ।

- **प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने** : प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न

गर्न हुँदैन ।

- **नियुक्तिको प्रमाणपत्र बुझाउने** : प्रहरी कर्मचारीले आफ्नो बहाल टुटेपछि आपूक बहाल हुँदा पाएको नियुक्तिको प्रमाणपत्र अख्तियारवालालाई बुझाउनु पर्नेछ ।
- **बहुविवाह, बालविवाह, अनमेल विवाहमा प्रतिबन्ध** :

(१) देहायको अवस्थामा बाहेक कुनै पनि पुरुष प्रहरी कर्मचारीले आफ्नो स्वास्नी जीवित छँदै वा कानुन बमोजिम लोग्नेस्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्को स्वास्नीमानिससँग विवाह गर्न वा अर्को स्वास्नी राख्न हुँदैन ।

(क) स्वास्न महारोगी भएमा,

(ख) स्वास्नीलाई यौनसम्बन्धी कुनै सरुवा रोग भई निको नहुने भएमा,

(ग) स्वास्नी निको नहुने गरी बहुलाएमा,

(घ) विवाह भएको १० वर्षभित्र सन्तान नभएमा वा नरहेमा,

(ङ) स्वास्नी हिंडडुल गर्न नसक्ने गरी कुँजी भएमा,

(च) स्वास्नी दुबै आँखा नदेख्ने अन्धी भएमा ।

(२) प्रहरी कर्मचारीले मुलुकी ऐन विहाबारीको महलको विपरित हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

(३) प्रहरी कर्मचारीले स्वास्नी मानिस र लोग्ने मानिसको उमेर २० वर्षभन्दा फरक पर्ने गरी विवाह गर्न गराउन हुँदैन ।

*(प्रहरी नियमावली २०४९)*

परिशिष्ट ६

# Code of Conduct for Law Enforcement Officials

*Adopted by General Assembly resolution 34/169 of 17 December 1979*

## Article 1

Law enforcement officials shall at all times fulfill the duty imposed upon them by law, by serving the community and by protecting all persons against illegal acts, consistent with the high degree of responsibility required by their profession. Commentary.

(a) The term "law enforcement officials", includes all officers of the law, whether appointed or elected, who exercise police powers, especially the powers of arrest or detention.

(b) In countries where police powers are exercised by military authorities, whether uniformed or not, or by State security force, the definition of law enforcement officials shall be regarded as including officers of such services.

(c) Service to the community is intended to include particularly the rendition of services of assistance to those members of the community who by reason of personal, economic, social or other emergencies are in need of immediate aid.

## Article 2

In the performance of their duty, law enforcement officials shall respect and protect human dignity and maintain and uphold the human rights of all persons.

### Commentary:

(a) The human rights in question are identified and protected by national and international law. Among the relevant international instruments and the Universal Declaration of Human Rights, the International Convenient on Civil and Political Rights, the Declaration on the Protection of All Persons from Being Subjected to Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, the United Nations Declaration on the Elimination of All Forms of Racial Discrimination, the International Convention on the Elimination of All forms of Racial Discrimination, the International Convention on the Suppression and Punishment of the Crime of Apartheid, the Convention on the Prevention and Punishment of the Crime of Genocide, the Standard Minimum Rules for the Treatment of Prisoners and the Vienna Convention on Consular Relations.

(b) National commentaries to this provision should indicate regional or national provisions identifying and protection these rights.

## Article 3

Law enforcement officials may use force only when strictly necessary and to the extent required for the performance of their duty.

### Commentary:

(a) This provision emphasizes that the use of force by law enforcement officials should be exceptional; while it implies that law enforcement officials may be authorized to

use force as is reasonably necessary under the circumstances for the prevention of crime or in effecting or assisting in the lawful arrest of offenders or suspected offenders, no force going beyond that may be used.

(b) National law ordinarily restricts the use of force by law enforcement officials in accordance with a principle of proportionality. It is to be understood that such national principles of proportionality are to be respected in the interpretation of this provision. In no case should this provision be interpreted to authorize the use of force which is disproportionate to the legitimate objective to be achieved.

(c) The use of firearms is considered an extreme measure. Every effort should be made to exclude the use of firearms, especially against children. In general, firearms should not be used except when a suspected offender offers armed resistance or otherwise jeopardizes the lives of other and less extreme measures are not sufficient to restrain or apprehend the suspected offender. In every instance in which a firearm is discharged, a report should be made promptly to the competent authorities.

## Article 4

Matters of a confidential nature in the possession of law enforcement officials shall be kept confidential, unless the performance of duty or the needs of justice strictly require otherwise.

## Commentary:

By the nature of their duties, law enforcement officials obtain information which may relate to private lives or be potentially harmful to the interests, and especially the propagation, of others. Great care should be exercised in safeguarding and using such information, which should be disclosed only in the performance of duty or to serve the needs of justice. Any disclosure of such information for the purposes in wholly improper.

## Article 5

No law enforcement official may inflict, instigate or tolerate any act of torture or other cruel, inhuman or degrading treatment or punishment, nor may any law enforcement official invoke superior orders or exceptional circumstances such as a state of war or a threat of war, a threat to national security, internal political instability or any other public emergency as a justification of torture or other cruel, inhuman or degrading treatment or punishment.

## Commentary:

(a)This prohibition derives from the Declaration on the Protection of All Persons from Being Subjected to Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, adopted by the General Assembly, according to which: "[Such an act is] an offence to human dignity and shall be condemned as a denial of the purposes of the Charter of the United Nations and as a violation of the human rights and fundamental freedoms proclaimed in the Universal Declaration of Human Rights [and other international human rights instruments]."

(b) The Declaration defines torture as follows:

"... torture means any act by which severe pain or suffering, whether physical or mental,

is intentionally inflicted by or at the instigation of a public official on a person for such purposed as obtaining from him or a third person information or confession, punishing him for an act he has committed or is suspected of having committed, or intimidating him or other persons. It does not include pain or suffering arising only from, inherent in or incidental to, lawful sanctions to the extent consistent with the Standard Minimum Rules for the Treatment of Prisoners."

(c) The term "cruel, inhuman or degrading treatment or punishment" has not been defined by the General Assembly but should be interpreted so as to extend the widest possible protection against abuses, whether physical or mental.

## Article 6

Law enforcement officials shall ensure the full protection of the health of persons in their custody and, in particular, shall take immediate action to secure medical attention whenever required.

### Commentary:

(a) "Medical attention", which refers to services rendered by any medical personnel, including certified medical practitioners and paramedics, shall be secured when need or requested.

(b) While the medical personal are likely to be attached to the law enforcement operation, law enforcement officials must take into account the judgement of such personnel when they recommend providing the person in custody with appropriate treatment through, or in consultation with, medical personnel form outside the law enforcement operation.

(c) It is understood that law enforcement officials shall also secure medical attention for victims of violations of law or of accidents occurring in the course of violations of law.

## Article 7

Law enforcement officials shall not commit any act of corruption. They shall also rigorously oppose and combat all such acts.

### Commentary:

(a) Any act of coorruption, in the same way as any other abuse of authority, in incompatible with the profession of law enforcement officials. The law must be enforced fully with respect to any law enforcement official who commits an act of corruption, as Governments cannot expect to enforce the law among their citizens if they cannot, or will not, enforce the law against their own agents and within agencies.

(b) While the definition of corruption must be subject to national law, it should be understood to encompass the commission or omission of an act in the performance of or in connection with one's duties, in response to gifts, promises or incentives demanded or accepted, or the wrongful receipt of these once the act has been committed or omitted.

(c) The expression "act of corruption" referred to above should be understood to

encompass attempted corruption.

### Article 8

Law enforcement officials shall respect the law and the present Code. They shall also, to the best of their capability, prevent and rigorously oppose any violations of them.

Law enforcement officials who have reason to believe that a violation of the present Code has occurred or is about to occur shall report the matter to their superior authorities and, where necessary, to other appropriate authorities or organs vested with reviewing or remedial power.

### Commentary:

(a) This Code shall be observed whenever it has been incorporated into national legislation or practice. If legislation or practice contains stricter provisions than those of the present Code, those stricter provisions shall be observed.

(b) The article seeks to preserve the balance between the need for internal discipline of the agency on which public safety in largely dependent, on the one hand, and the need for dealing with violations of basic human rights, on the other. Law enforcement officials shall report violations within the chain of command and take other lawful action outside the chin of command only when no other remedies are available or effective. It is understood that law enforcement officials shall not suffer administrative or other penalties because they have reported that a violation of this Code has occurred or is about to occur.

(c) The term "appropriate authorities or organs vested with reviewing or remedial power" refers to any authority or organ existing under national law, whether internal to the law enforcement agency or independent thereof, with statutory, customary or other power to review grievances and complaints arising out of violations within the purview of this Code.

(d) In some countries, the mass media may be regarded as performing complaint review functions similar to those described in subparagraph © above. Law enforcement officials may, therefore, be justified if, as a last resort and in accordance with the laws and customs of their own countries and with the provisions of article 4 of the present Code, they bring violations to the attention of public opinion through the mass media.

(e) Law enforcement officials who comply with the provisions of this Code deserve the respect, the full support and the co-operation of the community and of the law enforcement agency in which they serve, as well as the law enforcement profession.

**परिशिष्ट ७**

# अनुगमन अधिकृतको काम, कर्तव्य तथा जिम्मेवारी

*(प्रहरी प्र.का अ.अ.वि. बाट तयार गरी परिपत्रको रूपमा लागू)*

प्रत्येक मुद्दाको अनुसन्धान अधिकारी भन्दा एक तहमाथिका पदाधिकारीलाई सम्बन्धित कार्यालय प्रमुख वा सो भन्दा माथिका निकायबाट अनुगमन अधिकृत तोक्नेछ ।

१) आफ्नो जिम्मामा परेका मुद्दाहरूको अनुसन्धान, तहकिकातको स्थिति, कानुनी प्रक्रिया आदि मुद्दागत अनुगमन गरी अनुसन्धान अधिकारीलाई राय तथा निर्देशन दिने ।

२) अनुगमन अधिकारीलाई आ-आफ्नो मातहतका अनुसन्धान अधिकारी, अन्य अनुसन्धान प्रहरी कर्मचारीको रेखदेख तथा नियन्त्रण गर्नुपर्दछ ।

३) आफ्नो जिम्मामा रहेका अनुगमन गरिनु पर्ने मुद्दाको अनुसन्धान तथा अनुगमनस्थिति अपराधको प्रकृति भौतिक सबुदहरूको संकलनस्थिति, तहकिकात सम्बन्धी कानुनी प्रक्रियाबारे मुद्दागत अनुगमन गरी अनुसन्धान अधिकारीलाई निर्देशन दिने ।

४) फौजदारी न्याय प्रणालीसँग सम्बद्ध राष्ट्रिय निकायहरू (अदालत, प्रशासन, वकिल, कारागार, वैज्ञानिक प्रयोगशाला, अस्पताल तथा आवश्यक पर्ने सरकारी तथा गैरसरकारी निकायहरूसँग सम्पर्क र समन्वय राख्ने ।

५) फौजदारी न्याय व्यवस्थासँग सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४, फौजदारी न्याय सम्बन्धी हक, यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३, स.मु.स. ऐन २०४९, ऐ. नियमावली २०५५, मानव अधिकार आयोग ऐन २०५३, मुलुकी ऐनमा भएको व्यवस्था तथा अदालतबाट प्रतिपादित नजिरहरू र नेपाल राज्य पक्ष भई हस्ताक्षरित अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा संयुक्त राष्ट्रसंघको घोषणा पत्रहरूको भावना अनुरूप पालना गर्ने गराउने तर्फ क्रियाशील रहने ।

६) मुद्दाको अनुसन्धान सिलसिलामा तत्सम्बन्धी भौतिक सबुद के कति हुनसक्यो, सोको परीक्षण प्रतिवेदन प्राप्त भई समावेश हुन सकेको छ छैन संलग्न हुन नसक्नु र प्रतिवेदन ढिलाई हुनाको कारण समेत अनुगमन गरी तत्काल कार्यान्वयनको लागि निर्देशन दिने ।

७) अनुसन्धान कार्य पूरा भई सरकारी वकिलमार्फत अदालतमा पेस भएका मुद्दाहरूको प्रहरीद्वारा मागदाबी गरिएकोमा सरकारी वकिलबाट कुन-कुन मुद्दामा के कस्तो र के कारणबाट फरक हुन गयो सो को मुद्दागत अभिलेख राख्न लगाउने, सो विषयमा तहगत सम्पर्क र समन्वय राखी कमी कमजोरीहरूको त्रुटि औंल्याई तालुक कार्यालयमा जानकारी गराउने ।

८) मुद्दाको अनुसन्धान तथा अनुगमनबाट देखिएका त्रुटि, कमी कमजोरी सुधार गर्नुपर्ने, तद्सम्बन्धी अपराध नियन्त्रण तथा व्यवस्थापनका लागि अपनाउनु पर्ने नीतिहरू तयार गर्ने, गर्न लगाउने र सो को प्रगति नियमित रूपमा तालुक कार्यालयमा जाहेर गर्ने ।

९) प्रहरीद्वारा अनुसन्धान तहकिकात परा भई सरकारी वकिल कार्यालयमार्फत अदालतमा दायर भएका मुद्दाहरूको स्थितिबारे सम्पूर्ण जानकारी लिई सो को रेकर्ड राख्ने र तालुक कार्यालयमा समेत जानकारी गराउने ।

परिशिष्ट ८

# सुपरिवेक्षण अधिकृतको काम, कर्तव्य तथा जिम्मेवारी

*(प्रहरी प्र.का अ.अ.वि. बाट तयार गरी परिपत्रको रूपमा लागू)*

१) सुपरिवेक्षण अधिकारीले आ-आफ्नो मातहतका अनुगमन, अनुसन्धान अधिकारी, अन्य अनुसन्धान प्रहरी कर्मचारीको रेखदेख सुपरिवेक्षण तथा नियन्त्रण गर्नुपर्दछ ।

२) आफ्नो जिम्मामा रहेका सुपरिवेक्षण गरिनु पर्ने मुद्दाको अनुसन्धान तथा अनुगमनस्थिति, अपराधको प्रकृति भौतिक सबुदहरूको संकलनस्थिति तहकिकात सम्बन्धी कानुनी प्रक्रियाबारे मुद्दागत सुपरिवेक्षण गरी अनुगमन तथा अनुसन्धान अधिकारीलाई निर्देशन दिने ।

३) फौजदारी न्याय प्रणालीसँग सम्बद्ध निकायहरू (अदालत, प्रशासन, वकिल, कारागार, वैज्ञानिक प्रयोगशाला, अस्पताल तथा आवश्यक पर्ने सरकारी तथा गैरसरकारी निकायहरू) सँग सम्पर्क र समन्वय राख्ने ।

४) फौजदारी न्याय व्यवस्थासँग सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४, फौजदारी न्याय सम्बन्धी हक, यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३, स.मु.स. ऐन २०४९, ऐ. नियमावली २०५५, मानव अधिकार आयोग ऐन २०५३, मुलुकी ऐनमा भएको व्यवस्था तथा अदालतबाट प्रतिपादित नजिरहरू र नेपाल राज्य पक्ष भई हस्ताक्षरित अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा संयुक्त राष्ट्र संघको घोषणपत्रहरूको भावना अनुरूप पालना गर्ने गराउनेतर्फ क्रियाशील रहने ।

५) मुद्दाको अनुसन्धान सिलसिलामा तत्सम्बन्धी भौतिक सबुद के कति हुन सक्यो, सोको परीक्षण प्रतिवेदन प्राप्त भई समावेश हुन सकेको छ छैन संलग्न हुन नसक्नु र प्रतिवेदन ढिलाई हुनाको कारण समेत अनुगमन तथा सुपरिवेक्षण गरी तत्काल कार्यान्वयनको लागि निर्देशन दिने ।

६) अनुसन्धान कार्य पूरा भई सरकारी वकिलमार्फत अदालतमा पेस भएका मुद्दाहरूको प्रहरीद्वारा मागदाबी गरिएकोमा - सरकारी वकिलबाट कुन-कुन मुद्दामा के कस्तो र के कारणबाट फरक हुन गयो सो को मुद्दागत अभिलेख राख्न लगाउने सो विषयमा तहगत सम्पर्क र समन्वय राखी कमी कमजोरीहरूको त्रुटि औंल्याई तालुक कार्यालयमा जानकारी गराउने ।

७) मुद्दाको अनुसन्धान तथा व्यवस्थापनको लागि अपनाउनु पर्ने नीतिहरू तयार गर्ने, गर्न लगाउने र सो को प्रगति नियमित रूपमा तालुक कार्यालयमा जाहेर गर्ने ।

८) सुपरिवेक्षक सरुवा बढुवा वा अन्य कारणबाट अन्यत्र पदस्थापना हुने वा तालिम वा लामो बिदा रहनु परेका बखत आ-आफ्नो स्थानमा आउने अधिकारीलाई मुद्दाको स्थिति, अनुसन्धानको तथा अनुगमनको स्थितिबारे जानकारी गराई जिम्मेवारी हस्तान्तरण गर्ने ।

## अनुसूची १

(स.मु.स. नियमावली २०५५ को नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

### जाहेरी दरखास्तको ढाँचा

श्री ...................................... मा चढाएको
(प्रहरी कार्यालयको नाम र थर)

प्रहरी कार्यालयले भर्ने
दर्ता :-
दर्ता मिति :-

**दरखास्त**

१. दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर, ठेगाना :-

२. कुन मुद्दा सम्बन्धी अपराधबारे दरखास्त वा सूचना गरेको हो :-

३. अपराध गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया :-

४. अपराध भएको वा भइरहेको वा हुने सम्बन्धित ठाउँ, मिति र समय :-

५. दरखास्त वा सूचनाको ब्यहोरा :-

६. अपराधसँग सम्बन्धित कुनै सबुद प्रमाण भए सो कुरा :-

७. अपराधसँग सम्बन्धित अन्य विवरण :-

८. यो दरखास्तको ब्यहोरा ठीक साँचो छ, झुट्टा ब्यहोरा लेखेको ठहरे कानुनबमोजिम सहुँला, बुझाउँला ।

दरखास्त वा सूचना दिनेको
सही :-
मिति :-

# अनुसूची २

(स.मु.स. नियमावली २०५५ को नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

## दरखास्त वा सूचनाको भरपाई

विषय :- ........................................................... मुद्दा सम्बन्धी अपराधबारे ।

....................................................... को मिति .................................. को दरखास्त वा सूचना प्राप्त भई यस प्रहरी कार्यालयको दर्ता किताबमा मिति ........................ मा दर्ता भयो ।

कार्यालयको छाप :-

दर्ता नं.

दरखास्त/सूचना दर्ता गर्ने प्रहरी कर्मचारीको :

सही :-

नाम :-

पद :-

कार्यालय :-

मिति :-

## अनुसूची ३

(स.मु.स. नियमावली २०५५ को नियम ३ को उपनियम (५) सँग सम्बन्धित)

श्री ५ को सरकार

गृह मन्त्रालय

जिल्ला प्रहरी कार्यालय ....................

### अपराध दर्ता किताबको ढाँचा

| मु.द.नं. | घटनाको मिति समय र स्थान | जाहेर दर्ता मिति र समय | घटनास्थलमा प्रहरी प्रस्थान गरेको र पुगेको मिति तथा समय | अपराधको किसिम | जाहेरवालाको नाम, थर वतन | क्षतिको विवरण | | | पीडितको नाम, थर वतन उमेर लिंग र पेशा | अभियुक्तको बाबुको नाम, थर | अभियुक्तको नाम, थर, वतन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मृत्यु | घाइते | क्षति | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

| पक्राउ परेको अभियुक्त सम्बन्धी विवरण | अपराधीको छोटकरी विवरण तथा अपराध गर्दाको तरिका | साक्षी, सर्जमिनका व्यक्तिहरू | भौतिक सबुद प्रमाण | अनुसन्धान पश्चात्को कारवाही | | | | अनुसन्धान अधिकृत | अनुसन्धान अधिकृतबाट अपराध नियन्त्रण-बारे सुझाव | हद म्याद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रहरीबाट राय पेस मिति | प्रस्तावित अभियोगको सम्बन्धित कानुन | सरकारी वकिलको कार्यालयबाट लगाइएको अभियोगसँग सम्बन्धित कानुन | अदालत को निर्णय | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची ४

(स.मु.स. नियमावली २०५५ को नियम ४ को उपनियम (६) सँग सम्बन्धित)

### घटना विवरण कागजको ढाँचा

श्री ........................................ प्रहरी कार्यालय ........................................................................ (फलाना ठाउँ) मा अनुसन्धान अधिकृत ...................................................... फलाना समक्ष, फलाना ठाउँ बस्ने, फलाना पेस गर्ने, फलानाको छोरा ............................................................ वर्ष ............. को (फलानाले) गरेको कागज ।

१. **दरखास्त वा सूचनाको छोटकरी विवरण :**

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

२. **घटनासँग सम्बन्धित प्रश्नहरू :**

........................................................................................................................................

........................................................................................................................................

........................................................................................................................................

३. **कागज गर्नेले खुलाई लेखाई दिएका कुराहरू :**

........................................................................................................................................

........................................................................................................................................

४. **रोहबर :** **कागज गर्नेको सही :**

...................................... ..........................................

इति सम्वत् २०...... साल ................. महिना .............. गते रोज .............. शुभम् ।........................

## अनुसूची ५

(स.मु.स. नियमावली २०५५ को नियम ५ सँग सम्बन्धित)

**बरामदी / खानतलासी मुचुल्काको ढाँचा**

श्री ................................................ प्रहरी कार्यालय .................................................. बाट .......................................................................... (फलाना ठाउँ) मा खडा गरेको चिजवस्तु वा ठाउँको बरामदी / खानतलासी मुचुल्का।

१. **दरखास्त वा सूचनाको छोटकरी विवरण :**

........................................................................................................................
........................................................................................................................
........................................................................................................................

२. **चार किल्ला सहित बरामद। खानतलासी गरिएको चिजवस्तु वा ठाउँको विवरण :**

........................................................................................................................
........................................................................................................................
........................................................................................................................

३. **बरामद भएको सामान (दसी) को विवरण :**

........................................................................................................................
........................................................................................................................

४. **देखेबमोजिम सही छाप गर्ने साक्षीहरूको नाम, थर, उमेर, वतन र सही :**

..................................
..................................

५. **रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सही :**

प्रहरीले मेरो घर। चिजवस्तु खानतलासी लिंदा आफ्नो तलासी लिई इज्जत साथ तलासी लिएको र घरको कुनै सामान हिनामिना भएको छैन भनी सही गर्ने ........................ ठाउँ बस्ने घर वा चिजवस्तुको धनी। जिम्मेवार व्यक्ति ............................ अभियुक्तहरूको नाम, थर उमेर, वतन र सही :

..................................
..................................

६. **काम तामेल गर्ने :**
**अनुसन्धान अधिकृत :-**
**अन्य प्रहरी कर्मचारीहरू :-**
..................................
..................................

७. **मिति :-** ..................................
**समय :-** ..................................

## अनुसूची ६

(स.मु.स. नियमावली २०५५ को नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

**पक्राउ पूर्जीको ढाँचा**

**पक्राउ पूर्जी**

श्री ............................................

ठेगाना ......................................

तपाईलाई ........................................................................................................ अपराध / कसुर को अनुसन्धानको सिलसिलामा पक्राउ गर्नुपर्ने भएकाले यो पूर्जी जारी गरिएको छ। यो पक्राउ पूर्जी लिई आउने प्रहरी कर्मचारी साथ लागी तुरुन्तै .................................................................... कार्यालयमा आउनुहोला। अन्यथा प्रहरीले नछाडी ल्याउने छ।

अनुसन्धान अधिकृतको :

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

मिति :-

## अनुसूची ७

(स.मु.स. नियमावली २०५५ को नियम ९ को उपनियम (३) सँग सम्बन्धित)

**थुनुवा पुर्जीको ढाँचा**

**थुनुवा पुर्जी**

श्री ..........................................

ठेगाना .....................................

........................................................................... जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी तपाई समेत भएको ......................................................... अपराध / कसुरको अनुसन्धान तहकिकातको सिलसिलामा तपाईंलाई प्रहरी हिरासतमा राखी मुद्दाको अनुसन्धान कार्य गर्नु पर्ने भएकोले मुलुकी ऐन अदालत बन्दोबस्तको १२१ नं. अनुसार आजैका मितिदेखि प्रहरी हिरासतमा राखी यो थुनुवा पुर्जी दिइएको छ ।

अनुसन्धान अधिकृतको :

सही :-

नाम :-

दर्जा :-

कार्यालय :-

मिति :-